कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २३ ● अंक ३३ ● FRIDAY, 05 JANUARY 2018 ● काठमाडौं शुक्रबार, पुस २१, ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



## नेपालगन्जमा के गर्दैछन् ? पूर्वराजा

पृष्ठ २४ मा

मध्य पृष्ठमा

## सरस्वती



## फोटो अफ दि विक



■ **बधाई** : फेसबुकमार्फत आफू पाँच महिनाको गर्भवती भएको जानकारी दिँदै अभिनेत्री निशा अधिकारीले सार्वजनिक गरेको तस्बिर ।



■ पूर्वयुवराज्ञी हिमानी राज्यलक्ष्मीदेवी शाह नर्भिक इन्टरनेसनल हस्पिटलमा जडान गरिएको सिटी स्क्यान मेसिनको उद्घाटन कार्यक्रममा । समारोहमा वरिष्ठ कलाकार तथा नर्भिकका सद्भावनादूत हरिवंश आचार्यसमेत उपस्थित थिए ।

महँगो घडी सबैलाई दिऊन् भगवानले तर मुस्किल समय कसैलाई पनि नदिऊन् ।
**जानकी तारमी मगर**





■ **साइकल प्रेम** : एमाले अध्यक्ष केपी ओली साइकल कुदाउने तयारीमा ।

# क्लिक@टोपी दिवस



■ जनवरी १ अर्थात् राष्ट्रिय टोपी दिवसका अवसरमा टोपी लगाएका तस्बिर सार्वजनिक गर्दै सेलिब्रेटीहरू । तस्बिरमा गायक बाबु बोगटी, निर्देशक विकास आचार्य, हास्य अभिनेता दमन रूपाखेती, विमानचालक विजय लामा, नेतृ रामकुमारी झाँक्री, अभिनेत्री नन्दिता केसी, अभिनेत्री रेखा थापा, अभिनेत्री दीपाश्री निरौला, गायक युवराज चौलागाईं, गायिका मुना थापा मगर, अभिनेता प्रशान्त ताम्राकार, मोडल स्मिता थापा, उज्जु डार्लिङ अर्थात् उज्ज्वल भण्डारी, हास्य अभिनेता निर्मल शर्मा, उद्घोषक सुशील नेपाल, गायक रामकृष्ण ढकाल ।

## ट्वीटर

**प्रकृतिकी रानी**@prakritipaudel8
युद्ध होइन, प्रेम गर्नुस्, तर यदि दुवै गर्न इच्छुक हुनुहुन्छ भने बिहे गर्नुस् ।

**आर्यपुत्र**@beingccr
बल्ल-बल्ल फुर्सद पाएर बसियो । बरु बेहुला हुनै जाती र'च, कसैले केई काम अराउन्न रै'चन् । बेहुलाको भाइ जिन्नगीमा नहुनु रै'च ।

**स्माइली**@suzta_rml
गुगल म्यापमा सबैतिर जाने बाटो पत्ता लगाउन सकिन्छ भनेर भाइलाई भनेको त, दिदी मैले बाटो भेटिन भन्दै आयो । कता सर्च गरिस् भनेर सोधेको त अस्ट्रेलिया जाने बाटो पो खोजेछ, नो रुट फाउन्ड देखाइदे'छ ।

**मिस्टर बाघ**@agyat13
गोडा चारेक केटी साथी अस्ट्रेलिया ग'का थिए, किन रै'छ त भनेको त पार्कमा बसेर कट्टु लगा'को फोटो इन्स्टाग्राममा हाल्न पो रै'छ । नेपालमा न्यायाधीशहरू धेरै नभ'को भए जाबो त्यत्तिका लागि लाखौं रुपैयाँ त विदेश जाँदैनथ्यो ।

**डियर छुमी**@chhumee
आफू डेरामा बसे पनि तिम्लाई त दिलमै राख्या छु नि ।

**सुनकेशरिया**@SupriyaNiraula
स्कुल-कलेजमा जस्तै अफिसमा पनि जाडोको बिदा दिने नियम हुनुपर्ने हो खासमा ।

**डेजाभू**@imDejavu259
कपाल काटिसकेपछि नुहाउनुपर्ने चलन कुन राजाका पालादेखि चल्या रै'छ कुन्नि ?

Psycho@Being_Asmita
घर २९-३० वर्षको केटा माग्न आउँदा बूढो रै'छ भन्नेहरू ५२ वर्षको सलमान खानलाई आई लभ यू बेबी रे– लज्जाशरणम् ।

**श्वेता**@swta468
पहिले र अहिले फरक– जमानामा केटाकेटीहरू हातमा कोदाली र टाउकोमा भारी बोक्नुपरेकाले पढ्न पाउँदैन थे । अहिलेका केटाकेटीहरू हातमा मोबाइल र दिमागमा गर्लफ्रेन्ड-ब्वाइफ्रेन्ड बोकेकाले पढ्न पाउँदैनन् ।

**झरी**@jharna_dahal
सर : लु भन सेमेस्टर सिस्टमको फाइदा के हो ? शेरे : फाइदा र नाफा त जान्दिनँ सर तर, सालमा दुई पटकको दमदार बेइज्जति चैं हुन्छ । (सर अझै बेहोस छन् रे ।)

KMG

























KANTIPUR

कान्तिपुर टेलिभिजन
अब हाई-डेफिनिसनमा

DOWNLOAD KANTIPUR TV APP

GET IT ON Google Play | Available on the App Store

/KANTIPURTELEVISIONNETWORK | WWW.KANTIPURTV.COM

यात्रा सन्दर्भ

# अपहरणमा परेका राम



किशोर नेपाल

साहित्यमा बडो उमंगमय थियो त्यो समय । अचम्मका अभिलाषाहरू पलाइरहेका थिए । देशमा विद्रोहका टुसा उम्रिन सुरु भएको थियो । समाजमा विसंगति थिए । मानिसमा मोह पनि थियो र वैराग्य पनि थियो । समयको त्यही खण्डमा देखिएकी थिइन्, कवि तथा कथाकार भुवन कोइराला । उनी गद्य र पद्य दुवै सुललित लेख्थिन् । कोइराला कवि तथा गद्यकारका रूपमा बिस्तारै स्थापित हुँदै थिइन् । समकालीन साहित्यका धुरन्धर व्यक्तित्वहरूमध्ये एक हुन उनलाई समय लागेन । उनी अमलेख वैचारिक समूहमा सक्रिय थिइन । सिउँडी साहित्यिक पत्रिकाको सम्पादक ।

राजनीतिज्ञ दमननाथ ढुंगानासँग २०२८ सालमा विवाह गरेपछि उनले लेखेको एउटा कविताको शिर्षक थियो– 'युद्ध नाच' । यो कवितामा कविको नाम लेखिएको थियो– 'भुवन को. ढुंगाना' । नाम कसो-कसो म्याचिङ थिएन ।

रमाइलो कुरा, विवाह गरेको केही समयसम्म भुवनको कोइराला थर अलमलमा पऱ्यो । भुवनले कोइराला र ढुंगाना दुवै थर छाड्न अलिकति आनाकानी गरिन् । घर र माइती– अहिलेको जस्तो दुवैतिरको थर लेख्ने चलन चलिसकेको थिएन उतिबेला । अन्त्यमा, सम्झौतामा एउटा थर सुझेको थियो : भुवन को. ढुंगाना । पछि ठहर भयो, यो नाममा चाहिने जति आकर्षण छैन । त्यसैले त्यसले स्थायित्व पनि पाएन । त्यसपछि त भुवनको मोह ढुंगाना थरमै बस्यो । अन्ततः उनले त्यही मोहलाई स्वाभाविक र सार्थक रोजिन् । यो उनको निजी विशेषता हो कि उनी सार्थक लेख्छिन् । सार्थक सोच्छिन् । सार्थक निर्णय गर्छिन् । उनको रोजाइ नै सार्थक हुन्छ ।

भुवन ढुंगानाको व्यक्तित्व जटिल छैन । उनले शान्ति निकेतनबाट नृत्य तथा बङ्ला भाषामा डिप्लोमा गरेकी छिन् । अंग्रेजी साहित्यमा एमए र कानुनमा स्नातक । अदालतको इजलासमा त भुवन ढुंगानालाई बहस गरेको कहिल्यै देखेको छैन, तर जीवनको इजलासमा 'भूपा दिदी' का जीवनका धेरै पक्ष

> राजनीतिज्ञ दमननाथ ढुंगानासँग २०२८ सालमा विवाह गरेपछि उनले लेखेको एउटा कविताको शिर्षक थियो- युद्ध नाच । यो कवितामा कविको नाम लेखिएको थियो- भुवन को. ढुंगाना । नाम कसो-कसो म्याचिङ थिएन ।

नजिकबाट हेर्ने मौका पाइएको छ । उहाँको व्यक्तित्वसँग कमै मानिस मुग्ध नभइरहन सक्छन् । भुवन ढुंगाना आत्मसम्मान र आत्म चेतनाको प्रतीक हुन् । आफ्ना रचनाहरूमा उनी निर्जीव शब्द प्रयोग गर्दिनन् । शब्दमा जीवन भएन भने, जीवनमा संगीत भएन भने, संगीतमा लय भएन भने भुवनलाई लेख्न अप्ठेरो लाग्छ ।

'युद्धको घोषणा गर्नुभन्दा अघि' कथाहरूको यो संग्रहको सूक्ष्म अध्ययनकर्ताले कसरी मानिस टुक्रा-टुक्रामा विभाजित भएर पनि आफ्नो अस्तित्वलाई सुरक्षित राख्छ भन्ने कुरा बुझ्छ । भुवन ढुंगानाका रचनाहरू प्रायः छरिएका छन् । ती सबैलाई समेटेर कविता, कथा र निबन्धका छुट्टाछुट्टै संग्रह बनाउने हो भने त्यसबाट उनको रचनाधर्मिताका आयामहरू खुल्नेछन् । भुवनको साहित्य ती विषयमा बढी केन्द्रित छन्, जसमा उनको लगाव छ । जस्तो, सूर्य सुवेदीसँगको एउटा अन्तर्वार्तामा उनले भनेकी छिन्, 'जसले मेरो जीवनमा छाप पारेका छन्, म जोबाट आकर्षित भएकी छु अथवा जो मेरा लागि प्रेरणादायी छन्, जोबाट मैले केही सिकेकी छु र मैले उनीहरूबाट केही पाएकी छु, त्यस्ता व्यक्तिहरूका बारेमा मैले लेखेको छु ।" (रचना पूर्णांक १२६ भदौ-असोज २०७० ।)

भुवन रेखाहरूमा कथा कोर्ने लेखक हुन । तीन दशक पहिले देशान्तर साप्ताहिकमा प्रकाशित 'काकाकुलको कथा नेपालीको व्यथा' बाट प्रस्तुत गरिएका यी पंक्तिहरूमा उनको आलेखको वैशिष्ट्य झल्किन्छ, '...हाम्रा साधारण दिदी-बहिनीहरू माघ महिनामा स्वस्थानीको व्रत कथामा व्यस्त छन् । सतीदेवीको आत्मदाह गाउँघरमा कति दिदीबहिनीहरूले भोग्नुपरेको यथार्थ हो । उनीहरूका कथाहरू लेखिँदैनन्, कसैले सुन्दैनन् । कैलाश, लावण्यदेश सबै उनीहरूलाई रणभुल्ल पार्ने स्वप्नदेशहरू हुन्...'



तस्बिर : नवराज बाग्ले

**नियति**

भुवन कोइराला

१. जति विस्तृत परिधि भए पनि
आकाशमा बिस्कुन सुकाउनु हुन्न
माटोमा बादल ओछ्याउने होइन
रूखबाट उडेर जाने चराहरूलाई
कतै ओर्लिनुपर्दछ माटोमा
दाना टिप्न,
ओथारो, ओसारो, आँगन, आहाल
सबै आ-आफ्ना नियति हुन्
भत्काउनु हुँदैन गुँड कुमालकोटीको
र शंखे कीरा गुडल्किएको गुँड पनि
तासका घरहरूजस्तै वा
नानीहरूले खेल्ने गरेको बालुवाघर
भत्किँदै, बिग्रँदै, भत्काउँदै र बिगार्दै
निर्वासित हुन दिनु हुँदैन यो मनलाई
मन छ र त छ कलेवर कविताको
सर्वहारालाई पनि हुन्छ माया नाङ्गो
शरीरको ।

२. नियतिले कोरेको लक्ष्मणरेखामा
उभिएर आजकी सीता
भोगिरहेकी छिन् नियमित आकस्मिकता
वायुपंखी उडानमा उड्न नसकेको
घाइते जटायुका प्वाँखहरू काट्न
फेरि एकपटक रावण
रथबाट ओर्लिएको छ
मानिसहरू भूमिसीताको
आर्तनाद सुनिरहेछन्
आश्चर्य ! यस पटक
राम अपहरित भएका छन् ।

## प्रतिक्रिया



मनिन्द्र सिंहलाई बधाई छ (मिस्टर गे ह्यान्डसम नेपाल-२०१७) । समाजमा खुलेर आउन बाँकी थुप्रै यस्ता पात्र छन्, जो खुलेर आउन सकेका छैनन् । मनिन्द्र धेरैका लागि प्रेरणा बन्न सक्छन् । आयोजकले यस्तै रचनात्मक कार्यक्रमलाई निरन्तरता दिँदै जाऊन् ।

**सुरेश काफ्ले**

संसार बाहिर देखिएजस्तो छैन (विवादित बाबाको आश्रममा नेपाली महिलाहरू) बबाहरू यसरी नै विवादित भएका छन् । वास्तविकता खुलेपछि मानिसको असली नियत प्रष्ट हुन्छ । कसैप्रति विश्वास गरिहाल्ने ठाउँ छैन ।

**तीर्थ बस्नेत**

मानिसहरूका दृष्टिकोण फरक-फरक हुन्छन् (गजुरियल विश्लेषण : सत्य एउटै हुन्छ) । स्वार्थ फरक हुँदा मानिसहरू विभाजित हुन्छन् ।

**दिलीप थापा**

सम्पूर्ण नेपाली दाजुभाइ-दिदीबहिनीलाई टोपी दिवसको शुभकामना (टोपी जोगाउन अभियान) ।

**सञ्जय बाहिङ राई**

राम्रो बोल्ने तथा राम्रो काम गर्नेहरूका बारेमा छापिँदैन (सन् २०१७ का भाइरल) । यस्तै व्यक्तिहरूले मिडियामा स्थान पाउँछन् । जथाभावी पोस्ट गरिएको कुरा भाइरल भैहाल्छ नि !

**अंकुल गुरुङ**

अधिकारी रवीन्द्रजी, सत्यतथ्यमा ध्यान पुऱ्याउनुहोस् (सन् २०१७ का भाइरल) । साकारकी आमाको नाम सुनिता होइन, रोजु हो ।

**युवराज कोइराला**

अन्तरिक्षमा भएका नयाँ-नयाँ जानकारी रोचक लागे (के-के भए अन्तरिक्षमा ?) अन्य अंकहरूमा पनि विज्ञान एवं प्रविधिको क्षेत्रमा हुने यस्तै रोचक, रमाइला जानकारी पढ्न पाइयोस् ।

**दिनेश लामा**

त्यो त भन्ने बहाना मात्र हो (युवा मन : फुर्सद छैन) । कुन कुरालाई कति प्राथमिकता दिने भन्ने कुरा त आफ्नै हातमा हुन्छ ।

**आर्यन क्षेत्री**

बेलडाँगी शिविरमा बस्ने शरणार्थीहरूको कथा मार्मिक लाग्यो (यात्रा सन्दर्भ : हरियो ढुंगा– हीराजस्तो ढुंगा) । त्यो पीडालाई नाटकमा जस्ताको तस्तै उतार्न सक्नुमा सबैको उत्तिकै भूमिका छ । लेखक, निर्देशक तथा कलाकारहरूको मेहनतले 'हरियो ढुंगा' सफल नाटक बन्न पुग्यो ।

**प्रज्वल श्रेष्ठ**

वर्षभरि चर्चित रहेका घटना र व्यक्तिका बारेमा पढ्न पाउँदा खुसी लाग्यो (फ्लासब्याक २०१७- सन् २०१७ का व्यक्ति र घटना) । संसारभर हुने यस्ता घटना अन्य अंकहरूमा पनि पढ्न पाईयोस् ।

**मधुसूदन बस्याल**

साप्ताहिकको गत अंकमा विश्वका धनाढ्य व्यक्तिहरूका बारेमा संक्षिप्त रूपमा पढ्न पाइयो (फ्लासब्याक २०१७ : विश्वका धनाढ्यहरू) । उनीहरू कसरी धनी बने ? त्यसका लागि के-कस्तो संघर्ष गर्नुपऱ्यो ? भन्ने सामग्री पनि प्रकाशन गर्न सके अझ रोचक हुने थियो ।

**विनोद पोखरेल**

अनौठा व्यक्तिहरूसम्बन्धी सामग्री रमाइलो लाग्यो (पहिलो विश्व : अनौठा व्यक्तिहरू) । अस्ट्रेलियाकी डेबको कथा अझ रोचक थियो । एउटै हातले पोल डान्स गरेर विश्व विजेता भएकी डेबको जीवनबाट धेरै कुरा सिक्न सकिन्छ । शारीरिक रूपमा अशक्त भएर पनि प्रतिभालाई कुनै कुराले छेक्न सक्दैन भन्ने बलियो उदाहरण हुन्- डेब ।

**विष्णु**

सेलिब्रेटीहरूका योजना पनि पढ्न पाइयो (सेलिब्रटी सेलिब्रेसन) । सबैका लागि नयाँ वर्ष २०१८ विशेष होस् ।

**मिलन बस्नेत**

follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) विएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik



● रामबाबु गुरूङ, निर्देशक

# १८ पटक स्क्रिप्ट रि-राइट गर्ने निर्देशक मै हुँ

झन्डै एक दशकदेखि चलचित्रमा सक्रिय निर्देशक हुन्– रामबाबु गुरूङ । ओखलढुंगाको रूम्जाटारमा बेलायती सेनाको परिवारमा जन्मिएका रामबाबुले आफ्नो पहिलो करियर उनकै भाषामा भर्तीलाई नै बनाउन चाहेका थिए । रूम्जाटारमै दुई पटक तथा पोखरामा एक पटक भर्ती परीक्षामा असफल भएलगत्तै उनले आफ्नो दोस्रो रोजाइको विधा अर्थात् कला क्षेत्रमा करियर बनाउने निर्णय गरे । कबड्डी, कबड्डी-कबड्डी तथा पुरानो डुंगाजस्ता चलचित्र निर्देशन गरेका गुरूङ आज नेपालकै महँगा चलचित्र निर्देशकका रूपमा स्थापित भएका छन् । प्रदर्शनको तयारीमा रहेको चलचित्र मिस्टर झोलेको निर्देशन गरेबापत २० लाख रूपैयाँ पारिश्रमिक बुझेको चर्चा चलिरहेका बेला साप्ताहिकका कृष्ण भट्टराईले निर्देशक गुरूङसँग लामै कुराकानी गरेका थिए :

**अहिले केमा व्यस्त हुनुहुन्छ ?**
मैले निर्देशन गरेको पाँचौं चलचित्र मिस्टर झोले प्रदर्शनको सँघारमा छ । त्यसको अन्तिम चरणको प्राविधिक कार्यमा व्यस्त छु ।

**कत्तिको उत्साहित हुनुहुन्छ ?**
म आफ्नो कामप्रति सधैं उत्साहित हुने मान्छे हुँ । यो चलचित्रमा पनि मैले अघिल्ला चलचित्रहरूझैं प्रशस्त मेहनत गरेको छु । दर्शकको मन जित्ने कुरामा ढुक्क छु ।

**दर्शकले यसलाई केही वर्ष अघि प्रदर्शन भएको झोलेको सिक्वेलका रूपमा बुझ्दा हुन्छ ?**

शीर्षकका दृष्टिकोणले हेर्ने हो भने यो झोलेको सिक्वेल नै हो, किनभने निर्माता उही हुनुहुन्छ । केही कलाकार पनि दोहोरिनुभएको छ । यद्यपि पहिलो र दोस्रो चलचित्रको विषयवस्तु बिल्कुलै फरक छ ।

**मिस्टर झोलेको साटो अरू नै शीर्षक राख्न सक्नुहुन्थ्यो नि ?**
निर्माता टेकेन खड्का झोले शीर्षक दोहोऱ्याउने मनस्थिति बनाएर मकहाँ आउनुभएको थियो । मैले लगानीकर्ताको आग्रह अस्वीकार गर्ने अवस्था थिएन । त्यसैले पुरानो चलचित्रमा मिस्टर थपेर मिस्टर झोले तयार पारिएको हो ।

**मिस्टर झोले कस्तो बनेको छ ?**
हामीले सक्दो मौलिक चलचित्र बनाउने प्रयास गरेका छौं । स्क्रिप्टमा धेरै नै मेहनत गरिएको छ । केही साताअघि सार्वजनिक भएको ट्रेलरले सकारात्मक प्रतिक्रिया पाएको छ । यस हिसाबले हामीले जुन उद्देश्य लिएर चलचित्र निर्माण गरेका छौं, त्यसमा सफल हुनेछौं भन्ने कुरामा आशावादी छु ।

**अभिनेता दयाहाङ राईलाई आफ्ना चलचित्रमा कहिल्यै छुटाउनुहुन्न नि ?**
संयोग त्यस्तै जुटिरहेको छ । मेरो पहिलो चलचित्र अनागरिकदेखि पाँचौं चलचित्र मिस्टर झोलेसम्म आइपुग्दा दयाहाङ छुट्नुभएको छैन । छैटौं चलचित्र साइँलीमा पनि उहाँको अभिनय रहने करिब-करिब निश्चितजस्तै भएको छ । वास्तवमा हामी संघर्ष गर्ने बेलादेखिकै साथी भएकाले पनि हुन सक्छ, स्क्रिप्ट लेख्दा उनको चरित्र दिमागमा आउँछ । अर्को कुरा, उनको बजारमा राम्रो माग भएको कुरालाई पनि हामीले बेवास्ता गर्नु हुँदैन । मैले निर्देशन गरेका अधिकांश चलचित्रमा जनजाति चरित्रको प्रसंग आउनेबित्तिकै दयाहाङ पहिलो विकल्प भैरहेका छन् ।

तस्बिर : कृष्ण भट्टराई

पृष्ठ ७ मा











# सकियो हात्ती महोत्सव

विमल खतिवडा

सौराहामा आयोजित १४ औं चितवन हात्ती महोत्सव शनिबार सम्पन्न भएको छ । महोत्सव अवधिभर नेपाली तथा विदेशी दर्शकको भिड हेर्न लायक थियो । यो महोत्सवका क्रममा हात्तीहरूबीच विविध प्रतियोगिता सञ्चालन भए । क्रिसमस र अंग्रेजी नयाँ वर्षलाई मध्यनजर गर्दै आयोजित महोत्सवमा दर्शकले हात्तीका सबै खेल मन पराए । छावाहरूबीचको फुटबल प्रतियोगितामा सिजी फुड्सले कुमारी बैंकलाई ३-० गोलको फराकिलो अन्तरले हराउँदै उपाधि आफ्नो पोल्टामा पार्‍यो । हात्तीपोलो प्रतियोगिताको उपाधि माउन्ट एभरेस्ट ग्रुपले मेघा बैंकलाई ६-३ गोल अन्तरले हराउँदै आफ्नो पक्षमा पारेको थियो ।

हात्ती दौडमा भने टुरिज्म बैंकबाट प्रतिनिधित्व गरेको लक्कीकली हात्तीले उपाधी जित्यो । बाघमारा मध्यवर्ती सामुदायिक वनको चौरमा भएको उक्त दौड प्रतियोगितामा अन्य ५ हात्तीलाई पछि पार्दै लक्कीकलीले उपाधि जितेको हो । दोस्रो स्थानमा हिमालय सोसल जर्नीबाट प्रतिनिधित्व गरेको एकताकली तथा कोकाकोला कम्पनीबाट प्रतिनिधित्व गरेको अनारकलीले तेस्रो स्थान हात पारे । यो दौडमा २० वटा हात्तीको सहभागिता थियो ।

'हात्ती सुन्दरी' प्रतियोगितामा पाँचवटा हात्तीको सहभागिता थियो । निर्णायकले हात्तीको नङ, सुड, कान मात्र हेरेनन्, रेखदेखमा खटिने माहुतेसँग स्याहार/सुसारका सम्बन्धमा प्रश्नसमेत सोधे । दर्शकको रोजाइमा पर्न तथा निर्णायकको ध्यान खिच्न सफल पार्क साइड होटलको ३८ वर्षको पूजाकलीले हात्ती सुन्दरीको उपाधि हात पार्‍यो । त्यस्तै होटल राईनो ल्यान्डको पुष्पाकली फस्ट रनर्सअप तथा होटल वाइल्ड लाइफ क्याम्पको बिजुलीकलीले सेकेन्ड रनरर्सपको उपाधि जिते ।

क्षेत्रीय होटल संघ नेपाल सौराहाद्वारा आयोजित महोत्सवमा हात्तीबीच पेन्टिङ प्रतियोगिताको समेत सञ्चालन गरियो । उता राप्ती किनारमा दर्शकको झुन्डमा गरिएको हात्ती स्नानले सबैको ध्यान तान्यो । पुस ११ देखि १५ गतेसम्म चलेको महोत्सवमा यसपटक हात्तीका क्रियाकलाप मात्र समावेश थिए ।

# भेडेटारमा छैटौं फुड फेस्टिबल




नयाँ वर्ष २०१८ को अवसर पारेर धनकुटाको भेडेटारमा फुड फेस्टिबल सम्पन्न भएको छ । फेस्टिबलमा स्थानीय रूपमा उत्पादित अर्ग्यानिक सागसब्जी, फलफूल तथा स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीलगायत स्थानीय खाद्यवस्तुहरू प्रदर्शनी गरिएको थियो । छैटौं पटक आयोजित यो फेस्टिबलले भेडेटारको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

फेस्टिबलको पहिलो दिन स्थानीय कलाकारहरूले आफ्नो कला प्रदर्शन गर्नुका साथै गरिमा डान्स सेन्टर धरानले समेत प्रस्तुति दियो भने दोस्रो दिन राष्ट्रिय कलाकारहरूको उपस्थितिमा सांस्कृतिक कार्यक्रम सम्पन्न गरियो । उक्त अवसरमा चर्चित गायक राजेश पायल राईले समेत प्रस्तुति दिएका थिए ।

फेस्टिबल अवधिभरमा पर्यटकहरूका लागि पाथिभरा मन्दिर, साँघुरीगढी, शंखेश्वर महादेव, आत्मा बस्ने घर, नमस्ते झरना, थुम्की बौद्धबिहार, मगर, राई र लिम्बूको होमस्टे, रानी तालका साथै नागबेली पार्क समेतको अवलोकलन लागि छुट्टै टुर प्याकेजको व्यवस्था मिलाइएको थियो ।

नरेन्द्र बस्नेत

# आजदेखि बागलुङ महोत्सव



आज शुक्रबार १० दिने बागलुङ महोत्सव प्रारम्भ हुँदैछ । महोत्सवमा जिल्लाका किसान तथा लघुउद्यमीका उत्पादनहरूसमेत प्रदर्शन गरिनेछ । १ सय ८२ वटा व्यापारिक स्टल राखिने महोत्सवमा १० करोड रुपैयाँको कारोबार गर्ने लक्ष्य लिइएको छ । धौलागिरि क्षेत्रमा बढी चलनमा रहेका सालैज्यो, सोरठी, ठाडो भाका र लोकदोहोरी गीतहरूको प्रस्तुतिका साथ महोत्सवमा पुरुष तथा महिला भलिबल प्रतियोगिता, देशभरका पर्यटकीय, धार्मिक तथा ऐतिहासिक स्थलहरूको तस्बिर प्रदर्शनीसमेत सञ्चालन हुनेछन् । महोत्सवकै अवसर पारेर आगन्तुकहरूलाई जिल्लाका पर्यटकीय स्थल बागलुङ कालिका मन्दिर, पञ्चकोट तथा भकुन्डे आदि क्षेत्र घुमाउने कार्यक्रमसमेत छ ।

प्रकाश बराल

# महोत्सवमय झापा




झापा यतिबेला महोत्सवमय भएको छ । यो पुसमा मात्र झापामा तीनवटा महोत्सव सञ्चालन हुँदै छन् । जिल्लाको बुद्धशान्ति गाउँपालिकामा गत पुस ११ गते महोत्सव सम्पन्न भएको छ भने दमक र बिर्तामोडमा महोत्सवको तयारी तीव्र पारिएको छ ।

बुद्धशान्ति -७ स्थित धारागोलामा ५ दिने चौथो धारागोला भ्यूटावर कृषि तथा पर्यटन महोत्सवको आयोजना गरिएको थियो । निर्माणाधीन भ्यू टावरका लागि सहयोग जुटाउन आयोजित महोत्सव सफलतापूर्वक सम्पन्न भएको छ ।

बिर्तामोडमा पुस १३ गतेदेखि सञ्चालित महोत्सव २५ गतेसम्म सञ्चालन हुनेछ । जनजाति संग्रहालय निर्माण गर्न सहयोग जुटाउन उद्देश्यले आयोजित यो महोत्सवलाई नेपाल पर्यटन बोर्डले प्रवर्द्धन गर्दैछ ।

दमकमा दमक उद्योग वाणिज्य संघले पुस २७ गतेदेखि माघ ८ गतेसम्म प्रदेशस्तरीय दमक महोत्सवको आयोजना गर्ने भएको छ । दमक महोत्सवको यो चौथो संस्करण हो ।

विष्णु सुब्बा

# १८ पटक स्क्रिप्ट......



> हाम्रो देश नै सानो छ । दर्शकहरु नै थोरै हुनुहुन्छ । लगानीको आकारअनुसार हामीले पाइरहेको दर्शक संख्या निकै ठूलो हो । यद्यपि नेपाली चलचित्र हेर्ने दर्शकको संख्या ५ प्रतिशतभन्दा माथि पुग्न सकेको छैन । योभन्दा महत्वपूर्ण कुरा के छ भने राम्रा चलचित्रले मुनाफासमेत गरेका छन् । लगानी सुरक्षित गर्ने चलचित्र पनि धेरै छन् । तपाईंको जिज्ञासामा म के भन्न चाहन्छु भने जबसम्म नेपाली दर्शकको मनोभावना नबुझी, बजार नबुझी पैसाकै बलमा चलचित्र बनाउने निर्माताहरुको संख्या घट्दैन, तबसम्म हरेक प्रकारका चलचित्र निर्माण हुने क्रम रोकिंदैन ।

पृष्ठ ५ बाट

**तपाईंजस्तो स्थापित निर्देशकले अब अर्को दयाहाङ राई जन्माउने बेला भएन र ?**

निर्देशकले स्टार जन्माउने होइन । स्टार भैसकेका कलाकारलाई हामीले चलचित्रमा अभिनय गराउने हो । अहिले थुप्रै प्रतिभावान् कलाकार आइरहेका छन् । बुद्धि तामाङ, प्रवीण खतिवडा, विपिन कार्कीजस्ता कलाकार पनि माथि आइरहेका छन् । अर्को कुरा, कुनै चलचित्रका लागि २०-२२ वर्षको जनजाति चाहियो भने मैले पक्कै पनि नयाँ अनुहार नै खोज्नुपर्छ ।

**प्रसंग बदलौं, चलचित्र क्षेत्रतर्फ कसरी आकर्षिक हुनुभयो ?**

यसका लागि हामीले २०५३ सालतिर फर्कनुपर्छ । रुम्जाटारमा एसएलसी दिनुअघि नै म विद्यालय तथा गाउँमा आयोजना हुने नाटकहरूमा स-साना भूमिका निर्वाह गर्थें । सँगसँगै मेरो सम्पूर्ण परिवार भर्ती (बेलायती सेना) मा भएकाले मैले त्यता पनि झुकाव राखेको थिएँ । रुम्जाटारमै भएका भर्तीका दुई वटा परीक्षामा असफल भएपछि म पोखरा गएँ । त्यहाँ पनि अन्तिम चरणमा असफल भएपछि भर्तीमा जान सकिनँ । बाध्य भएर पहिलो रोजाइको कामबाट पछि फर्किएँ अनि लागें मनले चाहेको क्षेत्रतर्फ । काठमाडौं आएर रत्नराज्य लक्ष्मी क्याम्पसमा भर्ना भएदेखि नै कला क्षेत्रका व्यक्तिहरूसँग संगत हुन थाल्यो । चलचित्र, नाटक, कन्सर्ट आदि हेर्ने समूह बन्न थाल्यो । यसरी नै म कला क्षेत्रतर्फ आकर्षित हुन पुगें ।

**कलाक्षेत्रको पहिलो काम के थियो ?**

सन्तोष गुरुङ भन्ने साथीले खोला वारि खोला पारि (पछि कृष्णे शीर्षकमा प्रदर्शन) चलचित्र बनाउन थालेको थियो । उसकै आग्रहमा धादिङमा भैरहेको छायांकनमा सहभागी भएँ । मेरा लागि उक्त चलचित्रमा पाँच-छवटा दृश्य निकालिएको रहेछ, अभिनय गरें । पहिलो पटक क्यामरा फेस गरेपछि म के निष्कर्षमा पुगें भने अभिनय भन्ने कुरा मेरो क्षमताभित्र पर्दैन । मैले धादिङमै एउटा कठोर निर्णय गर्दै अभिनयको साटो निर्देशनमा सक्रिय हुने प्रण गरें ।

**त्यसपछि के गर्नुभयो ?**

त्यसपछिको दुई-चार वर्ष साथीभाइसँग चलचित्र हेर्ने, चलचित्रसम्बन्धी पुस्तक तथा लेखहरू पढ्ने काममा बिताएँ । त्यसक्रममा म सबै प्रकारका चलचित्र हेर्थें भने सेल्फ स्टडीलाई पनि जारी राखें । अध्ययनकै क्रममा निर्देशनको विधामा काम गर्न सकिन्छ कि जस्तो लाग्यो । स-साना वृत्तचित्र तथा म्युजिक भिडियोतिर हात हालें । सिक्ने क्रममा क्यामेराको पछिल्तिर रहेर धेरै प्रकारका काम गरें ।

**आफूलाई चिनाउने पहिलो काम केलाई मान्नुहुन्छ ?**

चलचित्रसम्बन्धी प्रशिक्षण लिने क्रममा हामीले लघु चलचित्र अनागरिक बनाउने निर्णय गर्‍यौं । दयाहाङ राई पनि हाम्रै समूहमा थिए । उक्त चलचित्र गुरुङ समुदायमा प्रदर्शन भएर सफल पनि भयो । विदेशमा पनि दर्शकहरूले मन पराए । उक्त चलचित्रले गुरुङ समुदायभित्र मलाई राम्रो चलचित्र बनाउने सक्ने मेकरका रूपमा स्थापित गर्‍यो ।

**अनागरिकपछि के गर्नुभयो ?**

अनागरिकले मलाई एउटा समुदायका दर्शकमाझ निर्देशकका रूपमा चिनाउने काम गर्‍यो । प्रदर्शनका क्रममा मैले धेरै ठाउँको भ्रमण गरें । अग्रजहरूले कमी-कमजोरी पनि औंल्याउनुभयो । म अझै पनि निर्देशकका रूपमा परिपक्व भैसकेको छैन भन्ने लाग्यो । त्यसपछि पुनः चार-पाँच वर्ष वृत्तचित्रको निर्माणमा सक्रिय भएँ । वर्षमा दुई-चारवटा वृत्तचित्र निर्माण गरेर काठमाडौंमा टिक्न सक्ने वातावरण बन्दै गयो । वृत्तचित्रको अनुभवले मलाई कथा खोज्न, विषयवस्तु उठाउन तथा अवलोकन गर्न सिकायो । समाजमा के-कस्ता विषयवस्तु छन्, कुन मुद्दालाई प्राथमिकता दिने, कथालाई कसरी व्यवसायिक रूपमा पर्दामा उतार्ने भन्ने कुरा पनि सिकायो । प्राविधिक रूपमा पनि म सक्षम भैसकेको थिएँ । झन्डै १०-१२ वर्ष एउटै क्षेत्रमा बिताइसकेपछि अब एउटा राम्रो व्यवसायिक चलचित्र निर्माण गर्नुपर्छ भन्ने आत्मविश्वास जाग्यो । त्यसपछि मसहितको समूहले चलचित्र 'कबड्डी' निर्माण गर्ने चाँजोपाँचो मिलाउन थाल्यौं ।

**तपाईंको पहिलो सफल चलचित्र कबड्डी कसरी जन्माउनुभयो ?**

अनागरिकपछि म घुम्दै-फिर्दै मुस्ताङ पुगें । केही समय त्यहाँ रहँदा मैले पहिलै नै सुनेको, पढेको थकाली समुदायभित्र फुपू चेला-मामा चेलीबीच विहेबारीका बारेमा नजिकबाट जान्ने मौका पाएँ । एक प्रकारको रिसर्च नै गरेपछि चलचित्र कबड्डीका लागि विषयवस्तु फुरेको थियो ।

**एउटा समुदायको कथा आमदर्शकमाझ ल्याउने काम चुनौतीपूर्ण हुनेछ भन्ने लागेन ?**

चुनौती नहुने त कुरै थिएन, यद्यपि म के कुरामा आशावादी थिएँ भने एउटा निश्चित समुदायको, ठाउँको अनि गाउँको कथालाई रुचिपूर्ण शैलीमा भन्न सकियो भने त्यसले दर्शकको मन कसो नजित्ला ? हास्य शैलीमा उक्त कथा भन्न सकियो भने दर्शकले किन मन नपराउलान् ? त्यतिबेला नेपाली चलचित्रको बजार एकातिर स्टारडममा टिकेको थियो भने भर्खरै मात्र चलचित्र लुटले बजार पिटेको थियो । राम्रो चलचित्र बनायो भने चल्छ भन्ने कुरा प्रमाणित भैसकेको थियो । दयाहाङ राई पहिलेदेखि नै मेरो संगतमा थिए, निश्चत बस्नेत पनि हाम्रै समूहमा थिए । उनीहरूसँग कबड्डीको कथा सेयर गरें, सबैले मन पराए । सबैको हौसलाले चलचित्र नै निर्माण गर्ने योजना बन्यो ।

**कबड्डीको ट्रेलर सार्वजनिक भएपछि प्राप्त प्रतिक्रियाबाटै निराश हुनुभएको थियो रे नि ?**

निराश थिइनँ । अधिकांश दर्शकले सकारात्मक प्रतिक्रिया दिनुभएको थियो, यद्यपि एउटा सर्कलले भने त्यसलाई वृत्तचित्रको संज्ञा दिएको थियो । चलचित्र प्रदर्शन भएर दर्शकको मन जितेपछि तिनै फिल्म मेकरहरू कबड्डीजस्तै विषयवस्तुमा चलचित्र बनाउन सक्रिय भए ।

**कबड्डी सफल हुनुको कारण के मान्नुहुन्छ ?**

पहिलो कुरा त मलगायत हाम्रो समूहले उक्त चलचित्रको स्क्रिप्टमै अत्यधिक मेहनत गरेका थियौं । तपाईं पत्याउनुहुन्न होला, कबड्डीको स्क्रिप्ट १८ पटक रि-राइट गरिएको थियो । हामी दर्शकहरूलाई हरेक प्रकारले मनोरञ्जन प्रदान गर्नुपर्छ भन्ने कुरामा सचेत थियौं । त्यसैले हामीले पेपर वर्कमा धेरै समय खर्च गरेका थियौं ।

**कबड्डीबाट गाउँको मौलिक कथा दर्शकले मन पराउँछन् भन्ने कुरा प्रमाणित भएको मान्नुहुन्छ ?**

म यो कुराको सम्पूर्ण श्रेय आफैं लिन चाहन्नँ, किनभने कबड्डीअघि निर्माण भएका थुप्रै नेपाली चलचित्रमा गाउँको कथा भनिएको छ । यद्यपि कबड्डी प्रदर्शन भएपछि कुनै एउटा समुदायको कथा पनि रुचाइँदो रहेछ भन्ने कुराचाहिं प्रमाणित भयो ।

**कबड्डी कबड्डी चाहिँ कसरी जन्मियो नि ?**

कबड्डीको सफलताबाट हामीले नाम मात्र होइन, दाम पनि कमायौं । हाम्रो समूह आर्थिक रूपले सक्षम भयो । बजारबाट पैसा पनि आयो । व्यवसायिक रूपमा सफल भएपछि अर्को चलचित्र बनाउने हिम्मत जुट्यो । त्यतिबेलै डिग्री माइला शीर्षकको नाटक मञ्चन हुन थाल्यो । त्यो बेला म अर्कै चलचित्रको स्क्रिप्टमा व्यस्त थिएँ, जसमा दयाहाङ राई नै मुख्य भूमिकामा थिए । लुट र कबड्डीको सफलतासँगै दयाहाङ व्यस्त भैसकेका थिए, मेरो प्रोजेक्टका लागि उनले अलि धेरै नै मेहनत गर्नुपर्ने भयो, जसका लागि उनीसँग समय थिएन । त्यही कारणले गर्दा उक्त प्रोजेक्ट सुरु गर्न सकिएन । मेरो झन्डै एक वर्षको समय खेर जाने भएपछि कबड्डीको सिक्वेल बनाउने जुक्ति फुर्‍यो, किनभने दर्शकको मनमा कबड्डीको क्लाइमेक्सले धेरै प्रकारका जिज्ञासा छाडेको थियो । तिनै जिज्ञासालाई शान्त पार्न सिक्वेल बनाइयो, त्यसले त कबड्डीको व्यवसायिक सफलतालाई समेत ओझेलमा पारिदियो ।

**तेस्रो चलचित्र पुरानो डुंगामा अपेक्षा गरेजस्तो सफल हुनुभएन नि ?**

निर्देशन तथा स्क्रिप्टअनुसार म सफल नै भएँ जस्तो लाग्छ, यद्यपि दर्शकको चाहना पूरा गर्न नसकेकोमा भने दुईमत छैन । अघिल्ला दुई चलचित्रमा हास्यरस पाएका दर्शकले पुरानो डुंगाबाट पनि त्यस्तै अपेक्षा गरेका थिए, तर त्यो चलचित्रको क्यान्भास अलि सानो थियो, एउटा छुट्टै कथा थियो । डुंगाका कारण दाजुभाइको सम्बन्धमा आएको समस्यालाई मैले चलचित्रको मुख्य विषय बनाएको थिएँ । म चलचित्रमार्फत भन्न खोजेको कुरा प्रभावकारी ढंगले व्यक्त गर्न सफल त भएको छु, तर केही कमी-कमजोरी नभएका होइनन् ।

**तपाईंको विचारमा चलचित्र भनेको के हो ?**

चलचित्र कलाको एउटा विधा हो । यो एउटा माध्यम पनि हो, जसमा प्राविधिक कुरा मिश्रण गरेर निर्देशकले आफ्नो विचार अभिव्यक्त गर्छ । यद्यपि चलचित्र विविध सोच राखेर, योजना बनाएर निर्माण गरिन्छ । कसैले पैसा कमाउन चलचित्र बनाउँछन्, कसैले विचार व्यक्त गर्न बनाउँछन् अनि कसैले मनोरञ्जन प्रदान गर्न बनाउँछन् । मचाहिँ विचार तथा मनोरञ्जन दिँदै निर्माताले गरेको लगानी सुरक्षित हुने शैलीमा चलचित्र बनाउँछु । त्यसो त मैले योभन्दा बढी बुझ्न बाँकी नै छ ।

**तपाईंको अबको निर्देशन यात्रा कसरी अघि बढ्ने छ ?**

अझै पाँच-सात वर्ष व्यवसायिक धारका चलचित्र निर्माण गरिरहनेछु । त्यसपछि म पनि यो विधामा परिपक्व हुनेछु । त्यसपछि मात्र बजारका लागि भन्दा पनि आफ्नो सन्तुष्टिका लागि चलचित्र बनाउनेछु ।

**अरूका कस्ता चलचित्र हेर्न रुचाउनुहुन्छ ?**

म पहिलेदेखि नै असाध्यै चलचित्र हेर्नुपर्ने मान्छे हुँ । विगतमा पाँच-सात वर्ष गम्भीर प्रकृतिका चलचित्र हेरेर समय बिताएँ । म हलिउडका साइन्स फिक्सनदेखि दक्षिण भारतीय एक्सन चलचित्रसम्म हेर्छु । सलमान र शाहरूखका ग्लसी लभ स्टोरी चलचित्रबाट पनि कतिपय कुरा सिकिरहेको हुन्छु ।

**अहिले वर्षकै एक-डेढ सय नेपाली चलचित्र निर्माण भैरहेका छन् । बजारअनुसार यो संख्या बढी भएन ?**

हाम्रो देश नै सानो छ । दर्शकहरू नै थोरै हुनुहुन्छ । लगानीको आकारअनुसार हामीले पाइरहेको दर्शक संख्या निकै ठूलो हो । यद्यपि नेपाली चलचित्र हेर्ने दर्शकको संख्या ५ प्रतिशतभन्दा माथि पुग्न सकेको छैन । योभन्दा महत्वपूर्ण कुरा के छ भने राम्रा चलचित्रले मुनाफासमेत गरेका छन् । लगानी सुरक्षित गर्ने चलचित्र पनि धेरै छन् । तपाईंको जिज्ञासामा म के भन्न चाहन्छु भने जबसम्म नेपाली दर्शकको मनोभावना नबुझी, बजार नबुझी पैसाकै बलमा चलचित्र बनाउने निर्माताहरूको संख्या घट्दैन, तबसम्म हरेक प्रकारका चलचित्र निर्माण हुने क्रम रोकिंदैन । समयक्रमसँगै राम्रा चलचित्र मात्र चल्न थालेपछि रहरले मात्र चलचित्रमा लगानी गर्नेहरूको संख्या पनि घट्दै जानेछ ।

**नयाँ निर्माताहरूलाई के सुझाव दिनुहुन्छ ?**

चलचित्र क्षेत्रमा आउँदा गम्भीर तथा इमान्दार भएर आउन आग्रह गर्दछु । यो क्षेत्रलाई पेसा बनाउँदै आउन आग्रह गर्छु । रहरले होइन, गम्भीर भएर आउन आग्रह गर्छु । जसले चलचित्र निर्माणलाई गम्भीरतापूर्वक लिन्छ, उ नै लामो समयसम्म टिक्न सफल हुन्छ ।

**अबको एक दशकपछि नेपाली चलचित्र कहाँ पुग्ला ?**

चलचित्रमा लभ, रोमान्स तथा कमेडी नै जारी रहन्छ । प्राविधिक अपडेटको कुरा मुख्य हो । हामी सम्पूर्ण नेपाली चलचित्रकर्मीले आफूलाई प्रविधिसँग अपडेट गर्दै लान सक्नुपर्छ । प्रविधिले हामीलाई चुनौती दिन थालिसकेको छ । त्यसैले अबको एक दशकपछि हामी सम्पूर्ण मेकरहरू प्राविधिक रूपले चुस्त-दुरुस्त हुनु अनिवार्य छ ।

फ्लासब्याक-२०१७

# वर्ष २०१७ का उपलब्धि

सन् २०१७ मा विज्ञान प्रविधिका क्षेत्रमा विभिन्न उपलब्धि हासिल भए । यी उपलब्धिले आगामी दिनमा विश्वलाई थप प्रगतिपथमा लम्काउने अनुमान गरिएको छ ।




## स्पेस एक्सको रियुजेबल फाल्कन रकेट

गत वर्ष इलोन मस्कले पहिलेदेखि चर्चामा रहेको स्पेस एक्सको रकेट बुस्टर उडाए । यसबाट आगामी दिनमा अन्तरिक्षमा यात्रा गर्न चाहनेहरूका लागि नयाँ सम्भावनाको ढोका खुलेको छ । यसको प्रतिस्पर्धा



जेफ बेजोसको ब्लु ओरिजिनसँग हुनेछ । यसबाट भविष्यमा अन्तरिक्षमा यात्रा गर्न चाहनेहरूले पहिलेको १० हजार डलरको सट्टा २ हजार डलरमै यात्रा गर्न सक्नेछन् । उक्त रकम आगामी दिनमा अझ घट्दै जाने अनुमान गरिन्छ ।

## अनुमान गरिएभन्दा पहिले नै मानिसको अस्तित्व

सन् २०१७ को जुनमा म्याक्स प्लाङक इन्स्टिच्युटका मानवशास्त्री जिनज्याक हब्लिन तथा उनको समूहले ३ लाखदेखि ३ लाख ५० हजार वर्ष पहिलेको मानिसको हाड फेला परे । यसबाट पहिलो मानव होमोस्यापिन्स अहिलेसम्म मान्दै आएको समयभन्दा १ लाख वर्ष पहिले नै देखिएको प्रमाणित भएको छ । त्यसैगरी मानवजाति पाइएको स्थान पनि कसैले अनुमान नगरेको स्थान मोरक्को भएको बताइएको छ ।

## डाइनोसरको खोजमा अर्को सफलता

सन् २०१७ डाइनोसरको खोजका लागि पनि उपलब्धिमूलक वर्ष रह्यो । क्यानाडाको अल्बर्टास्थित रोयल टाइरेल संग्रहालयको एक विशेषज्ञ समूहले एउटा 'डाइनोसर आमा'को खोजी गरे, जसमा केही भित्री क्षमता, कवच र छालाको भागसमेत थियो । त्यसपछि यही डिसेम्बरमा १० करोड वर्षीय अवशेष पत्ता लाग्यो, जसअनुसार एक स्थानमा डाइनोसर झुन्डिएको थियो भने अर्को स्थानमा डाइनोसरको रगत फेला परेको थियो । यसलाई परजीवीको सर्वाधिक पुरानो संरक्षित नमुनासमेत मानिएको छ ।

## टेस्लाको विद्युतीय कार

गत वर्ष टेस्लाले पहिलो विद्युतीय कार सार्वजनिक गऱ्यो । सार्वजनिक भएको ७२ घण्टामै ३ लाख ग्राहकले बुकिङ गरेको अमेरिकी कम्पनी टेस्लाको विद्युतीयकार 'मोडल थ्री' अमेरिकी बजारमा उपलब्ध छ ।
टेस्ला 'मोडल थ्री' प्रतिघण्टा २ सय २५ किलोमिटरसम्मको रफ्तारमा चल्छ ।
१ हजार ६ सय १० किलो तौलको यो विद्युतीय कारमा राम्रो सस्पेन्सन प्रणाली जडान गरिएको कम्पनीले बताएको छ । टेस्लाका सीईओ इलोन मस्कले अगस्टसम्म १ सय, सेप्टेम्बरसम्म १ हजार ५ सय तथा डिसेम्बरसम्ममा २ हजार कार उत्पादन गर्ने लक्ष्य भएको बताएका छन् ।
एक पटकको पूरा चार्जमा करिब ३ सय ४६ किलोमिटरसम्म चल्ने भएकाले यसलाई विद्युतीय सवारी साधनको दुनियाँमा कोसेढुंगा मानिएको छ ।
यसलाई चार्ज गर्न अमेरिका र अन्य देशका राजमार्गमा चार्जिङ स्टेसनहरू राखिने छ । टेस्लाको यो कार तुलनात्मक रूपमा सस्तो पनि छ ।

## बेम्पु रिस्टब्यान्ड

बालबालिकालाई जाडो भएको थाहा दिन बेम्पु नामक कम्पनीले एक प्रकारको रिस्टब्यान्डको विकास गरेको छ ।



यसको सहयोगले नवजात शिशुको शरीरको अवस्था थाहा पाउन सकिन्छ र आवश्यकताअनुसार न्यानोपन प्रदान गर्न सकिन्छ ।

## फिजेट स्पिनर

हेर्दा सामान्य लागे पनि गत वर्ष बजारमा उपलब्ध फिजेट स्पिनर निकै चर्चामा रह्यो । दिमागलाई एकीकृत गर्न मात्र होइन, यसको सहयोगले विभिन्न रोगसमेत ठीक हुने बताइन्छ । यसको लोकप्रियताका कारण यसको मूल्य २० हजार डलरसम्म पुग्यो ।

## सुरक्षित फुटबल हेलमेट

लामो समयसम्म अमेरिकन फुटबल खेलाडीहरूले कडा र प्लास्टिकको हेलमेट लगाउँदै आए । यही कुरालाई मनन गरी साम ब्राउडले युनिभर्सिटी अफ वासिङ्टनसँग मिलेर नयाँ आइडियाअनुसार हेलमेट निर्माण गरे । उनीहरूले भिसिस स्टार्टअप कम्पनीसँग मिलेर टाउकोमा ठोक्किए पनि फरक नपर्ने खालको नयाँ हेलमेट डिजाइन गरे । यो हेलमेट हाल थुप्रै फुटबल खेलाडीले प्रयोग गरिरहेका छन् ।

## मिचेलिन एयरलेस टायर

मिचेलिन र उबर मिलेर नयाँ एयरलेस टायरको विकास गरेका छन् । यसमा थ्रीडी प्रिन्टेड ट्रेडको प्रयोग गरिएको छ । यसमा भएका सेन्सरको सहयोगले ड्राइभरले टायरमा कुनै कमजोरी भए तत्कालै सबै कुरा थाहा पाउँछ । आगामी दिनमा यो टायरले राम्रो बजार लिने अनुमान गरिएको छ ।

# युट्युबमा सर्वाधिक हेरिएका भिडियो

युट्युबमा सर्वाधिक हेरिएका भिडियोको सूचीमा धेरै म्युजिक भिडियो आउनु सामान्य नै हो । आश्चर्यको कुरा के हो भने युट्युबको यो सूचीको माथिल्लो १ सय भिडियोमा पाँचवटा यस्ता भिडियो पनि छन् जुन म्युजिक भिडियो होइनन् । युट्युबमा सर्वाधिक हेरिएका १० भिडियो :

## मासा एन्ड द वियर– रेसिपी फर डिजास्टर

अलेग कुजोभ्कोभद्वारा निर्देशित रूसी एनिमेटेड टेलिभिजन श्रृंखला मासा एन्ड द वियरको १७ औं भाग 'रेसिपी फर डिजास्टर' युट्युबको सर्वाधिक हेरिएको भिडियोको सातौं स्थानमा छ भने म्युजिक भिडियोको विधाबाहेकको भिडियोमा पहिलो स्थानमा छ । यो भिडियो युट्युबमा २ दशमलव ७१ अर्ब पटक हेरिएको छ । मासा नामक बालिकाको साहसमा आधारित यो सिरिजमा मासालाई एक भालुले संरक्षण गरेको देखाइन्छ । यो श्रृंखला रूसी भाषाबाट अरू विभिन्न भाषामा रूपान्तरण गरिएकाले पनि चर्चित भएको हो ।




## ह्युज एग्स सरप्राइज टोए च्यालेन्ज

यो भिडियो युट्युबको सर्वाधिक हेरिएको सुचीमा ८१ औं स्थानमा छ । यार्न नामक एक अमेरिकी बालकले ठूलो अन्डाकार बेलुन खोजेर एउटा निश्चित स्थानमा जम्मा गर्नुपर्ने चुनौती दिने यो भिडियो 'यार्न टोएज रिभ्यु' नामक अमेरिकी युट्युब च्यानलले उपलब्ध गराएको हो । बालबालिकाले मन पराउने तथा पटक-पटक हेर्ने हुनाले नै यो भिडियो सर्वाधिक हेरिएको भिडियोमा पर्न सफल भएको पाइन्छ ।

## ह्विल्स अन द बस

'ह्विल्स अन द बस गोज राउन्ड एनड राउन्ड' बालबालिकाको मुखमा झुन्डिएको एउटा बालगीत हो । एनिमेसन प्रयोग गरी तयार पारिएको यो म्युजिक भिडियो संसारभरिका अंग्रेजी भाषा बुझ्ने बालबालिकाले पटक-पटक हेरेकाले सर्वाधिक हेरिएको भिडियो भएको हो ।

## जोनी जोनी एस पापा

अंग्रेजी भाषा सिक्दैदेखि हरेक बालबालिकाले सिक्ने बालगीत 'जोनी जोनी एस पापा' हामी सबैको मुखमा झुन्डिएको छ । युट्युबमा 'चुचुटिभी' नामक भारतीय च्यानलले उपलब्ध गराएको यो एनिमेटेड भिडियो युट्युबमा सर्वाधिक हेरिएका भिडियोको ४३ औं स्थानमा छ ।

## मासा एन्ड द वियर - वन इपिटाइट

मासा एन्ड द वियर श्रृंखलाकै ८८ औं भागका रूपमा प्रस्तुत यो भिडियो पनि युट्युबमा सर्वाधिक हेरिएको भिडियोको पाँचौं स्थानमा पर्छ ।

## प्ले डो आइसक्रिम कपकेक्स प्लेसेट पल्डो बाइअनबक्सिङ्ग सरप्राइज एग

यो प्ले डो नामक गिलो पीठोझैं बालबालिकाले खेल्ने पदार्थको विज्ञापन हो । यो भिडियो पनि अरू भिडियोझैं बालबालिकाको चासोको भिडियो भएकाले यसलाई अरू भिडियो जस्तै बालबालिकाले नै पटकपटक हेर्न रुचाएकाले सर्वाधिक हेरिएको युट्युब भिडियो बन्न सफल भयो ।

## चार्ली बिट माई फिङ्गर - अगेन

यो भिडियोमा एक वर्षीय अमेरिकी बालक चार्लीले आफ्नो दाइको औंला टोकेको दृश्य देख्न सकिन्छ । एक सामान्य परिवारका ह्यारी र चार्ली दाजुभाइको असामान्य स्तरको माया यो भिडियोमा हेर्न पाइन्छ ।

## कलर सङ्स कलेक्सन

भोल्युम १ : यो भिडियोमा बालबालिकालाई रंगसँग परिचय गराइन्छ । युट्युबमा करिब ६१ करोड पटक हेरिएको यो भिडियो सन् २०१३ को नोभेम्बरमा बिजी बिभर्स नामक बालबालिकामा केन्द्रित च्यानलले उपलब्ध गराएको हो ।

## २० सरप्राइज एग्स

नेपालमा अत्यधिक चर्चित किन्डर जोए नामक चकलेटको प्रचार गर्ने उद्देश्यले बनाइएको यो भिडियोमा अन्डाकार प्याकेटमा के-कस्ता खेलौना भेटिन्छ भन्ने कुरा देखाइएको छ । यो भिडियो पनि बालबालिकामा केन्द्रित भिडियो हो, जसलाई सन् २०१३ को जुन महिनामा सरप्राइज टोए नामक एक युट्युब च्यानलले उपलब्ध गराएको हो ।

## एल बार्को– एल मोर्दिस्को

स्पेनिस भाषाको टेलिभिजन श्रृंखला एल बार्को रहस्यमय श्रृंखलाका रूपमा चर्चित छ । स्पेनको राष्ट्रिय टेलिभिजन एन्टेना-३ बाट प्रसारण हुने यो कार्यक्रमको एउटा टुक्रामा अर्धनग्न युवायुवतीहरू पौडी खेल्ने क्रममा पिराह्ना माछाको आक्रमणका कारण घाइते भएको देखाइएको छ ।

केवल एक प्रश्न

# जाडो मौसम सम्झदा कस्तो कविता फुर्छ ?

यात्रीलाई बाटो प्यारो हुन्छ,
बेहुलीलाई रातो प्यारो हुन्छ ।
तँलाई के प्यारो लाग्छ भनेर सोध्नै पर्दैन,
चिसोमा तातो प्यारो हुन्छ ।
**प्रा.डा.कृष्णहरि बराल, कवि/गीतकार**

चिसो बिहानीमा ओछ्यानमै तात्तातो चियाको आश,
कम्बलको न्यानोमा बसिरहन पाए झन् कति खास ।
आगोको तातोले रन्काएर कोमल हात ।
चिसिएको गालामा सेक्न पाउँदा क्या बात ।
**नविता तिमल्सिना, गायिका**

बच्चालाई बाको काँध, आमाको बुई चाहिन्छ
न्यानो बनाउने भोटो टोपी तग्न रुई चाहिन्छ ।
बोकाले पनि खाने जाडोको चिसो रात काट्न
हामी ठूलालाई एकले कहाँ हुन्छ, दुई चाहिन्छ ।
**नृपेश उप्रेती, गजलकार**

कस्तो जाडो ?
केही न केही लाउनै पर्ने
जिउमा कपडा, ओछ्यानमा पनि कपडै कपडा ।
आगो नजिक धाउनु पर्ने,
पानी तातो पिउनु पर्ने
त्यतिले नपुगे
तातोपानीमा रम मिलाउनै पर्ने ।
**बाबु बोगटी, गायक/अभिनेता**

चिसो चुलिँदो छ, आफ्नो स्वास्थ्यको ख्याल गर्नुहोला,
किनभने यो जीवनमा आँसु पुछिदिने त धेरै
भेटिएलान्,
तर नाक पुछिदिने कोही भेटिने छैनन् ।
त्यसैले,
चिसो चुलिँदो छ, आफ्नो स्वास्थ्यको ख्याल गर्नुहोला ।
**सुरेश पौडेल, टेलिभिजनकर्मी**

यो चिसो रातलाई भोलिपल्ट घाममा सुकाउँछु भन्छु,
बिहान उठेपछि न्यानो घामले बिर्साइदिन्छ ।
घाम र म लठ्ठाबाजी हुँदै मेरो दिन जान्छ,
फेरि उही सिरेटोमा कठ्यांग्रिएको मुटुलाई च्यापेर सुत्छु ।
मनमनमा सोच्छु
भोलि त जुनलाई हाइभोल्टेज बिजुली स्टेसनमा लगेर
रिचार्ज गर्नुपर्‍यो
कहिले सोच्छु
क्षितिजदेखि आकाशसम्म आकाशदेखि क्षितिजसम्म हिँड्ने
यो घाम र जुनलाई धर्तीमै कैद गर्नुपर्‍यो
चिसोले सताएका बेला मनमा यस्तै रंगबिरंगको
तर्कना आउँछ ।
**अम्बिका गुरुङ, गीतकार/कवियत्री**

सोच्दै मख्ख पर्छु म त हुन्थ्यो कति दामी,









चिसो यो ठाउँ छोडी न्यानो घाम लागेको
त्यो डाँडामा जान पाए हामी ।
**वर्षा बस्नेत, सञ्चारकर्मी**

बालापन नै ठीक थियो बरु
पुस माघ त्यसै जान्थ्यो
चिन्तै लिन पर्दैनथ्यो
बाख्राले जाडो खान्थ्यो
अहिले त,
ज्याकेटले नि छुदैन
टोपी लाउँदा नि हुदैन
फेटा बाँध्यो उस्तै छ
पन्जा जस्तातस्तै छ
जिन्दगी नि घाँडो छ
अति धेरै जाडो छ
आच्छुछुछुछुछुछु
**अजय अधिकारी सुशील, गायक**

चिसोको बहाना छ ।
तात्तिने चाहना छ ।
तात्तिँदा, मात्तिँदा भुसुक्क निद्रा लागोस्,
बहानाबाज सबैलाइ यही कामना छ ।
**लोकराज अधिकारी, गीतकार**

१. कठ्याङ्ग्रिँदो जाडो,
तिम्रो-मेरो सम्बन्ध,
आँगनभरि तुसारो
२. वनभरि हिउँ, मनभरि हिउँ,
तिम्रो-मेरो सम्बन्ध
पग्लिए परेलीका डिलबाट
**सुदन डोटेल, गीतकार**

जति छोप्छु भने पनि
कताबाट छिर्छ छिर्छ
तिम्रो याद र चिसो हावा ।
**अविरल थापा, लेखक**

कान्छी निन्द्रा बिहानीको, गाढामा माया रुइको
साँझ बाल्दा झिरी-मिटी, उस्तै माया फुईको
लान्छ क्या हो असत्ती पुसले
व्यवस्था पो गर्नै पर्‍यो अब यी दुईको ।
**महेश आचार्य, गीतकार**

जोडीलाई जाडो प्यारो,
रुइ, फुइ, दुई ।
एकललाई साह्रै गाह्रो,
आ..आछुछु..आछुछु..हुई ।
हुनेले पिउँछन् ह्स्की र रम,
गरिबको बढ्छ चिसोले दम ।
सुन्दर छ मेरो देश,
लाटो-अन्धो छ सरकार ।
जुनसुकै तन्त्र आए पनि
निमुखाको फेरिएन घरबार ।
यो सालको चिसो कटे बाँचिन्थ्यो कि भन्दै,
भूकम्पका पीडितहरू बस्छन् औंला गन्दै ।
**साइमन सहदेव रायमाझी, गीतकार**

शिशिरको कठ्याङग्रिने जाडोमा
बिहानै जब म त्यही बाटो भएर हिँड्छु
जुन बाटो हामी
धेरैपटक सँगसँगै हिँडेका थियौं
प्रेमका न्याना शब्दहरू साटासाट गर्दै
तिनै शब्दहरू म जस्ताको तस्तै सम्झन्छु
यो जाडो छल्नलाई ।
**विजय शिवाकोटी, गीतकार**

## ह्याप्पी बर्थ डे


आकाश अधिकारी
पुस २१ गते


श्रेषा कुँवर
पुस २१ गते


रामभक्त जोजिजू
पुस २२ गते


शिवदास गुरुङ
पुस २२ गते


इशक राई
पुस २३ गते


गम्भिर विष्ट
पुस २३ गते


पूजन थापा
पुस २३ गते


सुरज पाण्डे
पुस २४ गते


केशव खड्का
पुस २५ गते


प्रधुम्न मिश्र
पुस २५ गते


डम्बर नेपाली
पुस २५ गते


खड्ग गार्बुजा
पुस २६ गते


उदय सोताङ
पुस २७ गते


अनन्त तिमिल्सिना
पुस २७ गते


रेजिना उप्रेती
पुस २७ गते


रमित ढुंगाना
पुस २७ गते


राजेन्द्र तिमिल्सिना
पुस २७ गते


विशाल भण्डारी
पुस २७ गते

## म्युजिक डायरी

### पाल्पा लोक आइडल

-लोकसंस्कृतिको जगेर्ना गर्न पाल्पामा 'पाल्पा लोक आइडल' को तयारी प्रारम्भ भएको छ। आइडलको पहिलो अडिसन बगनासकाली गाउँपालिकाबाट यही शनिबार सुरु हुने आयोजक श्रीनगर सामुदायिक टेलिभिजनले जनाएको छ। जिल्लाका दुई नगर र आठ गाउँपालिकामा सञ्चालन गरिने अडिसनबाट छानिएकाहरूबीच तानसेनमा पुनः प्रतिस्पर्धा गराइनेछ। खेली, झ्याउरे, कौडा तथा लोकदोहोरी बढी गाइने पाल्पा लोक आइडलका विजेताले नगद १ लाख पुरस्कार प्राप्त गर्नेछन् भने उत्कृष्ट चार जना कलाकारको म्युजिक भिडियोसमेत निर्माण गरिने बताइएको छ।

### भिडियोमा नेपथ्य

स्थापनाको २५ औं वर्ष पुगेको उपलक्ष्यमा नेपथ्य ब्यान्डले आफ्नो पहिलो गीतको म्युजिक भिडियो सार्वजनिक गरेको छ। आँगनैभरि हिउँ नै झरे गीतलाई नेपथ्यले भिडियोमा प्रस्तुत गरेको हो। यसबीच माघे संक्रान्तीको अवसर पारेर नेपथ्यले माघ १ गते चितवनको नारायणगढमा लाइभ कन्सर्ट प्रस्तुत गर्ने भएको छ।

### हेटौंडाबाट म्युजिकल नाइट

नेपालको सातै प्रदेशमा आयोजना गरिने म्युजिकल नाइटको थालनी हेटौंडाबाट हुने भएको छ। पहिलो कार्यक्रम आज शुक्रबार हेटौंडाको रिगल हेटौंडा रिसोर्टमा सम्पन्न हुनेछ।



मञ्जुको सेरग्याम : गायिका मञ्जु लामाको गीति एल्बम सेरग्याम विमोचनको क्रममा संगीतकार शीलाबहादुर मोक्तान तथा गायिका कुन्ति मोक्तान।

कार्यक्रममा निरुता सिंह, श्वेता खड्का, नीता ढुंगाना, आकाश अधिकारी, यशराज गराच, जितु नेपाल, केदार घिमिरे, सीता घिमिरे, राजनराज शिवाकोटी, अञ्जु पन्त, युवराज चौलागाईं आदि कलाकारले सहभागिता जनाउने बताइएको छ।

### अर्को म्युजिक एवार्ड

नेपाली हुनुमा गर्व गरौं, नेपाली भाषा र संस्कृतिको जगेर्ना गरौं भन्ने नाराका साथ मिडिया एन्ड इन्टरटेनमेन्टले नेसनल पावर न्युज म्युजिक एवार्ड-२०१८ को आयोजना गर्ने घोषणा गरेको छ। एवार्डमा विभिन्न १३ विधामा संगीतकर्मीहरूलाई पुरस्कृत गरिनेछ। एवार्डका लागि जनवरी १, २०१५ देखि डिसेम्बर ३१, २०१७ सम्म रेकर्ड भएका नेपालीसहित नेवारी, देउडा, मैथली, भोजपुरी, शेर्पा, तामाङ, लिम्बू, राई, थारु, गुरुङ तथा मारवाडी भाषाका गीतले सहभागिता जनाउन सक्नेछन्। फागुनको दोस्रो साता प्रदान गरिने यो एवार्डका लागि ई-सेवामार्फत आवेदन दिन सकिनेछ।

### इन्दिराको पप गीत

गायिका इन्दिरा जोशीको नयाँ पप गीत 'मोहनी' को म्युजिक भिडियो सार्वजनिक भएको छ। अमेरिका निवासी गीतकार अम्बिका गुरुङका रोमान्टिक शब्दहरूको उक्त गीतमा संगीतकार महेश ज्ञवालीको संगीत निर्देशन छ। अमेरिकामै छायांकन गरिएको उक्त भिडियोलाई अनिशा के क्षेत्रीले निर्देशन गरेकी हुन्, जसमा दीप गुरुङ तथा सुनिक्षा ज्ञवालीले अभिनय गरेका छन्।

### यो दिलको राजा

गायिका देशु गोलेको स्वर तथा शब्दको 'यो दिलको राजा...' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। प्रताप लामाद्वारा संगीतबद्ध उक्त गीतमा अर्जुन पोखरेलको संगीत संयोजन छ। पासाङ योञ्जन लामाद्वारा निर्देशित भिडियोमा गौरव पहारी, शिल्पा पोखरेल तथा रक्षा श्रेष्ठले अभिनय गरेका छन्।

### हिमालसँग रवि र सारा

गायक हिमाल सागरको पछिल्लो गीत नआऊ तिमी सजिएर...को म्युजिक भिडियो सार्वजनिक भएको छ। नृपेश उप्रेतीको शब्दमा अर्जुन पोखरेलद्वारा संगीतबद्ध उक्त गीतको भिडियोलाई अर्जुन अधिकारीले निर्देशन गरेका हुन्, जसमा अभिनेता रवि सिंह तथा अभिनेत्री सारा शिर्पालीले अभिनय गरेका छन्।

### सावन होइनन्

गायक नागेन्द्र श्रेष्ठको स्वर, अरुण तिवारीको शब्द तथा टीका भण्डारीको संगीत निर्देशनमा सावन होइनन् मेरा नजर शीर्षकको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। अमृत सुनुवारद्वारा निर्देशित उक्त भिडियोमा रञ्जन रिजाल तथा रीमा विश्वकर्माले अभिनय गरेका छन्।

### तिम्रै लागि

अस्ट्रेलियामा निर्माण गरिएको गायक बिक्की श्रेष्ठको तिम्रै लागि...गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। जीवन रसाइलीद्वारा निर्देशित उक्त भिडियोमा गायक श्रेष्ठ तथा रुसा कर्माचार्यले अभिनय गरेका छन्।

### जुनी-जुनी सार्वजनिक

गायिका मेलिना राई तथा गायक विशाल निरौलाको युगल गीत जुनी-जुनीको म्युजिक भिडियो सार्वजनिक भएको छ। गायक निरौलाकै शब्द तथा संगीतको उक्त भिडियोलाई ज्ञानेन्द्र शर्माले निर्देशन तथा छायांकन गरेका छन्, जसमा कृष्टिना थापा तथा अस्किम लम्सालको अभिनय हेर्न पाइन्छ।

### कमलको लभ पर्ला

गायक कमल किरणले आफ्नै स्वर, शब्द तथा संगीतमा लभ पर्ला जस्तो छ..गीतको म्युजिक भिडियो सार्वजनिक गरेका छन्। प्रकाश धितालद्वारा निर्देशित उक्त भिडियोमा रिया श्रेष्ठ, विकास तथा दीपकको अभिनय छ।

### खोटाङ आइडलको अडिसन

खोटाङमा आयोजित जिल्लाव्यापी गायन प्रतियोगिता 'खोटाङ आइडल' को अडिसन सम्पन्न भएको छ। परिवर्तन नेपालले सञ्चालन गर्न लागेको यो प्रतियोगिताको अडिसनबाट १ सयभन्दा बढी प्रतिभा छानिएको बताइएको छ।

## फिल्मी डायरी

### अभिनय सिक्न भारत

चलचित्र विकास बोर्डले २५ जना नेपाली कलाकारलाई अभिनय सिक्न भारत पठाउने भएको छ। भारतीय दूतावासको आयोजना तथा चलचित्र विकास बोर्डको सहकार्यमा नेपाली कलाकारलाई भारतको पुनेस्थित भारतीय फिल्म तथा टेलिभिजन संस्थानमा २० दिने अभिनय प्रशिक्षण प्रदान गर्न लागिएको हो।

### यति यति पानी

माघ २६ गते प्रदर्शनमा आउने चलचित्र कृको यति यति पानी... गीतले दर्शकको मन जितेको छ। अनमोल केसीले दर्जनौं युवतीसँग रमाइलो नृत्य गरेको उक्त गीतमा अल्मोडा राना उप्रेती तथा मिस्टर आरजेको स्वर सुन्न सकिन्छ भने आरजेले नै यो गीतको शब्द तथा संगीत तयार पारेका हुन्।

### ह्याप्पी डेजको पोस्टर

माघ १२ गते प्रदर्शनमा आउने चलचित्र ह्याप्पी डेजको पोस्टर सार्वजनिक भएको छ। मिलन चाम्सद्वारा निर्देशित यो चलचित्रमा दयाहाङ राई, प्रियंका कार्की, सञ्जय गुप्ता, दिया पुन, विक्की जोशी आदि कलाकारले अभिनय गरेका छन्।

### एक करोडको प्रेमगीत

प्रदीप खड्का तथा पूजा शर्माद्वारा अभिनीत चलचित्र प्रेमगीत युट्युबमा पनि मन पराइएको छ। २०७२ सालमा प्रदर्शन भएको यो चलचित्र १ करोड पटक हेरिइसकेको छ। चलचित्रले युट्युबमा ४४ हजार लाइक पाएको छ भने ६ हजारभन्दा बढीले चलचित्रका बारेमा प्रतिक्रिया दिँदै प्रदीप र पूजाको जोडी आफूलाई मन परेको कुरा उल्लेख गरेका छन्।

### उल्झनको पोस्टर


चलचित्र उल्झनको पोस्टर सार्वजनिक भएको छ, जसमा चलचित्रका कलाकारहरू ध्रुव दत्त, रजनी केसी तथा बेनी ढुंगानालाई चित्रण गरिएको छ। राजु अधिकारीद्वारा निर्देशित यो चलचित्र चैत २ गते प्रदर्शनमा आउनेछ।

### ट्रेन्डिङमा रुद्रप्रिया

सिनेमा हलमा अपेक्षाकृत सफलता हात पार्न नसकेको चलचित्र रुद्रप्रिया युट्युबमा भने सफल भएको छ। अपलोड भएको केही दिनमै यो चलचित्र लाखौं पटक हेरिएको छ भने ट्रेन्डिङमा समेत रहन सफल भएको छ।

### साम्राज्ञी पुनः निरास

अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहलाई बेलायती राजदूतावासले पुनः एक पटक निराश तुल्याएको छ। चलचित्र 'इन्टु मिन्टु लन्डनमा' को छायांकनमा सहभागी हुन बेलायत जानका लागि उनले भारतको नयाँ दिल्लीस्थित बेलायती राजदूतावासमा दोस्रो पटक आवेदन दिएकी थिइन्। यद्यपि साम्राज्ञीलाई



लिलिबिलीको इन्डक्ल्याप : चलचित्र लिलिबिलीको छायांकन टर्कीको इस्तानबुलमा पुगेर टुंगिएको छ। प्रदीप खड्का तथा प्रियंका कार्कीलाई एउटा गीतमा नचाउँदै चलचित्रको छायांकन सम्पन्न भएको घोषणा गरिएको हो। मिलन चाम्सद्वारा निर्देशित चलचित्र लिलिबिलीमा प्रदीप र प्रियंकासहित अनुप विक्रम शाही तथा जसिता गुरुङ पनि महत्वपूर्ण भूमिकामा छन्।

दूतावासले दोस्रो प्रयासमा पनि भिसा दिएन। वास्तविक नाम प्रियंका भए पनि साम्राज्ञीको नामले लोकप्रिय यी अभिनेत्रीले भिसा नपाएपछि चलचित्रको छायांकन युनिट अन्योलमा परेको छ।

### रूपै मोहनीको कीर्तिमान

मह सञ्चारको चलचित्र शत्रु गतेको रूपै मोहनी शीर्षकको गीतले नयाँ कीर्तिमान कायम गरेको छ। उक्त गीतले युट्युबमा सर्वाधिक छिटो धेरै दर्शकले हेरेको कीर्तिमान कायम गरेको हो। उक्त गीत सार्वजनिक भएको १२ घण्टामै झन्डै १० लाख पटक हेरिएको हो। लोकराज अधिकारीको शब्द तथा टंक बुढाथोकीको संगीतको उक्त गीतमा बुढाथोकी तथा मीना निरौलाको स्वर सुन्न सकिन्छ।

### वैशाखमा लाउरे

सृष्टि श्रेष्ठ, नरेन लिम्बु तथा मिरुना मगर अभिनित चलचित्र लाउरे वैशाख २८ गते प्रदर्शनमा आउने भएको छ। सुनिल रावलको यो चलचित्रलाई विक्रम सिंह थारुले निर्देशन गरेका हुन्। यही मितिमा गोपाल चन्द्र लामिछानेको चलचित्र लम्फू पनि प्रदर्शन हुँदैछ।

### ए सोल्टिनीको ट्रेलर

नीमा लामा तामाङद्वारा निर्देशित चलचित्र ए सोल्टिनीको पोस्टर, गीत तथा ट्रेलर सार्वजनिक भएको छ। चलचित्रमा सविन श्रेष्ठ, अर्जुन गुरुङ, जयनन्द लामा, मञ्जु श्रेष्ठ, ज्ञानबहादुर जिम्बा आदि कलाकारले अभिनय गरेका छन्।

### श्रीकृष्णको सम्झनामा

दिवंगत अभिनेता श्रीकृष्ण श्रेष्ठको पुस १४ गते परेको जन्मजयन्तीका दिन अभिनेत्री तथा श्रेष्ठकी श्रीमती श्वेता खड्काले भावुक शैलीमा उनीप्रति श्रद्धाञ्जली व्यक्त गरेकी छिन्।

### बटरफ्लाइको गीत

आर्यन अधिकारी तथा प्रियंका कार्कीको मुख्य भूमिका रहेको चलचित्र बटरफ्लाइको शीर्षक गीतको भिडियो सार्वजनिक भएको छ। म गाउँदिन अब गीत शीर्षकको उक्त गीतमा युवराज चौलागाईंको स्वर सुन्न सकिन्छ भने विकास चौधरीको संगीत।

फल्यासब्याक-२०१७

# बाहुबलीले धानेको बलिउड

बलिउडको वर्ष-२०१७ अचम्मको छ । एकातिर जहाँ अत्यन्त ठूलो प्रोजेक्ट मानिएको चलचित्र बाहुबली-२ को कीर्तिमानी प्रदर्शन भयो, त्यहीँ सलमान खान, शाहरूख खान, रणबीर कपूर तथा अजय देवगण जस्ता सुपरस्टारका चलचित्रले असफलताको स्वाद चाख्नु पर्‍यो ।

समग्रमा मूल्यांकन गर्ने हो भने वर्ष-२०१७ बलिउडका लागि खराब रह्यो । रंगुन, जब हेरी मेट सेजल, ट्युबलाइट, शेफ, भूमि, राब्ता, जग्गा जासुस जस्ता चलचित्र यति नराम्रोसँग असफल हुनेछन् भन्ने कुरा कसैले कल्पनासमेत गरेका थिएनन् ।

वर्ष-२०१७ मा दर्शकहरूको मनोभावसमेत परिवर्तनशील देखियो । दर्शकहरू अब पहिलेदेखि नै यो चलचित्र हलमा हेर्ने, यो चलचित्र युट्युबमा हेर्ने अनि यो चलचित्र चाहिँ टेलिभिजनमा आएपछि मात्र हेर्ने भन्ने निर्णय गर्न थालेका छन् । चलचित्र राम्रो होस् अथवा नराम्रो, दर्शकले चलचित्र प्रदर्शन हुनुभन्दा अघि नै यस्तो निर्णय गर्न थालेपछि चलचित्रको व्यवसायमा प्रत्यक्ष प्रभाव परेको हो ।

सिनेमा हलको बढ्दो टिकट शुल्क पनि चलचित्रप्रतिको विकर्षणको एउटा कारण हो, यद्यपि वर्ष-२०१७ मा सिनेमा हलप्रति दर्शकको उदासीनता निकै बढेको पाइयो । स्क्रिनको आकारले अब महत्वपूर्ण भूमिका निर्वाह गर्न छाडेको छ । मोबाइलको पाँच इन्चको स्क्रिनबाट समेत दर्शकले उत्तिकै आनन्द लिन थालेका छन् । टेलिभिजनका दर्जनौं च्यानलबाट हरेक दिन प्रसारण हुने सयौं चलचित्र घरमै बसेर हेर्न सकिने उत्तम विकल्प दर्शकहरूसँग छ । इन्टरनेटको अर्को सशक्त माध्यम पनि दर्शकसँग छ । पाइरेटेड चलचित्र प्रदर्शन भएकै दिन उपलब्ध हुन थालेका छन् । यस्तो अवस्थामा सिनेमा हलमा गएर चलचित्र हेर्ने दर्शकको संख्या प्रत्येक वर्ष घटिरहेको छ । यिनै कारणले वर्ष-२०१७ मा बलिउडलाई नराम्रो झट्का लागेको हो ।



## स्टारको चमक

ट्युबलाइट फ्युज भएपछि सफलताको उचाइमा रहेका सलमान खानले झट्का खाए । उनले पनि के कुरा बुझे भने स्टारडमको नाममा जस्तो पायो त्यस्तो चलचित्र दियो भने असफलता मात्र हात लाग्छ । शाहरूख खानको स्टार छविलाई रइस तथा जब हेरी मेट सेजलको असफलताले धक्का दियो । आमिर खानले सीक्रेट सुपरस्टारमा छोटो भूमिका निर्वाह गरेर दर्शकको मन जिते । रितिक रोशन सक्षम छन्, तर काबिलले सफलता पाएन । अक्षय कुमारको चम्किलो अभिनय यात्रा दुई सुपरहिट चलचित्रका कारण यो वर्ष थप एकदम अघि बढ्यो । अजय देवगणले लामो समयपछि गोलमाल अगेनका रूपमा सफलता हात पारे । बादशाहोंको असफलताबाट भने उनी निराश भए । युवा स्टारमध्ये वरुण धवनले आफ्नो उचाइ अझ अग्लो बनाए । उनले अभिनय गरेका जुडवा-२ तथा बद्रीनाथ कि दुल्हनियाँ सफल रहे । अहिले उनको माग अझ बढ्न थालेको छ । रणबीर कपूर र सफलताका बीच ३६ को आँकडा चलिरह्यो । यो वर्ष रणबीर सिंहका कुनै पनि चलचित्र प्रदर्शन भएनन् । सिद्धार्थ मल्होत्रा तथा अर्जुन कपूरले खासै चमत्कार गर्न सकेनन् । मुन्ना माइकलले टाइगर श्राफलाई पनि झट्का दियो । राजकुमार राव तथा आयुष्मान खुरानाहरूले पनि अचेल सफल चलचित्र दिन थालेका छन् । इरफान खान तथा नवाजुद्दीन सिद्दीकीको सम्भावना पनि जीवितै छ । उनीहरू कलाकारबाट स्टार बन्ने मार्गमा हिँड्न थालेका छन् । सैफ अली खान, शाहिद कपूर, सुशान्त सिंह राजपूत, आदित्य राय कपूर, फरहान अख्तर, इमरान हाशमी आदि अभिनेताहरूको स्थिति कमजोर हुँदै गयो । सनी देओल, सञ्जय दत्त, गोविन्दा आदि पुराना अभिनेता यो वर्ष थकित देखिए ।

## पर्दाका परीहरू

बलिउडमा अभिनेत्रीहरूको आफ्नै स्थान, महत्व तथा आवश्यकता छ । यद्यपि बलिउडले लामो समयदेखि नयाँ स्टार अभिनेत्री पाएको छैन । प्रियंका चोपडा हलिउडमा व्यस्त छिन् । यो वर्षको उनको एउटा मात्र हलिउड चलचित्र प्रदर्शनमा त आयो, तर असफल भयो । करीना कपूर खान आमा बनिसकेकी छिन् । उनी अचेल निकै कम चलचित्रमा काम गरिरहेकी छिन् । दीपिका पादुकोणको अधिकांश समय पद्मावतीमै बित्यो, यद्यपि उक्त चलचित्र यो वर्ष प्रदर्शनमा आउन सकेन । कट्रीना कैफले यही स्थितिको फाइदा उठाइरहेकी छिन् र पुनः एक पटक आफ्नो करियरलाई सुदृढ बनाएकी छिन् । ज्याकलिन फर्नान्डिज केवल ग्ल्यामर डलका रूपमा परिचित छिन् । आलिया भट्टले आफ्नो यात्रालाई सुस्त बनाएकी छिन् । कृति सेननले बरेली की बर्फीमार्फत करियरमा मिठास हासिल गरिन् । भूमि पेडनेकरले दुईवटा सफल चलचित्र दिइन् । त्यसले उनलाई फाइदा पुर्‍याउने निश्चित छ । सोनाक्षी सिन्हाको खराब यात्रा जारी छ । विद्या बालन त्यस्ता चलचित्रमा मात्र अभिनय गर्छिन्, जसमा उनको लायक केही कुरा हुन्छ । विद्याको तुम्हारी सुलु सफल रह्यो । अनुष्का शर्माको करियरमा यो वर्ष खासै उपलब्धि देखिएन । विवाह गर्नुनै उनको सबैभन्दा ठूलो उपलब्धि मानियो । श्रद्धा कपूरका तीन चलचित्र प्रदर्शनमा आए, तर ती चलचित्रले उनलाई कुनै पनि प्रकारको फाइदा दिएनन् । कंगना रणावतको स्पष्टवक्ताको छविले पनि उनका चलचित्रलाई डुब्नबाट जोगाउन सकेन । रिचा चड्ढाले फुकरे रिटर्न्समार्फत ठूलो सफलता हासिल गरिन् ।

### वर्षका ब्लकबस्टर चलचित्र

वर्ष-२०१७ मा अचम्मको कुरा के भयो भने चलचित्र बाहुबली-२ ले सर्वाधिक व्यवसाय गर्‍यो, जुन एउटा डबिङ चलचित्र थियो । बाहुबली-२ को आम्दानीले बलिउडका निर्माताहरूको समेत होस उडाइदियो । चोपडा तथा जौहर जस्ता निर्माता, जो आफ्नो सफलताप्रति घमन्ड गर्छन्, यो दक्षिण भारतीय चलचित्रको सफलताको सामुन्ने आफैंलाई होचो अनुभव गर्न बाध्य भए, खान-कुमार तथा रोशनहरूले समेत आफ्नो उचाइ घटेको अनुभव गरे । बाहुबली-२ मा बलिउडका कुनै पनि स्टार थिएनन्, न कुनै गीत नै लोकप्रिय भएको थियो, न यसका कलाकार कुनै रियालिटी शो तथा सहर अनि मलहरूमा देखिए । यी सबै कुरा नहुँदासमेत यो चलचित्रले ऐतिहासिक सफलता हासिल गरेर सम्पूर्ण समीकरणलाई ध्वस्त पारिदियो । चलचित्रको हिन्दी संस्करणले मात्र करिब ५ सय ११ करोड भा.रु. बराबरको व्यवसाय गर्‍यो । यो तथ्यांकसम्म अहिलेसम्म कुनै पनि हिन्दी चलचित्र पुग्न सकेका छैनन् । सम्पूर्ण संस्करण मिलाएर यो चलचित्रले १ हजार ५ सय करोड भारुभन्दा बढीको व्यवसाय गर्‍यो । यसबाट के प्रमाणित हुन्छ भने यदि चलचित्र क्लिक भयो भने व्यवसाय पनि ऐतिहासिक हुन सक्छ । वर्ष-२०१७ मा बाहुबली-२ बाहेक अन्य कुनै पनि चलचित्र ब्लकबस्टर भएनन् । वर्षको अन्त्यमा सलमान खानको टाइगर जिन्दा हैबाट केही आशा गरिएको छ ।

### सुपरहिट चलचित्र

रोहित शेट्टीको चलचित्र गोलमाल अगेनले २ सय करोड (भारु) भन्दा बढीको व्यवसाय गर्‍यो । यसबाट निर्देशक शेट्टीले पुनः एक पटक आफू दर्शकको मनोभाव अध्ययन गर्न सक्षम छन् भन्ने कुरा प्रमाणित गरिदिए ।

अक्षय कुमारको ट्वाइलेट एक प्रेम कथा तथा जोली एलएलबी-२ पनि सुपरहिट भए । कम बजेटका कारण पनि यी दुवै चलचित्र सुपरहिटको श्रेणी प्राप्त गर्न सफल भएका हुन् । यी दुवै चलचित्रले सवा सय करोड भारुबराबरको व्यवसाय गरे । अक्षय कुमारले पृथक शैलीका चलचित्रमा अभिनय गरेर सफलता हासिल गरे । वर्षको अन्त्यतिर प्रदर्शन भएको चलचित्र फुकरे रिटर्न्स पनि सुपरहिट भयो । उक्त चलचित्रमा नाम चलेका कलाकारहरू थिएनन्, यद्यपि दर्शकले यसलाई मन पराए । ब्रान्ड फुकरे अहिले स्थापित भैसकेको छ । त्यसो त वरुण धवनको बद्रीनाथ की दुल्हनियाँलाई पनि सुपरहिट चलचित्रकै श्रेणीमा राख्न सकिन्छ ।

### हिट चलचित्र

जुडवा-२ बाहेक हिट चलचित्रको सूचीमा पर्ने सफल चलचित्र आफ्ना विषयवस्तुका कारण मात्र सफल हुन सके । जुडवा-२ लाई मसाला चलचित्रकर्मी डेविड धवनले सम्पूर्ण मसला समावेश गरेर निर्माण गरेका थिए । सीक्रेट सुपरस्टार, तुम्हारी सुलु, न्यूटन, शुभमंगल सावधान, लिपस्टिक अण्डर माई बुरका तथा हिन्दी मिडियम जस्ता चलचित्र पनि हिट भए । यी चलचित्रको सफलताले के कुरा स्पष्ट पार्छ भने राम्रा चलचित्रका लागि दर्शकहरू अझै पनि सिनेमा हलसम्म आउन सक्छन् । खासगरी ठूला शहरका मल्टिप्लेक्सहरूमा यी चलचित्रको व्यवसाय उत्कृष्ट रह्यो ।

### औसत चलचित्र

यो श्रेणीमा सहभागी चलचित्रले लगानीभन्दा केही बढी आम्दानी गरे । केही चलचित्रलाई सेटेलाइट राइटले बचायो, जस्तो चलचित्र इत्तेफाक । रइस तथा काबिल जस्ता ठूला कलाकारका चलचित्र पनि यो श्रेणीमा छन्, किनभने यी चलचित्रका निर्माताले त प्रसस्त आम्दानी गरे, तर केही वितरक घाटा सहन बाध्य भए । सचिन : ए बिलियन ड्रीम्स जस्तो डकूड्रामा पनि औसत रह्यो । बरेली की बर्फी, मम, द गाजी एट्याक (डब) तथा हाफ गर्लफ्रेण्डले राम्रो सुरुवात गरेका थिए, यद्यपि त्यसले निरन्तरता पाएन ।

### असफल चलचित्र

वर्ष-२०१७ मा प्रदर्शन भएका बलिउड चलचित्रमध्ये असफल चलचित्रको सूची निकै लामो छ । यहाँ त्यस्ता केही चलचित्रको चर्चा गरिएको छ, जसबाट निकै आशा गरिएको थियो । शाहरूख खानको जब हेरी मेट सेजल नराम्रोसँग असफल भयो । रणबीर कपूरको जग्गा जासुसलाई पनि दर्शकले मन पराएनन् । सबैभन्दा बढी आश्चर्य त सलमान खानको ट्युबलाइटले गर्‍यो । सलमानले नाफा कमाए, तर वितरकहरूलाई घाटा भयो । सानो पर्दाका ठूला कलाकार कपिल शर्माको फिरंगी सामान्य चलचित्र सावित भयो । रंगुन तथा राब्ता जस्ता चलचित्रको असफलताले त त्यसमा आबद्ध व्यक्तिहरूलाई नराम्रो पीडा दियो । मुन्ना माइकल तथा ए जेन्टलमेन पनि नराम्रोसँग चिप्लिए । महिला प्रधान चलचित्र बेगम जान, हसीना पारकर, सिमरन, नूर, नाम शबाना, अनारकली अफ आरा, फिल्लौरी आदि चलचित्रले पनि दर्शकको मन जित्न सकेनन् । ८० तथा ९० को दशकका सुपरस्टार सनी देओल (पोस्टर ब्वाइज), सञ्जय दत्त (भूमि) तथा गोविन्दा (आ गया हिरो) का चलचित्रलाई पनि दर्शकले माया गरेनन् । सुपरस्टारहरूको भीड रहेको चलचित्र बादशाहो पनि असफल भयो । करिब-करिब सिंगल, बैंक चोर, सरकार-३, मेरी प्यारी बिन्दु, कैदी ब्याण्ड, ओके जानूलाई पनि दर्शकले पत्याएनन् । प्रियंका चोपडा तथा दीपिका पादुकोणका हलिउड चलचित्रलाई समेत दर्शकहरूले वास्ता गरेनन् ।

फल्यासब्याक-२०१७

# हलिउड २०१७


# उत्कृष्ट १० बक्स अफिस कलेक्सन

सन् २०१७ जनवरी ६ मा एउटा चलचित्र आयो– अन्डरवर्ल्ड ब्लड वार्स । वर्षको पहिलो चलचित्रका रूपमा सार्वजनिक भएको उक्त चलचित्रदेखि अन्तिम शुक्रबार प्रदर्शित चलचित्र फिल्मस्टार डन्ट डाई इन लिभरपुल सम्म आइपुग्दा हलिउडबाट ६ सय ७८ चलचित्र सार्वजनिक भएको पाइन्छ, जसमा सेप्टेम्बर महिनामा मात्र १ सय ३ चलचित्र प्रदर्शन भए । तीमध्ये कुनै हप्ता एउटा मात्र चलचित्र रिलिज भए भने कुनै-कुनै हप्ता २५ वटासम्म चलचित्र सार्वजनिक भए । ती सबै चलचित्रमध्ये हलिउड बक्स अफिसमा कमै चलचित्र मात्र सफल भए । यो वर्ष ७ सयको हाराहारीमा चलचित्र प्रदर्शन भए पनि ७० वटा चलचित्र पनि व्यवसायिक रूपमा सफल हुन सकेनन्, तैपनि केही चलचित्रले कीर्तिमान नै राख्ने गरी व्यवसाय गरे ।

## उत्कृष्ट १० व्यवसायिक चलचित्र







### १. ब्युटी एन्ड द बिस्ट

परी कथामा आधारित चलचित्र ब्युटी एन्ड द बिस्टमा एम्मा वाट्सन र डान स्टेभन्सको जोडीलाई संसारभरका दर्शकले रुचाए । बिल कोन्डनद्वारा निर्देशित यो चलचित्रलाई वाल्ट डिज्ने पिक्चर्सले निर्माण गरेको हो । नेपालमा सुनकेशरी मैयाँको बालकथा निकै पहिलेदेखि प्रचलित छ, चलचित्र ब्युटी एन्ड द बिस्ट त्यस्तै कथामा आधारित छ ।

**बक्स अफिस कलेक्सन** : १ अर्ब २६ करोड ३५ लाख २१ हजार १ सय २६ डलर

### २. द फेट अफ द फ्युरियस

चर्चित एक्सन सिरिज फास्ट एन्ड फ्युरियसको आठौं सिक्वेलका रूपमा प्रदर्शित चलचित्र द फेट अफ द फ्युरियस पनि व्यवसायिक रूपमा सफल चलचित्रमा दरिएको छ । एफ ग्रेग्रेद्वारा निर्देशित चलचित्र द फेट अफ द फ्युरियस सम्भवतः बक्स अफिसमा लगातार सफल हुने दुर्लभ सिक्वेल हो ।

**बक्स अफिस कलेक्सन** : १ अर्ब २३ करोड ५७ लाख ६१ हजार ४ सय ९८ डलर

### ३. डिस्पिकेबल मी-३

यो पनि सिक्वेल चलचित्र नै हो । कम्प्युटर एनिमेटेड स-साना मिनियन्सको मुर्खतापूर्ण क्रियाकलापलाई दर्शकहरूले अघिल्ला दुई प्रिक्वेलमा पनि रुचाएका थिए । तेस्रो सिक्वेलमा मिनियन्सलगायत अघिल्ला प्रायः सबै रमाइला क्यारेक्टरले चलचित्र डिस्पिकेबल मी-३ लाई बक्स अफिसमा सफलता दिलाए ।

**बक्स अफिस कलेक्सन** : १ अर्ब ३ करोड ३५ लाख ८ हजार १ सय ४७ डलर

### ४. स्पाइडरम्यान : होम कमिङ

मार्बल कमिक्सका चर्चित सुपरहिरोहरूमध्ये धेरैले रुचाएको पात्र स्पाइडरम्यानलाई केन्द्रीय चरित्र बनाएर निर्माण गरिएको फेन्टासी साइन्स फिक्सन चलचित्र स्पाइडरम्यान होम कमिङलाई जोन वाट्सले निर्देशन गरेका हुन् । यसपटक पनि स्पाइडरम्यानले दर्शकहरूको मनमा राम्रै जालो बुन्यो ।

**बक्स अफिस कलेक्सन** : ८ अर्ब ८० करोड १६ लाख ६ हजार ९ सय २४ डलर

### ५. उल्फ वारियर टु

सन् २०१५ मा प्रदर्शित चिनियाँ एक्सन चलचित्रको सिक्वेल हो– वोल्फ वारियर टु । चिनियाँ निर्देशक वु जिङको निर्देशन तथा मुख्य भूमिका रहेको यो चलचित्रका एक्सन दृश्य निकै रोचक छन् । त्यसैले पनि दर्शकले यो चलचित्र मन पराए ।

**बक्स अफिस कलेक्सन** : ८ अर्ब ७० करोड ३२ लाख ५ हजार ४ सय ३९ डलर

### ६. गार्जेन्स अफ ग्यालेक्सी भाग-२

मार्बल कमिक्सले आफ्ना कमिक्सका सुपरहिरोहरूलाई पर्दामा उतार्ने क्रममा तयार पारेको गार्जेन्स अफ ग्यालेक्सीले निकै प्रशंसा र दर्शकको साथ पायो । त्यसैगरी वर्ष २०१७ मा आएको उक्त सिरिजको दोस्रो सिक्वेलले समेत निकै राम्रो सफलता प्राप्त गर्‍यो । यो चलचित्र जेम्स गनद्वारा निर्देशित थियो ।

**बक्स अफिस कलेक्सन** : ८ अर्ब ६३ करोड ५६ लाख ५ हजार ५ सय २७ डलर

### ७. थोर : रग्नारोक

मार्बल कमिक्सकै एउटा सुपरहिरो हुन्– थोर अर्थात् देउताका सुपुत्र । उनले अर्का भीमकाय सुपरहिरो हल्कसँग मिलेर आफ्नै शैतान दिदीले कब्जामा लिएको साम्राज्य ध्वस्त पार्छन् । हथौडा बोकेर युद्ध गर्ने योद्धा थोरको युद्ध कला दर्शकहरूले निकै रुचाए ।

**बक्स अफिस कलेक्सन** : ८ अर्ब ४४ करोड ५३ लाख १ हजार १ सय ८६ डलर

### ८. वन्डर वुमेन

सुपर हिरोहरूको बाहुल्यता रहेका बेला डिसी कमिक्सले वन्डर वुमेन नाम गरेकी सुपरहिरोइनलाई पर्दामा उतार्‍यो, जसको सुन्दरता एवं डरलाग्दा एक्सन दृश्यले सबैको मन जित्यो । वन्डर वुमेन बनेकी अभिनेत्री गल ग्याडोटले पनि प्रशस्त चर्चा पाइन् भने निर्माताहरूको थैलीसमेत भरियो ।

**बक्स अफिस कलेक्सन** : ८ अर्ब २१ करोड ८४ लाख ७ हजार १२ डलर

### ९. पाइरेट्स अफ द क्यारिबियन : डेड मेन टेल नो टेल्स

हलिउडका अभिनेता जोनी डिपले जड्याहा योद्धा ज्याक स्प्यारोको भूमिकाबाट धेरैको मन जिते । पाइरेट्स अफ द क्यारिबियनका प्रिक्वेलहरूको तुलनामा यो सिक्वेलमा ज्याकलाई किशोर देखाइएको छ । फेन्टासी विधाको यो चलचित्रलाई दुई निर्देशक जोआचिम रोनिङ तथा इस्पेन स्ट्यान्डवर्गले संयुक्त रूपमा निर्देशन गरेका थिए ।

**बक्स अफिस कलेक्सन** : ७ अर्ब ९४ करोड ८६ लाख १ हजार ९४ डलर

### १०. स्टार वार्स द लास्ट जेडी

हलिउडमा स्टारवार्स श्रृंखलाका चलचित्र बारम्बार निर्माण भैरहेका हुन्छन् र दर्शकबाट रुचाइन्छ पनि । सिक्वेलको पनि तेस्रो भागका रूपमा आएको चलचित्र स्टार वार्स द लास्ट जेडीलाई दर्शकले मन पराएपछि यसले राम्रो आम्दानी गर्‍यो ।

**बक्स अफिस कलेक्सन** : ७ सय ४५ करोड ३८ लाख ८ हजार ५६ डलर

फल्यासब्याक-२०१७

## हलिउड-२०१७

# वर्षका महँगा अभिनेता



वर्ष-२०१७ मा हलिउड प्रविधिमा जति अघि बढ्यो, त्यही अनुपातमा त्यहाँका चलचित्रमा काम गर्ने अभिनेता/अभिनेत्रीहरुको पारिश्रमिक पनि बढ्यो । त्यसमा पनि करोडौं पारिश्रमिक लिएर चलचित्रका लागि काम गर्ने अभिनेता/अभिनेत्रीहरुको सूची वर्षको अन्त्यमा आएर सार्वजनिक भएको छ । हलिउडबाट प्रकाशित हुने अनलाइन पत्रिका द वार्पले सार्वजनिक गरेको सूचीलाई आधार मानेर तयार पारिएको १०-१० जना महँगा अभिनेता/अभिनेत्रीसम्बन्धी रिपोर्ट :





### महँगा अभिनेता

**१. मार्क वाहलवर्ग**

अमेरिकी अभिनेता मार्क वाहलवर्ग पेशाले अभिनेता भए पनि उनी चलचित्र निर्माता, व्यवसायी, र्‍यापर, गीतकार तथा पूर्वमोडल समेत हुन् । ४६ वर्षीय यी अभिनेताले वर्ष-२०१७ मा दुईवटा चलचित्रमा मुख्य भूमिका निर्वाह गरे । उनले चलचित्र 'ट्रान्सफर्मर्स : द लास्ट नाइट' तथा 'ड्याडीज होम टु'बाट ६ करोड ८० लाख डलर पारिश्रमिक पाएका छन्, जुन संसारभरका अभिनेताहरूले लिने पारिश्रमिकमा सर्वाधिक हो ।

**२. ड्वेन 'द रक' जोहन्सन**

रेस्लिङको रिङमा द रकका रूपमा कहलिएका अभिनेता ड्वेन जोहन्सन ४५ वर्षका भए । चलचित्रमा आएदेखि उनले अभिनय गरेका प्रायः चलचित्र व्यवसायिक रूपमा सफल छन् । करोडौं दर्शकबाट रुचाइएका द रक सर्वाधिक पारिश्रमिक लिने अभिनेताहरूको सूचीको दोस्रो स्थानमा छन् । रकले वर्ष २०१७ मा अभिनय गरेका चलचित्रबाट कुल ६ करोड ५ लाख पारिश्रमिक प्राप्त गरेका छन् । यो वर्षको पूर्वार्द्धमा उनको मुख्य भूमिका रहेको चलचित्र 'जुमान्जी' प्रदर्शनमा आउँदैछ ।

**३. भिन डिजेल**

अभिनेता भिन डिजेलको वास्तविक नाम मार्क सिन्क्लेर हो । अमेरिकी चलचित्रका अभिनेता, निर्माता, निर्देशक तथा लेखक भिन डिजेल ५० वर्षका भए । 'फास्ट एन्ड फ्युरियस' सिरिज तथा 'एभेन्जर्स'बाट ख्याति कमाएका भिन डिजेलले 'फास्ट एण्ड फ्युरियस'को आठौं श्रृंखलाका साथै 'ट्रिपल एक्स : द रिटर्न अफ जेन्डर केज' र 'गार्जेन अफ ग्यालेक्सी'को दोस्रो श्रृंखलामा काम गरेबापत ५ करोड ४४ लाख डलर पारिश्रमिक लिएका थिए ।

**४.एडम सेन्डलर**

५१ वर्षीय अभिनेता एडम सेन्डलर एकताका हास्य चलचित्रमा निकै छाए । हास्य अभिनेता, चलचित्र लेखक, चलचित्र निर्माता तथा संगीतकारका रूपमा उनले प्रसस्तै धेरै काम गरेका छन् । वर्ष २०१७ मा अमेरिकी अनलाइन तथा चलचित्र निर्माण संस्था नेटफिल्क्ससँग चारवटा चलचित्रका लागि अनुबन्धित एडमले ५ करोड ५ लाख डलर पारिश्रमिक लिएका छन् ।

**५. ज्याकी च्याङ**

मार्सल आर्टलाई चलचित्रमा भिन्दै ढंगबाट प्रस्तुत गर्ने हडकडका अभिनेता, स्टन्टम्यान, निर्देशक, चलचित्र लेखक, निर्माता ज्याकी च्याङ विश्व प्रसिद्ध अभिनेता हुन् । बालकलाकारका रुपमा चाइनिज चलचित्र हुँदै हलिउडका बिग ब्यानरका चलचित्रसम्म प्रभाव जमाउन पुगेका ६३ वर्षीय ज्याकीले वर्ष २०१७ भरी चाइनिज तथा अंग्रेजी भाषाका चलचित्रमा काम गरेर कुल ४ करोड ९ लाख डलर कमाए ।

**६. रोबर्ट डाउने जुनियर**

५२ वर्षीय रोबर्ट डाउने जुनियर हलिउडमा आइरन म्यानका रूपमा परिचित छन् । मार्बल सिनेम्याटिक युनिभर्सका फेन्टासी चलचित्रमा काम गर्ने अभिनेताहरूमध्ये सर्वाधिक पारिश्रमिक लिने अभिनेता रोबर्टले वर्ष २०१७ मा ४ करोड ८ लाख डलर पारिश्रमिक लिएका छन् ।

**७. टम क्रुज**

टम क्रुज ५५ वर्षका भए, तै अझै पनि एक्शन चलचित्रका अभिनेताहरूको नाम लिने बित्तिकै उनको नाम पहिलो पंतिमा आउँछ । टमले मिसन इम्पोसिबल सिरिजबाट ख्याति कमाए । वर्ष २०१७ मा उनले चलचित्र द ममी र मिसन इम्पोसिबल सिक्सबाट ४ करोड ३ लाख डलर पारिश्रमिक पाएका थिए ।

**८. क्रिस हेम्सवर्थ**

मार्वल सिनेम्याटिक युनिभर्सका सुपरहिरो चरित्रहरूमध्ये थोरको चरित्र निर्वाह गरेका ३४ वर्षीय अभिनेता क्रिस हेम्सवर्थ मार्बलबाट अत्याधिक पारिश्रमिक पाउने अभिनेताहरू मध्येमा दोस्रो हुन् भने उनी हलिउडमा सर्वाधिक पारिश्रमिक पाउने अभिनेताहरूमध्ये आठौं हुन् । क्रिसले यो वर्ष ३ करोड १५ लाख डलर पारिश्रमिक प्राप्त गरेका छन् ।

**९. टम ह्यांक्स**

हास्य तथा नाटकिय चलचित्रमा काम गर्ने टम ह्यांक्स ६१ वर्षका छन् । सामाजिक चलचित्रहरूमा आफ्नो जबरजस्त प्रभाव बनाउने यी अभिनेताले वर्ष २०१७ मा चलचित्र द सर्कल, सुल्ली र इन्फेर्नोमा काम गरेर ३ करोड १ लाख डलर पारिश्रमिक बटुलेका छन् ।

**१०. स्यामुयल एल ज्याक्सन**

स्यामुयल एल ज्याक्सन बढी जसो नकारात्मक छनक दिने चलचित्रमा देखिन्छन् । ६९ वर्षका स्यामुयल एल ज्याक्सन सर्वाधिक पारिश्रमिक लिने सबैभन्दा बढी उमेरका अभिनेता समेत हुन् । स्यामुयलले वर्ष २०१७मा 'कङः स्कुल आइल्याण्ड', 'ट्रिपल एक्स : रिटर्न अफ जेन्डर केज' तथा 'द हिटम्यान्स बडिगार्ड'मा काम गरेवापत कुल ३ करोड ५ लाख डलर पारिश्रमिक प्राप्त गरेका थिए ।

### महँगा अभिनेत्रीहरू



**१. एम्मा स्टोन**

गत वर्ष चलचित्र 'लाला ल्याण्ड'बाट उत्कृष्ट अभिनेत्रीको विधामा ओस्कार जितेपछि २९ वर्षीया अभिनेत्री एम्मा स्टोनको चर्चा एवं व्यस्तता अझ बढ्यो । यो वर्ष उनले विभिन्न चलचित्रबाट दुई करोड छ लाख डलर पारिश्रमिक बुझेकी छिन् ।

**२. जेनिफर एनिस्टन**

'फ्रेन्डस्' टेलिभिजन श्रृंखलाबाट दर्शकको नजरमा परेकी ४८ वर्षीया जेनिफर एनिस्टनले अभिनेता ब्राड पिटसँग विवाह गरेकी थिइन, तर त्यो विवाह धेरै वर्ष टिकेन । वर्ष २०१७ मा जेनिफरले 'द एल्लो बर्डस्' जस्ता चलचित्रमा काम त गरिन्, तर उनले विभिन्न उत्पादनको ब्रान्ड एम्बेसडर भएबापत अझ राम्रो पारिश्रमिक प्राप्त गरिन् । वर्ष २०१७ मा उनले २ करोड साढे ५ लाख डलर पारिश्रमिक लिएको बताइन्छ ।

**३. जेनिफर लरेन्स**

२७ वर्षीया जेनिफर लरेन्स २०१५ र २०१६ मा सर्वाधिक पारिश्रमिक लिने अभिनेत्री थिइन् । 'हंगर गेम्स मुभी'बाट चर्चामा आएकी जेनिफरले वर्ष २०१७ मा चलचित्र 'मदर' र 'रेड स्पेरो'का साथै एक पर्फ्युमको ब्रान्ड एम्बेसडरका रूपमा २ करोड ४ लाख डलर कमाएकी छिन् ।

**४. मेलिस्सा मेक्कार्थी**

शरीर मोटो भए पनि ४७ वर्षीया मेलिस्सा मेक्कार्थी दर्शकको रोजाइमा परेकी अभिनेत्री हुन् । हास्य अभिनयबाट चलचित्रमा प्रवेश गरेकी मेलिस्साले चलचित्र माइक एन्ड मोल्ली, घोस्टबस्टर तथा लाइफ अफ द पार्टीबाट यो वर्ष १ करोड ८ लाख डलर पारिश्रमिक प्राप्त गरेकी छिन् ।

**५. मिला कुनिस**

३४ वर्षीया युक्रेनियन सुन्दरी मिला कुनिसले हलिउडमा राम्रो प्रभाव जमाएकी छिन् । चलचित्र 'ब्याड मम्' ले सफलता पाएपछि त्यसको सिक्वेलका लागि वर्ष २०१७ मा उनले १ करोड ५५ लाख डलर पारिश्रमिक प्राप्त गरिन् ।

**६. एम्मा वाटसन**

बेलायती अभिनेत्री एम्मा वाटसनले हलिउडका विभिन्न चलचित्रमा आफूलाई फरक ढंगबाट प्रस्तुत गर्दै आएकी छिन् । यी २७ वर्षीया अभिनेत्रीलाई वर्ष २०१७ मा प्रदर्शित 'ब्युटी एन्ड द बिस्ट' तथा 'द सर्कल' मा काम गरेबापत १ करोड ४ लाख डलर पारिश्रमिक दिइएको थियो ।

**७. चार्लिज थेरोन**

४२ वर्षीया दक्षिण अफ्रिकी अभिनेत्री चार्लिज थेरोनले वर्ष २०१७ मा 'एटोमिक ब्लोन्ड' र 'द फेट अफ द फ्युरियस'मा काम गरेबापत १ करोड ४ लाख डलर पारिश्रमिक पाएकी थिइन् ।

**८. केट ब्लान्शेट**

वर्ष २०१७ मा चलचित्र 'थोर र्‍यागनरक'मा खलअभिनेत्रीका रूपमा चर्चा कमाएकी अभिनेत्री केटले उक्त चलचित्रका लागि १ करोड २ लाख डलर पारिश्रमिक पाएकी थिइन् ।

**९. जुलिया रोबर्ट्स**

'प्रिटी उमेन' का रूपमा चर्चा कमाएकी ५० वर्षीया अभिनेत्री जुलिया रोबर्ट्सले वर्ष २०१७ मा चलचित्र 'बन्डर' बाट १ करोड २ लाख डलर पारिश्रमिक पाइन् ।


**१०. एमी एडम्स**

एमी एडम्सले पाँच पटक ओस्कार जितेकी छिन् । ४३ बर्षिया यी अभिनेत्रीले वर्ष २०१७ मा चलचित्र 'एराइभल' र 'जस्टिस लिग'बाट कुल १ करोड १५ लाख डलर पारिश्रमिक प्राप्त गरेकी थिइन् ।

विकेन्ड क्याफे

# हाइल्यान्ड बिन्स कफी

नेपालमै उत्पादित कफी बिन्सलाई आफैंले पिनेर बनाइने कफीका विभिन्न स्वादका लागि हाइल्यान्डका चेन क्याफेहरू उपयुक्त छनौट हुनसक्छन् । राति १० बजेसम्म सेवा प्रदान गर्ने हाइल्यान्ड विन्स कफीका शाखाहरू गौशालाको पिंगलास्थान, बत्तीसपुतली, ललितपुरको महालक्ष्मीस्थान, बौद्ध तथा भक्तपुरको दतात्रयमा छन् । तीन जना साथी दुर्गाबहादुर श्रेष्ठ, अनिल चौहान एवं कुशल गिरीले सञ्चालनमा ल्याएको यो चेनलाई अझ विस्तार गर्दै जाने उनीहरूको योजना छ । हाइल्यान्डमा कफीका अतिरिक्त आफ्नै बेकरीमा उत्पादित केक र बेकरीका साथै मम, पास्ता, स्पागेटी, पिज्जा आदि समेत पाइन्छ ।










फ्राइ डे लाइभ

# फ्राइ-ए @ ओदान

वर्ष २०१८ को पहिलो विकेन्ड मनाउने मुडमा हुनुहुन्छ भने आज शुक्रबार कम्प्लिमेन्टरी ड्रिङ्स, हुक्का, ककटेल्स तथा मोक्टेल्सका साथ दृश्य ब्यान्डले प्रत्यक्ष गीत-संगीत सुनाइदैछ ।



**मिति** : पुस २१ गते, शुक्रबार
**स्थान** : ओदान रेस्टुराँ एन्ड लाउञ्ज, बाँसबारी
**समय** : साँझ ५ बजे

विकेन्ड हब

# सान्नानी दोहोरी साँझ

दोहोरी साँझमा गएर रम्नेहरूका लागि पोखराको चिप्लेढुङ्गामा सान्नानी दोहोरी साँझ सञ्चालनमा आएको छ । केही महिनाअघिदेखि अनौपचारिक रूपमा सञ्चालनमा आएको यो दोहोरी साँझप्रति दोहोरी पारखीहरूको आकर्षण भने बढ्दो छ । यहाँ शुक्रबार र शनिबार विशेष प्रस्तुति हेर्न पाइन्छ ।

यो दोहोरी साँझमा नियमित कलाकारका रूपमा जय कुमार परियार, सुनिल गायक, सजना बाँस्तोला, नवीन गायक, कसम हमाल, सुनिता हमाल, ईश्वर खड्का, उषा परियार, शान्ती कार्की, कुसन गायक, बुद्धि थापा, विशाल गायक, समीर गुरुङ, विमल गायक आदि प्रस्तुत हुन्छन् । बेला-बेलामा अतिथि कलाकारका रूपमा राष्ट्रिय स्तरका कलाकारहरू निम्त्याइने यो दोहोरी साँझमा बेलुका ७ बजेदेखि ११ बजेसम्म रम्न पाइन्छ ।



विकेन्ड लाइभ

# कन्सर्ट विद यम बराल

'बादलुको घुम्टोले', 'अब चोटहरूले', 'दिलमाया' जस्ता दर्जनौ आधुनिक गीतका गायक यम बराल आज शुक्रबार लाइभ प्रस्तुत हुँदैछन् । खाँदै, पिउँदै, उनका गीत सुनेर आजको गुड फ्राइ डेलाई थप गुड बनाउन सकिन्छ ।

**मिति** : पुस २१ गते, शुक्रबार
**स्थान** : होटल इम्पेरियल, बत्तीसपुतली
**समय** : साँझ ५ बजे



विकेन्ड ककटेल्स

# तात्तातो ककटेल्स

### हट टोड्डीज

यो ककटेल्स ब्रान्डी वा ह्वीस्कीबाट बनाउन सकिन्छ । मात्रा मिलाएर ब्रान्डी वा ह्वीस्की तातोपानीमा खन्याउनुहोस् । त्यसमा केही चिया मसला हाल्नुहोस् र तात्तातै पिउनुहोस् ।





### अमारो हट चकलेट

गुलियो र तीतो मिसिएको इटालियन अलकोहल हो- अमारो जसमा १६ देखि ४० प्रतिशतसम्म अल्कोहल हुन्छ । तातोपानीमा चकलेट पाउडर हाल्ने र चलाउने, त्यसमाथि विप्ड क्रिम र चकलेट चिप्स हाल्ने अनि माथिबाट ६० एमएल अमारो खन्याउने । अब तयार भयो- अमारो हट चकलेट ।

### भेनेजुयलन चकलेट रम

आधा कप तात्तातो दूधमा दालचिनीको पाउडर, ब्राउन सुगर तथा तीतो चकलेटको धुलो मिसाउने र घोल्ने । त्यसमाथि ६० एमएल डार्करम खन्याउने । माथिबाट विप्ड क्रिम राख्ने अनि तात्तातै पिउने ।





### जिन्जर साइडर

डार्क रममा मेपल सिरप हाल्ने र साथमा अदुवाका मसिना टुक्राहरू राख्ने, त्यसमाथि तात्तातो पानी खन्याउने । यो ककटेलले जिउलाई रनक्क तताउँछ ।



### टोबीज टोड्डी

कफी मगमा आधाभन्दा माथि तातोपानी हाल्ने, त्यसमा ३० एमएल कोग्नाग, ३० एमएल डार्क रम, थोरै लेमन जुस तथा ३० एमएल सुगर सिरप हालेर चम्चाले चलाउने । माथिबाट दालचिनी पाउडर छर्किएर पिउने ।

चलचित्र

## राज्जा रानी



**निर्देशक** : यम थापा **संगीत** : ताराप्रकाश लिम्बू, दीपक शर्मा **कलाकार** : केकी अधिकारी, नाजिर हुँसैन, कामेश्वर चौरसिया, दीपक क्षेत्री, अरुण रेग्मी आदि ।

दाइजो लिने-दिने प्रचलनको अन्त्य भएको बताइए पनि समाजमा अझै पनि उक्त विकृति कायमै छ । मधेसमा त झन् दाइजो दिननसक्ने विवाहयोग्य युवतीको विवाह नै हुँदैन । कथंकदाचित भैहाल्यो भने पनि दाइजो नल्याउने बुहारीलाई यातनाका साथै उनको माइतीमा दबाब दिने जस्ता कार्य अहिले पनि जारिनै छ । रानी अर्थात् केकी अधिकारी मधेसको एउटा गरिब परिवारकी छोरी हुन्छिन् । दाइजो दिन नसक्ने अवस्था भएकाले उनको विवाह त्यसै टरिरहेको हुन्छ । गाउँमा मोजमस्ती र ठगी गरेर हिँड्ने राजा अर्थात् नाजिर हुँसैनले रानीलाई मनपराउँछ । रानी र राजाबीच केही मनमुटावपछि प्रेम मौलाउँछ । राजाको परिवार दाइजो नल्याउने रानीलाई भित्र्याउन राजी हुँदैनन् । दाइजोका विषयमा केन्द्रित चलचित्र 'राज्जा रानी' मा हास्यप्रधान दृश्यहरू समेत समेटिएका छन् । मैथली भाषामा समेत स्वराङ्कन गरिएको चलचित्र 'राज्जा रानी' आज शुक्रबारदेखि देशभर एकसाथ प्रदर्शन हुँदैछ ।

## फिर्के

**निर्देशक** : रवि डंगोल **संगीत** : विश्व नेपाली, सुवास भुषाल **कलाकार** : अर्पण थापा, सुलेमान शंकर, ऋचा शर्मा, कृष्टि पौडेल, ए गुरुङ आदि ।


केही बर्षअघि हास्य धारावाहिक 'मेरी बास्सै'मा जंगली मानिस इकुको भूमिका निर्वाह गरेर चर्चा कमाएका अभिनेता सुलेमान शंकरले त्यसपछि 'इकु' शीर्षकमै दुईवटा सिक्वेल तयार पारे ।



अहिले इकु आफ्नो त्यो छविभन्दा फरक ढंगबाट प्रस्तुत हुँदैछन् । आज शुक्रबार सार्वजनिक हुन लागेको चलचित्र 'फिर्के'मा फिर्केको भूमिकामा सुलेमान शंकर नै देखिनेछन् । गाउँबाट अवसरको खोजीमा सहर प्रवेश गरेको फिर्केले अभिनेता अर्पण थापाले निर्वाह गर्ने द्वैदचरित्रसँग ठोक्किएपछि अनेकन हन्डर-ठक्कर खान थाल्छ । अन्ततः उसले सहरमा बाँच्ने तरीका सिक्छ र बाध्य भएर अपराधको बाटो समात्छ । अर्को टेली धारावाहिक 'तीतो सत्य'का बेइमान अर्थात् अभिनेता रवि डंगोलले पहिलो पटक निर्देशन गरेको चलचित्र 'फिर्के'लाई अभिमन्यु निरवीले लेखेका हुन् ।

रंगमञ्च


## दश मिनेटको नाटक मेला



आज शुक्रबार पुस २१ गतेदेखि सोमबार पुस २४ गतेसम्म कालिकास्थानस्थित सर्वनाम थियटरमा 'दश मिनेट नाटक मेला' हुने भएको छ । तेश्रो देशव्यापी उक्त नाटक मेलामा प्रदर्शन गरिने हरेक नाटक दश मिनेटभन्दा लामा हुने छैनन् । मेलामा हरेक साँझ साढे चारबजेदेखि नौ दर्जन रंगकर्मीले दुई दर्जन नाटक मञ्चन गर्नेछन् ।

ग्यालरी

## सुवालका चित्र



पुराना कलाकार शंकरराजसिंह सुवालले आफ्नो ६० वर्ष लामो कलाजीवनमा कोरेका चित्रहरूको प्रदर्शनी गरेका छन् । बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा जारी प्रदर्शनीमा १ सय २० भन्दा बढी चित्र राखिएका छन् । यो प्रदर्शनी सोमबारसम्म चल्ने बताइएको छ ।

# विन्ध्यवासिनीमा रामकृष्णको हुरी सर्वोत्कृष्ट

गायक रामकृष्ण ढकालको लोकप्रिय गीत 'म हुरीमा दीयो बलेको देख्छु...' गीत शनिबार काठमाडौंमा प्रदान गरिएको आठौं विन्ध्यवासिनी म्युजिक एवार्डमा सर्वाधिक चारवटा एवार्ड जित्न सफल भएको छ । गीतबाट गायक ढकालले सुगम संगीततर्फको सर्वोत्कृष्ट गायकको एवार्ड जिते भने यही गीतबाट संगीतकार राजेश थापाले सर्वोत्कृष्ट संगीतकार तथा गीतकार रमेश बीजीले सर्वोत्कृष्ट गीतकारको एवार्ड हात पारे । गायक ढकालले उक्त गीत समावेश भएको आफ्नो पछिल्लो गीति एल्बम आवरणबाट वर्षको सर्वोत्कृष्ट गीति एल्बमको पुरस्कार समेत प्राप्त गरे । समारोहमा गायिका श्रेयसी चेम्जोङले 'फुल्नु भन्दा....' गीतका लागि सर्वोत्कृष्ट गायिकाको एवार्ड जितिन् ।

समारोहमा आज फेरि गीतबाट वीरेन्द्र पाठकले सर्वोत्कृष्ट गीतको एवार्ड जिते भने दर्शन नमस्ते गीतबाट साजन शाहले सर्वोत्कृष्ट ध्वनि मुद्रणको एवार्ड पाए । सुगम संगीत म्युजिक भिडियोतर्फ सर्वोत्कृष्ट छायांकारको एवार्ड अपूरै भो गीतको भिडियोबाट राजेश घिमिरेले पाए भने सम्पादनको एवार्ड मनमा कुराको भिडियोबाट दीपक विष्टले हात पारे । सर्वोत्कृष्ट निर्देशनको एवार्ड रातो- रातो खुर्सानीको भिडियोबाट क्रान्ति केसीले



जिते भने भिडियो मोडलको एवार्ड बाल मतलब गीतको भिडियोका लागि दुर्गेस थापा तथा रोसिना एलसीले जिते ।

सुगम संगीततर्फ महिला गीतकारको एवार्ड तिम्रो माया पाउनबाट चन्द्रज्योति आलेले जितिन् भने संगीत संयोजनतर्फको एवार्ड सँगै बाँच्ने कसम गीतबाट कमल सौरागले हात पारे । युगल गायनतर्फको एवार्ड तिमीले सम्फेर गीतबाट एस राजकुमार तथा मेलिना राईले जिते भने सुगम तथा पप गायन नवप्रतिभाको एवार्ड निष्ठुरीले मान्दै मान्दिन गीतबाट गुणराज श्रेष्ठले प्राप्त गरे ।

सर्वोत्कृष्ट पप संगीततर्फ संगीतकारको एवार्ड भुल्यौकी भुलेकीबाट राजु सिंहले पाए भने सर्वोत्कृष्ट पप गायन पुरुषको एवार्ड तिम्रो तस्बिरबाट सुरजकुमार थापाले जिते । सर्वोत्कृष्ट पप गायन महिलातर्फको एवार्ड म पग्लन्छुबाट आकांक्षा बस्यालले जितिन् । राष्ट्रिय भावनाको गीतको एवार्ड बुद्ध खेल्ने आँगनबाट विष्णु पौडेलले प्राप्त गरे ।

चलचित्र संगीततर्फ सर्वोत्कृष्ट संगीतकारको एवार्ड छक्का पञ्जाको पूर्व-पश्चिम रेलका लागि राजनराज सिवाकोटीको पक्षमा गयो भने सर्वोत्कृष्ट चलचित्र गायन पुरुषको एवार्ड चलचित्र दर्पणछायाँ-२ को दर्पणमा छायाँ गीतबाट राजेशपायल राईले तथा सर्वोत्कृष्ट चलचित्र गायन महिलाको एवार्ड लुट-२ को ठमेल बजारबाट मिना निरौलाले प्राप्त गरिन् ।

लोकदोहोरीतर्फ सर्वोत्कृष्ट लोकदोहोरी गायकको एवार्ड उही खोलीमा पानीबाट राजन गुरुङले, लोक दोहोरी गायिकाको एवार्ड हैन अरूको बाट शर्मिला गुरुङले, लोकदोहोरी भाकाको एवार्ड जवानीमा धक्काबाट कस्तुप पन्तले, लोकदोहोरी रचनाकारको एवार्ड मेरो झल्कोबाट प्रल्हाद सुवेदीले, लोकदोहोरी संगीतकारको एवार्ड लाली जोवनबाट एकनारायण भण्डारीले तथा लोकदोहोरी नव प्रतिभाको एवार्ड जुल्फी कपालबाट युवराज मगरले जिते । लोकदोहोरी म्युजिक भिडियो निर्देशनको एवार्ड तामे करुवाबाट प्रकाश भट्टले, भिडियो मोडलको एवार्ड नबोल्देउ रिसाएरबाट देवेन्द्र क्षेत्री तथा रूपा कँडेलले प्राप्त गरे ।

समारोहमा गायक अजर जंगमलाई जुरी एवार्ड, मोडलद्वय सारिका केसी तथा विमल अधिकारीलाई पब्लिक च्वाइस एवार्ड, विन्ध्यवासिनी अन्तर्राष्ट्रिय संगीत सम्मान गायक डीआर अटुलाई प्रदान गरियो । सर्वोत्कृष्ट म्युजिक कम्पनीको एवार्ड भावना म्युजिक सोलुसनले प्राप्त गर्‍यो ।

समारोहमा गीतकार रत्नशमशेर थापालाई ५१ हजार १ सय ५१ रुपैयाँसहितको विन्ध्यवासिनी म्युजिक लाइफ टाइम एचिभमेन्ट एवार्ड-२०७४ बाट सम्मानित गरियो भने विन्ध्यवासिनी संगीत कला पत्रकारिता पुरस्कार राजधानी दैनिकका पत्रकार डब्बु क्षेत्रीलाई प्रदान गरियो । गायिका रिमा गुरुङ होडालाई १५ हजार ५ सय १५ रुपैयाँसहितको विन्ध्यवासिनी संगीत रत्न सम्मान-२०७४ तथा चलचित्र निर्देशक एवं कलाकार सुदर्शन थापालाई १० हजार १ रुपैयाँसहितको विन्ध्यवासिनी चलचित्र सम्मान-२०७४ बाट सम्मान गरियो ।

समारोहमा कलकारहरू राजेशपायल राई, मनोजराज, सीडी विजय, अजर जंगम, सुरजकुमार थापा, टीका प्रसाईं आदि गायक-गायिकाले प्रस्तुति दिएका थिए भने शंकर बीसी, दुर्गेस थापा, दिपाशा बीसी आदिले नृत्यमार्फत मनोरञ्जन प्रदान गरेका थिए ।

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक



**तनहुँको जामुनेमा जन्मिएकी** सरस्वती श्रेष्ठ व्यास नगरपालिकाकी स्थायी बासिन्दा हुन्। अध्ययनका सिलसिलामा हाल उनी रामबजार, पोखरामा बसोबास गर्छिन्। पोखरास्थित सेन्टमेरिज स्कुलमा कक्षा ११ मा अध्ययनरत सरस्वती ५ दशमलव ५ फिट अग्ली छिन्। सरस्वतीमा मोडलिङमा केही गर्न सक्छु भन्ने जोस छ, तर परिवारबाट खुलेर साथ मिल्न सकेको छैन। संघर्ष गरेरै भए पनि सफल मोडल एवं कलाकारका रूपमा स्थापित भै सामाजिक कार्यमा योगदान पुऱ्याउने उनको लक्ष्य छ। सरस्वती डान्स गर्न रुचाउँछिन्। केही डान्स कम्पिटिसनमा भाग लिएर पुरस्कार समेत जितेका कारण उनको आत्मबल बढेको छ। सरस्वतीले मोडलिङसँगै एयर होस्टेज बनेर आकाशमा उड्ने रहर पनि बुनेकी छिन्।

हालसम्म आफ्नो ब्वाइफ्रेन्ड नभएको सरस्वतीले बताइन्। ‘प्रपोज त आएको छ, तर मैले स्वीकार गरेकी छैन’। यद्यपि प्रेमलाई एरेन्ज विवाहमा परिणत गर्ने उनको सोच छ। भागेर त विवाह गर्दिनँ। प्यारेन्ट्सलाई भनेरै गर्ने हो– सरस्वतीले भनिन्। उनका आँखा तथा चुलबुलपनले अरूलाई सजिलै आकर्षित गर्छन्। सरस्वतीमा जोसँग पनि निर्धक्कका साथ खुलेर कुराकानी गर्न सक्ने खुबी छ।

–राजाराम पौडेल

# सरस्वती श्रेष्ठ





तस्बिर : सुरज श्रेष्ठ (एस टु प्रोडक्सन)

लोकेसन : मार्फा, मुस्ताङ तथा
होटल पोखरा ग्रान्ड, पोखरा

Log on to :
facebook
www.facebook.com\kantipursaptahik



# लगातार दया

यसै पनि अभिनेता दयाहाङ राईलाई पछिल्लो पुस्ताको राजेश हमाल भन्न थालिएको छ। कुनै बेला राजेश हमालले वर्षमै दर्जनौं चलचित्रमा अभिनय गरेर संख्यात्मक रूपमा सबैभन्दा धेरै चलचित्रमा अभिनय गर्ने अभिनेताको छवि बनाइसकेका थिए। अहिले दयाहाङ राई संख्यात्मक रूपमा अन्य अभिनेताभन्दा बढी चलचित्रमा अभिनय गरिरहेका छन्। यद्यपि उनले अभिनय गरेका चलचित्र व्यवसायिक रुपमा त्यति धेरै सफल पनि छैनन्। यतिबेला दयाहाङका तीनवटा चलचित्र छोटो समयको अन्तरमा प्रदर्शन हुँदैछन्। पुस २८ गते प्रदर्शन हुने चलचित्र मिस्टर झोलेबाट उनी अलि बढी आशावादी देखिएका छन्। मिस्टर झोले प्रदर्शन भएको दुई सातापछि नै दयाहाङलाई मिलन चाम्सको चलचित्र ह्याप्पी डेजमा देखिनेछ। यो चलचित्र माघ १२ गतेदेखि प्रदर्शनमा आउँदैछ। त्यसो त फागुन ४ मा प्रदर्शन हुने चलचित्र कान्छिलाई निर्मात्री तथा अभिनेत्री श्वेता खड्काले आफ्नो ड्रिम प्रोजेक्ट भनिसकेकी छिन्, जसमा उनले दयाहाङसँगै अनस्क्रिन रोमान्स गरेकी छिन्। लगातार तीनवटा चलचित्रमार्फत दर्शकमाझ आइरहेका दयाहाङले छायांकन सम्पन्न गरेका तथा छायांकन भैरहेका चलचित्रको संख्या पनि झन्डै आधा दर्जन छन्।





# रोजिनाको जादु

रोजिना गुरुङ सुन्दर मुहारकी गायिकाको रुपमा उदाएकी छिन्। यी सुन्दरीले संगीतमार्फत आफूलाई उजागर गरेकी हुन्। भर्खरै सार्वजनिक भएको एउटा गीत तथा भिडियोमार्फत उनले दर्शक तथा श्रोताको मन जितिरहेकी छिन्। गायक तथा मोडल आमिर शेखसँग अनस्क्रिन रोमान्स गरेको रोजिनाको क्युटी मैयाँ गीतको म्युजिक भिडियो कम समयमै लोकप्रिय भएको छ। भिडियोमा रोजिनाले आकर्षक नृत्य गरेकी छिन्। झट्ट सुन्दा चलचित्रको आइटम गीतझैं लाग्ने उक्त गीतमार्फत रोजिनाले गायनमा समेत सम्भावना देखाएकी छिन्। यही गीतका कारण रोजिनाले चलचित्रको पार्श्व गायनका लागि कुनै प्रस्ताव पाइन् भने अचम्म नमाने हुन्छ।

# कबिरको आगमन

इन्जिनियरिङको अध्ययनलाई बीचमै छाडेर ओस्कार फिल्म कलेजबाट अभिनयमा स्नातक गरेपछि अभिनयमा सक्रिय भएका कलाकार हुन्– कविर खड्का। ६ फिट अग्लो २३ वर्षीय कविरले भरखरै छायांकन सम्पन्न भएको चलचित्र लम्फूबाट रजतपटमा पदार्पण गरेका छन्। चलचित्रमा आउनुअघि दर्जनौं फेसन शोमा क्याटवाक गरेका यी अभिनेताले विज्ञापन तथा छोटा चलचित्रमा समेत अभिनय गरिसकेका छन्। दमक, झापाका स्थायी बासिन्दा कविरले पहिलो चलचित्रमा अभिनेत्री मरिष्का पोखरेलसंग अनस्क्रिन रोमान्स गरेका छन्। अग्लो कद, गहुँगोरो वर्णका यी हँसिला अभिनेताले लम्फूमा अभिनेताका रूपमा छनौट हुन धेरै पटक अडिसन दिएका थिए। कविर वैशाख २८ गते प्रदर्शन मिति घोषणा भैसकेको आफ्नो पहिलो चलचित्रको प्रदर्शनपछि नेपाली चलचित्रमा आफ्नो सक्रियता बढ्ने कुरामा ढुक्क देखिन्छन्।

ब्याक बाइट्स

# मिलन असाध्यै खर्चालु



गीतकारको समेत छवि बनाएका सञ्चारकर्मी नरेश भट्टराई तथा चलचित्र निर्देशक मिलन चाम्सको मित्रता गजबको छ। चाम्सका चलचित्रका अधिकांश गीतमा भट्टराईका शब्द हुन्छन्। चाम्सले निर्देशन गरेका चलचित्रको रेड कार्पेट प्रिमियरमा भट्टराई नै उद्घोषक हुन्छन्। चाम्सको आगामी चलचित्र बोबीमा त भट्टराई पटकथाकारकै रूपमा सहभागी छन्। चलचित्रको गीतदेखि सार्वजनिक समारोहसम्म यी दुई एक-अर्काको नजिक हुन्छन्। निर्देशक चाम्ससँगको लामो संगतमा रहेका भट्टराईले चाम्सको यसरी कुरा काटेका छन्।

## सकारात्मक पक्ष

**असल मान्छे**

सकारात्मक सोच, सहयोगी, आत्मीय तथा असाध्यै मेहनत गर्ने बानीले मिलन चाम्सलाई असल मान्छे बनाएको छ।

**भर्सटायल**

नेपाली चलचित्रप्रतिको उनको लगाव लोभलाग्दो छ। उनी नेपाली चलचित्रकै लागि जन्मिएका हुन् झैं लाग्छ। मिलन चलचित्रको प्रायः सबै विधामा उत्तिकै पोख्त छन्।

**अपडेटेड**

समयअनुसार आफूलाई अपडेट गर्न सक्छन्। समयअनुसार चल्न सक्ने उनको बानी लोभलाग्दो छ।

**परिश्रमी**

परिश्रमी छन्। प्रशस्त खट्न सक्छन्। काम नगरी चुप लागेर बस्नुपर्‍यो भने उनी बिरामी नै पर्छन् कि जस्तो लाग्छ।

## नकारात्मक पक्ष

**खर्चालु**

असाध्यै खर्चालु छन्। कमाएको अधिकांश पैसा खर्च गरेरै सिध्याउँछन्।

**बढी काम**

आवश्यकताभन्दा बढी नै काम गर्ने बानी सुधार्नुपर्ने देखिन्छ। कामकै कारण आफ्नै स्वास्थ्यप्रति ध्यान दिन सकेका छैनन्। व्यायाम गर्ने बानी छैन, पेट बढ्न थालेको उनले अनुभव नै गरेका छैनन्।

**सोझो बानी**

साथीभाइप्रति आवश्यकताभन्दा बढी विश्वास गर्ने बानी छ। त्यसले गर्दा बेला-बेलामा धोका पनि खाएका छन्।

**चुजी**

लाउने, खाने र घुम्ने कुरामा आवश्यकताभन्दा बढी नै चुजी छन्।



# अनमोलको नयाँ जोडी

अभिनेता अनमोल केसीले आफ्ना चलचित्रमा एक प्रकारको प्रयोग गर्दै आइरहेका छन् । हुन त यो प्रयोग अनमोल एक्लैको होइन, उनले अभिनय गर्ने चलचित्रका निर्माता-निर्देशकले पनि त्यो प्रयोगमा साथ दिइरहेका हुन्छन् । जसरी भए पनि उक्त प्रयोगमा अनमोल सफल हुँदै आएका छन् । त्यो प्रयोग हो : हरेक चलचित्रमा नयाँ अभिनेत्रीसँगको अनस्क्रिन रोमान्स । पहिलो चलचित्र ड्रिम्समा अनमोलले साम्राज्ञी राज्यलक्ष्मी शाहसँग अभिनय गरे । दोस्रो चलचित्र जेरीमा उनी अभिनेत्री आना शर्मासँग प्रस्तुत भए । तेस्रो चलचित्र गाजलुमा उनलाई सृष्टि श्रेष्ठको साथ मिल्यो । प्रदर्शनको तयारीमा रहेको चौथो चलचित्रमा अनमोल अभिनेत्री अदिति बुढाथोकीसँग देखिँदैछन् । फ्लोरमा जान ठिक्क परेको आफ्नो पाँचौं चलचित्र क्याप्टेनमा पनि उनले नयाँ अनुहारसँग अभिनय गर्ने निश्चित भैसकेको समाचार सार्वजनिक भएको छ । यसपटक उनले उपासना सिंह ठकुरीलाई जोडी बनाउने सम्भावना छ । विकास बोर्डमा चलचित्रका निर्माता भुवन केसीद्वारा चलचित्रको नाम दर्ता गराउने क्रममा मुख्य भूमिकामा अनमोल तथा उपासना रहने कुरा उल्लेख गरेका छन् । यद्यपि निर्माण संस्थाले यो कुराको औपचारिक जानकारी गराइसकेको छैन । क्याप्टेनका लागि नयाँ अनुहार खोज्ने क्रममा युनिटले उपासनालाई छनोट गरेको बताइएको छ ।

# बिना नरहेपछि...

उदीयमान कलाकार बिना थापा यो संसारबाट बिदा भएकी छिन् । २७ वर्षीया अभिनेत्री थापा सवार स्कुटरलाई अघिल्लो साता काठमाडौंको बत्तीसपुतलीमा ट्यांकरले ठक्कर दिएपछि उनी गम्भीर घाइते भएकी थिइन् । उपचारका लागि अस्पताल पुऱ्याउने क्रममा बाटैमा उनको निधन भएको हो । गुल्मीमा जन्मिएकी अभिनेत्री थापाले दर्जनौं म्युजिक भिडियोमा अभिनय गरेकी थिइन् भने सांस्कृतिक कार्यक्रमका क्रममा स्वदेश तथा विदेशका थुप्रै स्टेजमा आफ्नो प्रतिभा प्रस्तुत गरिसकेकी थिइन् । माघ ४ गते प्रदर्शनमा आउने चलचित्र पिँजडा ब्याक अगेनमा उनी महत्वपूर्ण भूमिकामा प्रस्तुत भएकी छिन् । उक्त चलचित्रका निर्देशक हिमाल केसीले कलाकार थापाको निधनबाट देशले प्रतिभाशाली कलाकार गुमाएको बताएका छन् । 'पिँजडा ब्याक अगेनको छायांकनकै क्रममा मैले उनलाई पहिलो पटक भेटेको थिएँ,' निर्देशक केसी भन्छन्– 'मैले उनमा कलाकारमा हुनुपर्ने सम्पूर्ण गुण पाएको थिएँ ।' समयमा छायांकनस्थलमा उपस्थित हुने, सबैसँग सहज रूपमा प्रस्तुत हुने तथा कामप्रतिको लगनशीलता अभिनेत्री थापाको सकारात्मक पक्ष भएको निर्देशक केसीको भनाइ छ । थापाले प्रदर्शनको क्रममा रहेको अर्को चलचित्र शिरफूलमा समेत अभिनय गरेकी छिन् ।







■ प्रियका कार्की, अभिनेत्री

# सत्यराजको पान

गायकबाट अभिनेताका रूपमा स्थापित हुने क्रममा रहेका सत्यराज आचार्यले एउटा चलचित्रको आफ्नो भूमिकालाई आकर्षक बनाउन प्रसस्त पान खाएको प्रसंग अहिले चर्चामा छ । सौगात विष्टद्वारा निर्देशित हास्यप्रधान चलचित्र हैरानको आफ्नो चरित्रलाई जीवन्त बनाउन सत्यराजले झन्डै २५ हजार रुपैयाँको पान खाएको उल्लेख गरेका हुन् । सत्यराजका अनुसार यदि उनले उक्त मूल्य बराबरको पान खाएका हुन् भने एउटा पानको औसत ५० रुपैयाँका दरले पनि उनले झन्डै पाँच सय खिल्ली पान चपाए । चलचित्रको स्वरांकनका क्रममा पान खाएको भाव प्रस्तुत गर्ने क्रममा सत्यराजले पानको प्रसंग उठाएका हुन् । उनले त्यति धेरै खिल्ली पान खाएका हुन् कि पान खाएको कुरालाई जोक बनाएका हुन्, चलचित्र प्रदर्शन भएपछि छर्लङ्ग हुनेछ ।


तथ्य र रहस्य

# मेरो बेस्ट न्यू इयर इभ

- अभिनेत्रीका रूपमा चलचित्रमा आउनुअघिदेखि नै म विदेशतिर घुमिरहन्थें । सन् २००५ मा मिस टिन भएपछि विदेश घुम्ने अवसर थप वृद्धि भयो ।
- टेलिभिजन शोमा होस्ट तथा केही म्युजिक भिडियोमा अभिनय गरेपछि म उच्च शिक्षाका लागि अमेरिका पुगें । त्यतिबेला मैले त्यहाँ मनाइने चाडपर्व तथा न्यू इयर इभको रौनक पहिलो पटक राम्रोसँग नियाल्ने अवसर पाएँ ।
- चलचित्रमा आएपछि व्यस्तताका बाबजुद म विदेशतिर घुमिरहन्छु । कहिले चलचित्र छायांकनका लागि त कहिले कार्यक्रमको सिलसिलामा विभिन्न मुलुक पुग्दा रमाइलो पनि हुन्छ । घुम्दाघुम्दै कहिलेकाहीं उताको नयाँ वर्षको रमझममा सामेल हुन पाइन्छ । रमाइलो गर्न र घुम्न मन पराउने मलाई नयाँ वर्षको रमझममा समय बिताउन निकै मज्जा लाग्छ ।
- म अहिलेसम्म अमेरिका, बेलायत, मलेसिया, युएई, कतार, अस्ट्रेलिया आदि देश बारम्बार पुगिसकेकी छु । कतिपय अवस्थामा त्यहाँको न्यू इयरको रमाइलो नजिकबाट नियालेकी पनि छु ।
- मैले अहिलेसम्मकै सबैभन्दा बेस्ट न्यू इयर गत वर्ष अमेरिकाको न्युयोर्कमा मनाएँ । मेरो भाइ प्रनित कार्की उतै बस्छ । मैले नौ वर्षपछि ऊसँग न्यू इयर सेलिब्रेट गर्ने अवसर पाएँ ।
- भाइलाई म नेपाली चलचित्रकी अभिनेत्री भैसकेँ भन्ने थाहा छ, तर मेरा फ्यान फलोअर्स र चर्चाका बारेमा भने ऊ अनभिज्ञ रहेछ ।
- न्यू इयरकै कार्यक्रमको सिलसिलामा म न्युयोर्क पुगेकी थिएँ । कार्यक्रममा भाइलाई पनि बोलाएँ । भाइ प्रनितले दिदीको चर्चा कति नै होला र ? को आउला र ऊसँग फोटो खिच्न भनेर सोच्दो रहेछ । जब शुभेच्छुक तथा प्रशंसकहरूले मलाई घेरेको, तस्बिर खिच्न थालेको र अत्यधिक भीड भएपछि आयोजकले सेक्युरिटी बोलाउनुपरेको दृश्य उसले प्रत्यक्ष देख्यो, अनि उसैले भन्यो कि पहिलो पटक मैले दिदीलाई स्टारका रूपमा देखें ।
- न्यू इयर इभको त्यो रात हामी १२ बजेको काउन्टडाउनपछि बिहान ३ बजेसम्म नाच्यौं, पार्टी गऱ्यौं । त्यो न्यू इयर इभ मेरो जीवनको अहिलेसम्मकै सबैभन्दा रमाइलो न्यू इयर इभ थियो ।

प्रस्तुति : सुव्रत आचार्य

## ध्रुव भए म्यानहन्ट इन्टरनेसनल




म्यानहन्ट इन्टरनेसनल नेपाल–२०१७ को उपाधि ध्रुव बुढाथोकीले जितेका छन् । ट्यालेन्ट र फिजिक विधाको एवार्डसमेत जितेका ध्रुवले अब म्यानहन्ट इन्टरनेसनल नेपालको अन्तर्राष्ट्रिय संस्करणमा नेपालको प्रतिनिधित्व गर्नेछन् । ग्रुप अप इभेन्ट इन्टरटेनर्स, जीईईद्वारा आयोजित यो प्रतियोगितामा बेस्ट स्टाइलिस एवार्डसहित प्रकाश शाह फस्ट रनर्सअप तथा साजिद आलाम सेकेन्ड रनर्सअप छानिएका थिए । प्रशान्त गौचनको बिट बक्स प्रस्तुतिमा सहभागीहरूले आफ्नो प्रारम्भिक प्रस्तुति दिएको यो प्रतिस्पर्धा त्यसपछि फिजिक राउन्ड, टपटेन, टप फाइभ हुँदै विजेता चयनमा पुगेर टुङ्गिएको थियो ।

## फ्रेस फेस हिसिला



हिसिला महर्जन लिरिल फ्रेस फेस सिजन फोरको विजेता छानिएकी छिन् । विजेता भएसँगै हिसिलाले लिरिलको ब्रान्ड अनुहार हुने अवसरका साथ १ लाख रुपैयाँ तथा हिरो डुएट स्कुटर प्राप्त गरिन् । प्रतिस्पर्धाको अन्तिम चरणमा पूजा प्रधान र श्रद्धा मैनालीलाई पछि पार्दै हिसिलाले यो सिजनको उपाधि जितेकी हुन् । फाइनल श्रृंखलामा नियमित निर्णायक फेसन कोरियोग्राफर एवं अभिनेता प्रशान्त ताम्राकार, पूर्व मिस नेपाल माल्भिका सुब्बा तथा ग्ल्यामर फोटोग्राफर किशोर कायस्थसहित अतिथि निर्णायकका रूपमा अभिनेता आयुष्मान देशराज श्रेष्ठ जोशीको पनि उपस्थिति थियो ।

## सोनामलाई मिस शेर्पा



मिस शेर्पा–२०१७ को उपाधि सोलुखम्बुकी सोनाम डोल्मा शेर्पाले जितेकी छिन् । सोनामले बेस्ट वाकको एवार्डसमेत हात पारेकी थिइन् । शेर्पा समुदायका १२ जना युवतीको सहभागिता रहेको मिस शेर्पा–२०१७ को फाइनलमा ल्हामु शेर्पा फस्ट रनर्सअप तथा मिङ्मा याङ्जी शेर्पा सेकेन्ड रनर्सअप घोषित भएका थिए भने ल्हामु मिस ट्यालेन्टसमेत छानिएकी थिइन् । यो प्रतियोगिता डिपास् इन्टरनेसनलले आयोजना गरेको हो । मिङ्मा शेर्पा, दोर्जे शेर्पा आदि कलाकारको सांगीतिक प्रस्तुति समेटिएको मिस शेर्पाको कोरियोग्राफी कला सुब्बाले गरेकी थिइन् ।

## मिस डिभा नेपाल



मिस डिभा नेपाल २०१७ को उपाधि रश्मिता सापकोटाले जितेकी छिन् । २६ जना युवती सहभागी यो प्रतियोगितामा लिडरसिप विधामा समेत उत्कृष्ट ठहरिएकी रश्मिताले चार रात पाँच दिनको थाइल्यान्ड भ्रमणको पुरस्कार प्राप्त गरेकी छिन् । उक्त प्रतियोगितामा अग्रणी जोशी फस्ट रनर्सअप तथा तृसाला श्रेष्ठ सेकेन्ड रनर्सअप घोषित भएका थिए । यो प्रतियोगिता ह्वाइट पर्ल इन्टरटेनमेन्टद्वारा आयोजना गरिएको हो ।

## जातीय पोसाक संरक्षणका लागि





विभिन्न जातिको जातीय पोसाक संरक्षणमा सहयोग पुऱ्याउन फिदिममा 'फेसन शो' सम्पन्न भएको छ । न्यू वरदान सङ्गीतालयको आयोजनामा टोपी, दौरा–सुरुवाल तथा गुन्यू चोलीसहित लिम्बू, राई, मगर, तामाङ आदि पहिरनको उक्त फेसन मौलिक एवं विशेष रह्यो । फेसन शोमा लिम्बूको हाङ्जाम, पागा, थाखुप, मेख्ली, थाकुम्बे थाक्फमा राईको छोक्छम, लाङ्सुप, तान्फे, याङ्लुङजस्ता महिला–पुरुष पहिरनहरू प्रस्तुत भए । त्यसैगरी मगरको भाग्रा, कछाड, घलेक तामाङको स्याङ्ताप, तागी आदिले पनि शोको शोभा बढाए । यो फेसन शोमा जातिगतका साथै आधुनिक पोसाकसमेत प्रस्तुत गरिएको थियो । नेपाली महिलाका सीप, कला समेत प्रवर्द्धन हुनेगरी हातैले बुनिएका ढाकाका कपडाका पोसाक फेसन शोका आकर्षण रहे । यो शोमा १६ जना मोडल सहभागी थिए । फेसन सिक्वेन्स हाउस, काठमाडौंकी डिजाइनर रूपा आङ्बुहाङको डिजाइनहरू हेर्न पाइएको यो शो जातीय पोसाक संरक्षणमा युवाहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले आयोजित गरिएको हो ।

नारायण तुम्बापो

## एसडब्लू फेसन परेडमा माल्भिका








धरानमा आयोजित ग्रान्ड फेसन शोमा नयाँ तथा व्यवसायिक मोडलहरूसहित पूर्व मिस नेपाल माल्भिका सुब्बासमेत र्‍याम्पमा देखा परिन् । शोमा काठमाडौंका सात जना व्यवसायिक मोडलहरूसँगै स्थानीय चार जना मोडलले क्याटवाक गरेका थिए । एसडब्लू फेसन परेडको तेस्रो संस्करणमा माल्भिका सुब्बा शो–स्टपरका रूपमा प्रस्तुत भएकी थिइन् । उक्त अवसरमा मोडलहरूले साडी, लेहेंगाका साथै वेस्टर्न तथा ब्राइडल सिक्वेन्समा क्याटवाक गरेका थिए । भिन्टेज इभेन्टद्वारा आयोजित उक्त फेसन शोको डिजाइनर जिता गुरुङ थिइन् ।

सन्तोष काफ्ले

# Ripley's Believe It or Not!



मार्लिन मुनरोको ओठ नचिन्ने पुरुष कमै होलान् । मुनरो आफ्नो ओठलाई आकर्षक बनाउन पाँच किसिमका लिपिस्टिक प्रयोग गरी अलग रंग निकाल्थिन् ।



चीनमा प्राचीन कलाको रूपमा आँखाको भित्री भाग खौरने चलन छ । बिस्तारै हराउँदै गएको यो सीपलाई छियोङ गावोका केही हजामले अझै पनि प्रयोगमा ल्याइरहेका छन् ।



र्‍याटल स्नेक पेटको उपनाम पाएका पिटर ग्रुबरको संकलनमा सयौं प्रजातिका सर्प तथा सरिश्रृप थिए । २० औं शताब्दीको सुरुवातमा उनले आफ्नो संकलनलाई प्रदर्शनमा ल्याएका थिए, जसमा इजिप्टको मम्मीदेखि न्युयोर्कमा निर्माण भएको पहिलो इलेक्ट्रिकल कुर्सीसम्म समावेश थियो ।



२० औं शताब्दी प्रारम्भ हुनुभन्दा अघि युरोपका केही मुलुकमा एकल महिलाहरुले टोपीमा प्रयोग गर्ने ह्याट पिनलाई हतियारका रुपमा आफ्नो आत्मरक्षामा प्रयोग गर्न पाउँथे ।




कन्सासकी १ सय २ वर्षकी लेखिका बोनी ब्राउनले सन् २००९ देखि एउटा पत्रिकामा नियमित स्तम्भ लेख्ने क्रममा जम्मा एक पटक मात्र आफ्नो डेट लाइन छुटाएकी थिइन् ।



प्राचीन ग्रिसमा कुनै पनि महिलाको खुट्टाको बूढी औंलाभन्दा सँगै रहेको औंला लामो हुनुलाई सौन्दर्यको प्रतीक मानिन्थ्यो । त्यसैले स्ट्याचु अफ लिबर्टी तथा मिचिल्याङगेलोस डेभिडको मूर्तिमा बूढी औंलाको तुलनामा सँगैको औंला लामो बनाइएको छ ।




सन् १०६६ मा बेलायतको राजा भएका बिलियम द कन्क्वेररको शरीर यति लामो थियो कि उनलाई मृत्युपछि गाड्दा कफिन पनि सानो भएको थियो । उनको कब्रलाई त्यसपछि भएका विभिन्न क्रान्तिमा खनेर अंगहरु निकालिएको थियो ।



चेक रिपब्लिकमा उत्पादन हुने प्रोटिभिन पेय पदार्थमा प्रयोग गरिने पानीको शुद्धताको परीक्षण क्रे जातिको माछाले गर्छ । उत्पादनमा प्रयोग हुने पानीमा क्रे माछालाई केही समय राखेपछि उसको मुटुको परीक्षण गरेर पानीको शुद्धता थाहा पाइन्छ ।

अपराध

# ह्याप्पी हुन नसकेको न्यू इयर इभ

जे पाण्डे



दुई पुरुष र दुई महिला। चारै जना बद्मासे। अंग्रेजी नयाँ वर्षको अघिल्लो रात। सधैंझैं यौन प्यास मेट्ने योजना बन्यो। एक रातको ५ हजार रुपैयाँ लिने-दिने सहमति भयो। '२ जना १० हजार रुपैयाँमा बुक भए,' बाँके जिल्ला प्रहरी कार्यालय स्रोतले भन्यो।

दुईमध्ये एक बर्दियाकी लक्ष्मी (नाम परिवर्तन) थिइन्। रञ्जन गुरुङ (नाम परिवर्तन) ले लक्ष्मीलाई एक जना अर्को साथी लिएर आउन भन्यो, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक राजेन्द्र अर्याल भन्छन्– त्यसपछि लक्ष्मीले सुमित्रा (नाम परिवर्तन) लाई बोलाई अनि दुवै होटल पुगे।

एक एयरलाइन्सका नेपालगन्जस्थित स्टेशन म्यानेजर र उनका साथी रञ्जन गुरुङ दुवै सुर्खेतका बासिन्दा हुन्। ६ नम्बर प्रदेशका उनीहरूले ५ नम्बर प्रदेश बाँके र बर्दियाका दुई युवतीलाइ योजनाअनुसार होटल पुऱ्याए।

होटल कृष्णा एन्ड सिग्नेटमा ३०१, ३०५ र ३२१ नम्बरका ३ वटा कोठा पहिलेदेखि नै बुक थिए। पहिलो चरणमा चारै जना मदिरापानमा लिप्त भए। साथीहरूबीचको समहमतिअनुसार म्यानेजर एउटा कोठामा, गुरुङ र सुमित्रा अर्को कोठमा सँगै सुते भने लक्ष्मी अर्को कोठामा एक्लै थिइन्।

आधा रात बित्यो। त्यसपछि रञ्जन गुरुङ सँगै भएकी सुमित्रालाई छाडेर लक्ष्मीको कोठामा पसे। 'ए... दिन्नस्। कति पैसा चाहियो ?' विवाद बढ्दै गयो। उनीहरूबीच कपडा तानातान भयो। टेबुलको रक्सीको बोतल फुट्यो। नाकमा सिसाले काटेर चोट लाग्यो। रगत बग्यो। लक्ष्मी निर्वस्त्र थिइन्। जीउमा पेन्टी मात्र थियो।

'रञ्जनले लक्ष्मीलाई जबरजस्ती गऱ्यो,' केटीको बयान उद्धृत गर्दै डिएसपी राजेन्द्र अर्याल भन्छन्– नमानेपछि राम्री छु भनेर घमन्ड गर्ने भन्दै फुटेको बोतलले हानेका कारण अनुहारमा चोट लागेको छ। त्यसपछि आफूमाथि जबरजस्ती गरिएको पीडितको बयानमा उल्लेख छ। सँगैका स्टेसन म्यानेजरले जबजस्ती गरे-गरेनन्, दुवै युवतीको बयानमा उल्लेख नभएको प्रहरी सूत्र बताउँछ।

निकै चर्काचर्कीपछि बाथरुम पसेकी लक्ष्मीले चुक्कुल लगाएर जिल्ला प्रहरीको १ सय नम्बरमा फोन गरिन्। उनले आफूलाई जबरजस्ती गर्ने गुरुङलाई पनि फोन गर्दै किन यस्तो गर्नु भयो ? भन्दै त्यसो नगर्न अनुरोध गरिन्।

'भाग्न सक्ने भए पनि लक्ष्मीको जीउमा कपडा थिएन। कसरी भाग्ने ? नाङ्गै थिएँ,' पीडितको बयान उद्धृत गर्दै प्रहरी स्रोतले भन्यो। अन्ततः जिल्ला प्रहरीको टोली उक्त होटलमा पुग्यो र चारै जनालाई नियन्त्रणमा लियो। त्यति बेलासम्म रातको २ बजिसकेको थियो।

दुवै जना युवतीले आफ्नो पेसा नै यौन व्यवसाय भएको भन्दै सुरुमा मुद्दा दर्ता गर्न मानेका थिएनन्। प्रहरीले पक्राउ गरेपछि लक्ष्मी र सुमित्राले आफूहरू पेसेवर भएको भन्दै मिलाएर छोडिदिन आग्रह गरे। प्रहरी पनि सहमतिमा भएको क्रियाकलाप भन्दै उनीहरूलाई छाड्ने मनस्थितिमा पुग्न लागेको थियो।

यता घटनाको सूचना माथिसम्म पुगिसकेको थियो। माथिल्लो स्तरका प्रहरी अधिकारीले फोन गरे। 'के हेरेर बसेको मुद्दा नचालाएर ?' उच्च अधिकारीको यस्तो दबाबपछि अहिले कुटपिट र जबरजस्ती करणीअन्तर्गत ती दुई पुरुषविरुद्ध मुद्दा दायर गरिएको छ। सँगै रात बिताए पनि सुमित्राले भने आफ्नो बयानमा कसैमाथि कुनै आरोप नलगाएको प्रहरीले जनाएको छ।

यो घटना सार्वजनिक भएपछि विभिन्न प्रश्न प्रश्न उठेका छन्। यो परस्पर सहमतिमा भएको यौन काण्ड हो कि साँच्चीकै बलात्कार हो ? गहन अनुसन्धान हुन बाँकी नै छ। उता बलात्कारको उजुरी गर्ने युवतीमाथि बयान फेर्न दबाब परेको प्रहरी स्रोत बताउँछ। नेपालगन्जमा यसरी मिलेमतोमा पहिले शारीरिक सम्पर्क राख्ने र पछि बलात्कारको उजुरी दिएर ब्लाकमेल गरी मोटो रकम असुलिने गुनासोसमेत सुनिन थालेको छ।

# ज्याकेटले पत्ता लगायो हत्यारा

## सम्पत्ति हडप्न भिनाजुले गरे सालाको हत्या

अनिल श्रेष्ठ

मोरङको रङ्गेली-४ मा एक युवाको रहस्यमय तरिकाले गरिएको हत्या सम्पत्ति हडप्ने योजनाका साथ भएको प्रहरीले खुलासा गरेको छ। रङ्गेली-८ घर भएका १८ वर्षीय उपेन्द्रकुमार साहको हत्या नातामा भिनाजु पर्ने व्यक्तिले अन्य तीन जना सहयोगीका साथ ०६७ चैत ८ मा गरेका थिए। त्यतिबेला साहको हत्या गरी शौचालयको ट्याङ्कीभित्र शव फालिएको थियो। हत्या भएको तीन वर्षपछि साहको कंकाल तथा उनले लगाएको भेस्ट र ज्याकेट हत्यामा संलग्न इन्द्रलाल मण्डलको शौचालयबाहिर ०७१ कात्तिक १४ मा फेला परेको थियो। उपेन्द्रले लगाएको ज्याकेट र भेस्ट फेला परेपछि प्रहरीलाई हत्यारा पक्राउ गर्न सजिलो भयो।

हत्यारा पत्ता लगाउन सक्रिय मोरङ प्रहरीले विशेष प्रहरी टोली परिचालन गरी हत्याका मुख्य योजनाकार रङ्गेली- ३ का शम्भुप्रसाद साहलाई रङ्गेली बजारबाट पक्राउ गरेको हो। हत्यामा संलग्न सोही ठाउँका अभियुक्त इन्द्रलाल मण्डल तथा ठेङ्वा भनिने रमेश मण्डल अझैसम्म फरार रहेको मोरङ प्रहरीले जनाएको छ।

मृतक उपेन्द्र र अभियुक्त शम्भु नातामा साला-भिनाजु हुन्। जग्गा खरिद गर्दा अभियुक्त शम्भुका ससुरा अमरलाल साहसँग मनमुटाव रहेको प्रहरीले जनाएको छ। सम्पत्ति हडप्ने दाउमा शम्भुले आफ्नै सालाको हत्या गरेको अनुसन्धानबाट खुलेको प्रहरीले बताएको छ।



सालाको हत्या गर्न सहयोगी परमेश्वर भनिने बिजुल मण्डल तथा कृष भनिने जयकृष्ण मण्डललाई १ लाख रुपैयाँ दिने सहमति गरेका थिए। शम्भुले उनीहरूलाई ५० हजार रुपैयाँ एडभान्स दिए र काम सकिएपछि बाँकी पैसा दिने कुरा बताए।

### यसरी भएको थियो हत्या

शम्भुले सालाको हत्या गर्ने योजना पहिलेदेखि नै बनाएका थिए। उनले सालाको हत्या गर्न सहयोगी परमेश्वर भनिने बिजुल मण्डल तथा कृष भनिने जयकृष्ण मण्डललाई १ लाख रुपैयाँ दिने सहमति गरेका थिए। शम्भुले उनीहरूलाई ५० हजार रुपैयाँ एडभान्स दिए र काम सकिएपछि बाँकी पैसा दिने कुरा बताए। हत्या गर्न जयकृष्णले मृतक उपेन्द्रलाई घरबाट बोलाएर उनले मार्ने योजना बनाएको ठाउँमा पुऱ्याए। जयकृष्णले मोबाइलमा गीत बजाउँदै उपेन्द्रलाई भुलाइरहेका थिए। उक्त ठाउँमा शम्भु र ठेङ्वा भनिने रमेश पनि पुगे। त्यतिबेला रातको ११ बजेको थियो। उनीहरूले गाउँटोल सुनसान भएपछि उपेन्द्रलाई मार्ने योजना बनाएका थिए। परमेश्वर भनिने बिजुलले मृतक उपेन्द्रको खुट्टा पक्रिए, शम्भुले हात समाते अनि कृष भनिने जयकृष्णले घाँटी थिचेर उनको हत्या गरे। हत्यापछि उनीहरूलाई शव लुकाउन समस्या भयो। उनीहरूमध्ये जयकृष्णले शव लुकाउने जुक्ति निकाले। जयकृष्णले शौचालयभित्रको रिङमा मृतकको शव हाले कसैले थाहा नपाउने बताए। जयकृष्णले निकालेको जुक्तिमा उनीहरू सहमत भए। राति नै उनीहरूले साथी इन्द्रलाल मण्डललाई बोलाए। उपेन्द्रको हत्या गरेको विषयमा इन्द्रलाललाई जानकारी गराउँदै उनीहरूले हत्या गरेको कुरा कसैलाई भनिस् भने परिवारलाई सखाप पारिदिने धम्की दिएका थिए। ज्यान मार्ने धम्की पाएपछि इन्द्रलाल चुपचाप बसे। हत्याराहरूले उनकै शौचालयको रिङभित्र उपेन्द्रको शव हाले र माथिबाट ढक्कन लगाइदिए।

### यसरी पक्राउ परे शम्भु

उपेन्द्रको हत्याको आरोपमा पक्राउ परे पनि जिल्ला अदालतबाट सफाइ पाएर कैद मुक्त भएका साह उच्च अदालतले जन्मकैदको सजाय सुनाएपछि फरार भएका थिए। गाउँघरमा खुलेआम हिँड्ने शम्भुलाई पक्राउ गर्न मोरङ प्रहरीले सादा पोसाकका प्रहरी परिचालन गरेको थियो। मोरङ प्रहरीले अभियुक्त साहलाई १३ पुस २०७४ मा रङ्गेली बजारबाट पक्राउ गरी जिल्ला अदालत, मोरङमा बुझाउँदै विराटनगर कारागार चलान गरेको छ।

### जिल्लाबाट सफाइ पाएका अभियुक्तलाई उच्च अदालतबाट कैद

जिल्ला अदालत मोरङबाट सफाइ पाएका शम्भुले उच्च अदालतबाट २० वर्ष कैद सजाय पाएका छन्। अभियुक्त शाहलाई २८ वैशाख २०७३ मा मोरङ जिल्ला अदालतले हत्याको आरोपमा सफाइ दिएको थियो, तर उक्त फैसला रीतपूर्वक नभएको भन्दै सरकारी वकिलको कार्यालयले पुनरावेदन गरेपछि ३० जेठ २०७४ मा उच्च अदालत विराटनगरले जिल्ला अदालतको फैसला उल्ट्याएर अभियुक्त शाहलाई जन्म कैद (२० वर्ष) को सजाय सुनाएको थियो।

### लामो समयपछि न्याय पाइयो

जिल्ला अदालत मोरङबाट सफाइ पाएका मुख्य अभियुक्त शम्भु साहलाई उच्च अदालतबाट २० वर्ष कैद सजाय तोकिएपछि प्रहरीले उनलाई पक्राउ गरी जेल चलान गरेको घटनाबाट पीडित परिवारले न्याय पाएको अनुभूति गरेको प्रतिक्रिया दिएको छ। साप्ताहिकसँगको फोन सम्पर्कमा मृतकका बुवा अमरलाल साहले भने– 'ढिलै भए पनि अदालत र प्रहरीबाट न्याय पाएका छौं। हत्यामा संलग्न केही अभियुक्त अझै फरार छन्। उनीहरू पनि पक्राउ परे छोराको आत्माले शान्ति पाउने थियो।'




# समाचार अझै सहज, अझै अनुकूल

**सर्वाधिक नेपालीसँग जोडिएको राष्ट्रिय दैनिक अब छुट्टै एप र वेबसाइटमा**

प्रदेशहरुको हालचाल होस् या देश-विदेशका जानकारी, आर्थिक जगत्‌को उतारचढाव होस् या नेपाली डायस्पोराका गतिविधि, आफ्नो प्रिय खेलकुद टिमलाई पछ्याउन होस् या मनोरञ्जनका खबर थाहा पाउन, बदलिँदो समयसँगै सूचना ग्रहण गर्ने तौरतरिका फेरिनसक्छ, तर समाचार र विश्लेषणमा तपाईको हक सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता अपरिवर्तनीय छ ।

डाउनलोड गर्नुहोस्

GET IT ON Google Play

Available on the App Store

www.kantipurdaily.com

# नेपालगन्जमा के गर्दैछन् पूर्वराजा ज्ञानेन्द्र







जनक नेपाल

पूर्वराजा ज्ञानेन्द्र शाहले अंग्रजी नयाँ वर्ष-२०१८ नेपालगन्जमा आफ्नो समेत लगानी रहेको होटल सोल्टीको 'सफ्ट ओपनिङ' सँगै मनाएका छन् । पत्नी कोमल, बुहारी हिमानी तथा छोरी प्रेक्षासहित पुस १३ गते बिहीबार नेपालगन्ज ओर्लिएका पूर्वराजा शाहले यसपटकको पूरै भ्रमणलाई व्यवसाय प्रवर्द्धनमा केन्द्रित गरेको बताइन्छ । हिन्दू धर्म र राजतन्त्रलाई मुख्य सिद्धान्त मान्ने राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता-कार्यकर्ताले राजनीतिक रंग दिन खोजे पनि पूर्वराजा शाह भने एउटा व्यवसायीका रूपमा मात्र प्रस्तुत भए ।

झन्डै एक साताको नेपालगन्ज बसाइलाई उनले होटल सोल्टीको प्रवर्द्धनमा सदुपयोग गरे र त्यस क्रममा स्थानीय उद्योगी एवं होटल व्यवसायीहरूसँग भेटघाट गरे । सीमा अपराध तथा सुरक्षाका सम्बन्धमा प्रहरी-प्रशासनका अधिकारीहरूसँग छुट्टै भेटेर चासो देखाए । व्यवसायिक भ्रमण भएकै कारण हुनुपर्छ, उनी भेटघाटमा उत्तिकै सहज देखिन्थे । राप्रपाका नेता-कार्यकर्ता मात्र नभै नयाँ वर्ष मनाउन होटल पुगेका सर्वसाधारणसँग पनि उनले खुलेर तस्बिर खिचाए भने सरल ढंगले अभिवादन फर्काए ।

चार तारे सोल्टी वेस्टेन्ड प्रिमियर नाम दिइएको होटलको 'सफ्ट ओपनिङ'सँगै पूर्वराजा ज्ञानेन्द्रले नेपालगन्जमै अंग्रेजी नयाँ वर्ष-२०१८ को स्वागत गरे । उनको उपस्थितिमा नवनिर्मित होटल सोल्टीमा आयोजित न्यू इयर इभ कार्यक्रम भव्य बनेको थियो । साँझ ८ बजे सुरु भएको उक्त कार्यक्रम राति एक बजेसम्म चलेको बताइन्छ । पूर्वराजा ज्ञानेन्द्र साढे नौ बजेतिर सार्वजनिक कार्यक्रममा सहभागी भए । इन्डियन आइडलकी तोरशा सरकार तथा नेपाली गायिका श्रेया सोताङ आदिको प्रस्तुति समेटिएको सांगीतिक वातावरणमा उनी १५ मिनेटजति मात्र बसे, तर त्यति समयमा नयाँ वर्ष मनाउन पुगेकाहरूले उनीसँग फोटो खिचाउन भ्याए । पूर्वराजा ज्ञानेन्द्र यसपटक सेल्फी दिनसमेत सहज देखिए । उनीसँग सेल्फी लिन खोज्नेहरूको तँछाडमछाडले सुरक्षा प्रबन्ध समेत अस्तव्यस्त भएको थियो । होटल सोल्टीमा नयाँ वर्ष मनाउन पुगेका ग्राहकहरूले पूर्वराजा ज्ञानेन्द्रसहितको सेल्फी सामाजिक सन्जालहरूमा समेत सेयर गरिरहेका छन् । नेपालगन्जका मेयर धवलशमशेर राणाले भने पूरै समय पूर्वराजासँगै बसेर नयाँ वर्ष मनाए ।

## सुटुक्क ड्राइभिङ

नेपालगन्ज बसाइका क्रममा पूर्वराजा शाह पूर्वजानकारीबिनै सुटुक्क ड्राईभिङमा निस्किए । नयाँ वर्ष २०१८ को पहिलो दिन सोमवार बिहान आठ बजेतिर सुरक्षा निकायलाई थाहै नदिई बा २ च ६४१८ नम्बरको कार लिएर निस्किएका शाह सुर्खेत रोड हुँदै भन्सारचोक पुगेर फर्किए । फर्किएर उनी कारकाँदोस्थित सोल्टी होटल आउने सुरक्षाकर्मीहरूको अनुमान थियो । यद्यपि शाह कोहलपुरतर्फ लागेपछि सुरक्षाकर्मीहरू हैरान भए । यता उनी भने गनापुर पुगेर नेपालजन्ज फर्किए ।

शाहले नेपालगन्ज बसाइमा बागेश्वरी मन्दिरको दर्शन गर्ने पूर्वानुमान थियो । त्यसै पनि उनी शक्तिपीठहरू धाइरहन्छन् । त्यसैले आफैं ड्राइभिङ गरेर निस्कँदा बागेश्वरी मन्दिर दर्शन हुन सक्ने मानेर प्रहरी टोली त्यहाँ पुगेको थियो । वडा प्रहरी निरीक्षक राजन गौतमको टोली धेरै बेरसम्म मन्दिरमा कुरेर बस्यो, तर शाह सिधै कोहलपुरतर्फ हुइँकिएपछि गौतम जिल्लिएनन् मात्र, उनको टोली शाहलाई खोज्दै कोहलपुरसम्म पुग्यो, तर त्यहाँ पनि ज्ञानेन्द्रलाई भेट्न सकेन । शाह होटल फर्किएपछि मात्र प्रहरीले त्यसको जानकारी पाएको थियो । होटल सोल्टीमा बसेका पूर्वराजपरिवारको सुरक्षाका लागि डीएसपीको कमाण्डमा सशस्त्र प्रहरी बलको टोली खटाइएको थियो ।

'प्रहरीलाई भ्रमण तालिका उपलब्ध नगराइएकाले सुरक्षा व्यवस्था मिलाउन गाह्रो भयो' संघीय प्रहरी एकाइका वरिष्ठ प्रहरी उपरीक्षक महेशविक्रम शाह भन्छन्, अन्तिम समयमा मात्र खबर आउने भएकाले प्रहरीको दौडादौड मात्र भयो ।

# स्वागत विवादमा उपमेयर

पूर्वराजा शाहको स्वागत गर्न सयौंको संख्यामा राप्रपा कार्यकर्ता तथा राजावादीहरू विमानस्थल पुगेका थिए । उनीहरूले स्वागत जुलुसमात्र निकालेनन्, पहिले-पहिलेजस्तै पूर्वराजाको जयजयकार समेत गरे । नेपालगन्ज उपमहानगरपालिकाका मेयर धवलशमशेर राणा तथा उपमेयर उमा थापामगरले विमानस्थलमा पूर्वराजपरिवारको स्वागत गरेका थिए । 'पूर्वराष्ट्राध्यक्षलाई आफ्नो नगरमा स्वागत गर्नु शिष्टाचारभित्रै पर्छ,' मेयर राणाले भने-त्यसमाथि म राजतन्त्र मान्ने पार्टीको नेता पनि हुँ । राणाले पूर्वराजाको यो भ्रमणलाई आफूले नितान्त पारिवारिक तथा व्यवसायिक भ्रमणका रूपमा हेरेको पनि बताए ।

राप्रपा महामन्त्री समेत रहेका मेयर राणाले पूर्वराजाको स्वागत गर्नुलाई सामान्य मानिए पनि काग्रेस युवा नेतृ तथा उपमेयर उमा थापामगर पूर्वराजाको स्वागतमा गएकोमा पार्टीभित्रै आलोचना भैरहेको छ । कांग्रेसका जिल्ला नेता सुधांशु कोइरालाले सामाजिक सन्जालमै उपमेयरलाई संकेत गर्दै आफूले लज्जित महसुस गरेको कुरा उल्लेख गरेका छन् । उनले असन्तुष्टि व्यक्त गर्दै लेखेका छन् : 'आफूलाई लोकतान्त्रिक पार्टीको नेता मान्ने, राजालाई दरबारबाट सडकमा ल्याउन जनआन्दोलनमा अहंम भूमिका निर्वाह गरेको भन्ने अनि पूर्वराजा नितान्त पारिवारिक भ्रमणमा आएको सुन्नासाथ पार्टीको मर्यादा ख्याल नगरी सत्कारमा पाल्नुहुने साथीहरूलाई देखेर म आफैं लज्जित महसुस गर्दैछु ।'

यता उपमेयर उमा थापामगर भने आफू पार्टीको कार्यकर्ता मात्र नभै उपमहानगरपालिकाको उपमेयर पनि भएको नबिर्सिदिन आग्रह गर्छिन् । पूर्वराष्ट्राध्यक्ष तथा नगरभित्र खुलेको स्तरीय होटलको लगानीकर्ताका रुपमा आफूले पूर्वराजा शाहलाई स्वागत गरेको उल्लेख गर्दै उपमेयर थापामगरले भनिन्- 'पूर्वविशिष्ट व्यक्तित्वलाई नगरमा स्वागत तथा शिष्टाचार भेट गर्नुलाई सामान्य रूपमै लिनुपर्छ ।'



नेपालगन्ज त्यसै पनि पूर्वराजा ज्ञानेन्द्रका शुभेच्छुक एवं राजावादीहरू प्रसस्तै भएको सहर मानिन्छ । ज्ञानेन्द्र ०६७ जेठ ९ गते बागेश्वरी माताको दर्शनका लागि आउँदा त्रिभुवन चोकदेखि मन्दिरसम्म रातो कार्पेट बिच्छ्याईएको थियो । उनलाई हेर्न र स्वागत गर्न हजारौंको भीड जुटेको थियो । बिहान नेपालगन्ज आएर बागेश्वरी दर्शन गरी छोटो पत्रकार भेट गरेर उनी त्यही दिन काठमाडौं फर्किएका थिए । यसपटकको भ्रमणमा भने शाहले साइत जुराएर बागेश्वरीको दर्शन गर्ने भएका छन् । पुस १८ गते मंगलबार बुहारी हिमानी, छोरी प्रेक्षासहित परिवारका सदस्यहरूले पूजाआजा गरे पनि ज्ञानेन्द्र दम्पती भने बागेश्वरी मन्दिर पुगेनन् । बरु उनले बर्दियाको सदरमुकाम गुलरियास्थित बंगलामुखी मन्दिरको दर्शन गरे । 'पूर्व युवराज्ञीसहित परिवारका सदस्यहरूले खुला दर्शन गर्नुभयो,' मन्दिरका मूल महन्त चन्द्रनाथ योगीले भने- उहाँहरूले बागेश्वरी माता, जुंगे महादेव, गणेश, भैरव तथा शनिको पूजाआज गर्नुभयो । अन्यत्र कतै नदेखिएको जुंगासहितको महादेवको मुर्ति देखेर पूर्वयुवराज्ञी हिमानीले त्यसका सम्बन्धमा चासो व्यक्त गरेको कुरा पनि महन्त योगीले बताए ।

पूर्वराजा दम्पतीले सोमबार बागेश्वरी दर्शन गर्ने खबर मन्दिर व्यवस्थापनले पाएको थियो । त्यही अनुसार, सुरक्षा व्यवस्था मिलाइएको थियो, तर पछि कार्यक्रम स्थगित भएको खबर आयो । पूर्वराजपरिवार अब नेपालगन्जबाट धनगढी जाने कार्यक्रम छ । पुस २० गते परिवारका अन्य सदस्यहरू काठमाडौं फर्किसके पनि पूर्वराजा शाह अरू केही दिन नेपालगन्जमै बस्ने र दाङसम्म पुग्ने कार्यक्रम रहेको राप्रपा नेता ऋषि देवकोटा बताउँछन् । त्यसै क्रममा उनले साइत हेरेर बागेश्वरीको खुला दर्शन गर्ने जानकारी पाएको मन्दिर स्रोत बताउँछ ।

## कमल थापासँग लन्च मिटिङ

पूर्वराजा शाहले यसपटक राप्रपा अध्यक्ष एवं कमिचलाउ सरकारका उपप्रधानमन्त्री कमल थापालाई नेपालगन्ज बोलाई लन्च छलफल गर्न समेत भ्याए । थापा पुस १५ गते शनिबार बिहान श्री एयरको पहिलो उडानबाट नेपालगन्ज पुगेका थिए । भेटघाटका लागि मध्यान्हको समय मिलाइएको थियो । त्यसैले बिहानभर थापाले बागेश्वरी मन्दिरको दर्शन एवं पूजाआजा गरे । पूर्वराजा शाह र थापाबीच मध्यान्ह १२ बजेदेखि दिउँसो साढे २ बजेसम्म होटल सोल्टीमा लन्च मिटिङ चलेको थियो । भेटलगत्तै आयोजित पत्रकार सम्मेलनमा थापाले पूर्वराजासँगको भेटलाई शिष्टाचार भेटघाटका रूपमा अर्थ्याए । यद्यपि उक्त भेटमा पूर्वराजा शाहले वर्तमान राजनीतिक अवस्था एवं राप्रपाको भावी योजनाका सम्बन्धमा चासो देखाएका थिए । 'पूर्वराजा नेपालगन्जमा भएका बेला म आउनु संयोग मात्र हो', अध्यक्ष थापाले शाहसँगको भेटको बचाउ गर्दै भने, 'म आउँदा पूर्वराजासमेत यतै भएकाले भेट गर्न गएको हुँ । भेट गर्नु मेरो कर्तव्य र शिष्टाचार पनि हो ।'

थापाले पूर्वराजासँगको भेटलाई राजनीतिक नभै व्यक्तिगत सम्बन्ध र शिष्टाचारका हिसाबले हेर्न आग्रह गरे । भेटमा पूर्वराजाले राप्रपाको चुनावी परिणाम र आगामी कार्यदिशाका सम्बन्धमा चासो देखाएको कुरा भने उनले स्वीकार गरेका छन् ।

राप्रपा अध्यक्ष थापाले नेपालगन्ज आउने अघिल्लो रात मात्र अगुवा कार्यकर्ता भेला राख्न जिल्ला नेतृत्वलाई निर्देशन दिएका थिए । थापा उक्त भेलालाई सम्बोधन गरेर शनिबारै राजधानी फर्किए ।

# उद्योगी व्यवसायीहरूसँग भेट



पूर्वराजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकाललाई नेपालगन्जले किन पनि बिर्सिएको छैन भने त्यतिबेला उनको प्रत्यक्ष निर्देशनमा नेपालगन्जमा रहेका मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सेनाको पृतना तथा अधिकांश क्षेत्रीय कार्यालयहरू विकास क्षेत्रको सदरमुकाम सुर्खेत सारिएको थियो । तिनै ज्ञानेन्द्र यसपटकको भ्रमणमा भने नेपालगन्जको विकासलाई लिएर चिन्तित देखिए ।

उनकै आग्रहमा पुस १४ गते शुक्रबार होटल एसोसिएसनहरू नेपाल (हान) ले नेपालगन्ज र कोहलपुरका स्तरीय होटल सञ्चालकहरूलाई नवनिर्मित होटल सोल्टीमा बोलायो । त्यस्तै, त्यहाँ उद्योगी-व्यवसायीहरू पनि निम्त्याइए । होटल सोल्टीको सञ्चालक समितिका सदस्य रविभक्त श्रेष्ठ तथा राजेशकाजी श्रेष्ठ उद्योगी-व्यवसायीहरूलाई प्रतिस्पर्धीभन्दा पनि साथी मानेर सहकार्य गर्न आग्रह गरिरहेका थिए । त्यत्तिकैमा बैठक कक्ष प्रवेश गरेका पूर्वराजा शाहले झन्डै दुई घण्टा नेपालगन्जका उद्योगी-व्यवसायीहरूसँग बिताए । 'उहाँले व्यवसायीहरूको अन्तर्क्रिया ध्यान दिएर सुन्नुभयो,' नेपालगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष नन्दलाल वैश्यले भने, 'अनौपचारिक कुराकानीमा पनि राजनीतिक कुरा गर्नु भएन । सोल्टी होटल र पर्यटन व्यवसाय नै उहाँको मुख्य चासो थियो । यता व्यवसायीहरूले भने नेपालगन्जको विकास एवं विमानस्थलको स्तरोन्नतिको खाँचो औंल्याएका थिए ।

पूर्वराजा शाहलाई भेट्न नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य कृष्णप्रसाद श्रेष्ठ, नेपालगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष नन्दलाल वैश्य पूर्वअध्यक्षहरू सुनिलकुमार शर्मा, अच्युत प्रसाई, संघका महासचिव अजय टन्डन, सदस्य सञ्जय थापा, उद्योगपति कन्हैयालाल वैश्य, प्रदीप छाछेड, सतिश गुप्ता, जडिबुटी व्यवसायी राजेश जैन, औषधि व्यवसायी अभयकुमार बस्नेत, होटल व्यवसायी केशव न्यौपाने, देवानन्द अर्याल, दिपु अग्रवाल आदि सोल्टी पुगेका थिए ।

सुरक्षा अधिकारीहरूसँगको भेटमा पूर्वराजा शाहले सीमा अपराधको स्थिति तथा पर्यटन व्यवसायमा सुरक्षा चुनौतीका सम्बन्धमा चासो देखाएका थिए । 'तराईमा अपराधको स्थिति र सुरक्षा प्रबन्ध उहाँको चासोमा थिए,' संघीय प्रहरी एकाइका वरिष्ठ प्रहरी उपरीक्षक महेशविक्रम शाहले भने-पर्यटन व्यवसायका लागि अहिले कुनै पनि सुरक्षा अप्ठ्यारो नरहेको जानकारी गरायौं । बाँकेका प्रमुख जिल्ला अधिकारी रमेश केसी, एसएसपी शाह तथा बाँकेका निमित्त प्रहरी प्रमुख राजेन्द्र अर्याल पूर्वराजालाई भेट्न होटल सोल्टी पुगेका थिए ।

पूर्वराजा शाहको उल्लेख्य लगानी रहेको होटल सोल्टीको चर्चा उत्तर प्रदेशको राजधानी लखनउसम्मै पुगेको थियो । 'नेपाल पूर्वनरेशकी होटल' भन्दै भारतीय मिडियामा पनि समाचारहरू आएका छन् । उक्त होटलले मानसरोवर कैलाश दर्शनका लागि मध्यम तथा उच्च वर्गीय धार्मिक पर्यटकलाई लक्षित गरेको छ । त्यसका लागि हुम्लामा समेत शाखा खोल्ने तयारी भैरहेको स्रोतले बतायो । होटलले छिट्टै क्यासिनो पनि सञ्चालनमा ल्याउन अनुमति मागेको नेपालगन्ज उपमहानगरपालिकाका मेयर धवलशमशेर राणाले बताएका छन् ।

# रेकर्ड ब्रेकर न्यू इयर इभ









तस्बिरहरू : महेश प्रधान/नवराज बाले

विकेन्डबाहेक अरू बेला साँझ १०-११ बजे नै सुनसान भैसक्छ–दरबारमार्ग । त्यहाँका केही नाइट क्लब, लाउन्ज, डान्सबार तथा दोहोरीहरूले मात्र रात्रिजीवनको छनक दिइरहेका हुन्छन् । अझ राति सवारी जाम त विरलै हुन्छ । यद्यपि गत आइतबार दरबारमार्ग र ठमेल बिहानैसम्म जाग्राम थिए । राति अबेरसम्मै त्यो क्षेत्रमा ट्याक्सी र बाइकले सवारी जाम गराए ।

२०१७ को अन्तिम दिन अर्थात् ३१ डिसेम्बर २०१७ । न्यू इयर २०१८ लाई स्वागत गर्न दरबारमार्ग र ठमेलमा न्यू इयर सेलिब्रेसनका लागि ठूलो भिड ओइरियो । न्यू इयर इभको अवसर पारेर ठमेलमा आयोजित स्ट्रिट कन्सर्टमा हजारौं युवायुवती पसिना छुट्ने गरी उफ्रिए र चर्को गरी बजेको संगीतमा मस्ती गरे । टाउकोमा रंगीचंगी बत्ती बल्ने हेडबिन लाइट लगाएर सेल्फीमा रमाइरहेका तन्नेरीहरूलाई न त मध्य पुसको कठ्याङ्ग्रिँदो जाडोको वास्ता थियो, न त निन्द्रा र थकानको नै । बस केवल मस्ती लुट्नु थियो, उनीहरूले त्यही गरे ।

ठमेलको स्ट्रिट कन्सर्टमा मात्र होइन, झुन्ड-झुन्ड बनाएर रमाइरहेका युवाहरूका रोचक दृश्य ठमेलका भित्री गल्ली, चोकदेखि दरबारमार्ग र त्यहाँका रेस्टुराँ तथा नाइट क्लबहरूमा पनि उत्तिकै देखिन्थ्यो । कोही मायालुको अँगालोमा, कतै साथीभाइको ग्याङमा त कहीं परिवारका सदस्यहरू नै मिलेर न्यू इयर इभलाई इन्जोय गरिरहेका थिए ।

ड्रिंक्स, डान्स र संगीतका पारखीहरूजति नाइट क्लब, डान्सबार र क्लबहरूमा ओइरिएका थिए भने कोही स्ट्रिट कन्सर्टमै भरपुर आनन्द उठाइरहेका थिए । यस्तै पारखीहरूका लागि केही रेस्टुराँले समेत सांगीतिक कार्यक्रमको आयोजना गरेका थिए । दरबारमार्गको शेर्पा मलस्थित ओपिम रेस्टुरेन्ट एन्ड बारले सिर्जना ब्यान्ड ल्याएर सांगीतिक कार्यक्रम गरेको थियो । यस्तै ठमेल, दरबारमार्ग मात्र होइन, लाजिम्पाट, गौशाला, पंकनाजोल, नयाँ बसपार्क, त्रिपुरेश्वर, बानेश्वर आदि क्षेत्रका लाउन्ज तथा रेस्टुराँहरूले समेत न्यू इयर इभका विभिन्न पार्टी तथा सांगीतिक कन्सर्टहरू राखेर ग्राहकहरूलाई आकर्षित गर्ने प्रयासमा थिए ।

त्रिपुरेश्वरको कर्मा लाउन्जमा एमएस इन्टरटेनमेन्टले लाइभ ब्यान्ड र डिजेसहितको सांगीतिक कार्यक्रम चलाएको थियो । उक्त सांगीतिक वातावरणको स्वाद लिन १५ सयभन्दा बढी मानिस ओइरिएको कर्माका बार इन्चार्ज गोपाल गुरुङले बताए । लाजिम्पाटस्थित त्रिसराले गार्डेनमा लाइभ म्युजिक र बाहिर डिजेसहितको कन्सर्टको आयोजित गरेको थियो । त्रिसराका म्यानेजर क्षितिज लामिछानेका अनुसार त्यहाँ डिजे एजेन, डिजे रेडमस, डिजे आशिष आदिले प्रस्तुति दिएका थिए भने ८ सयभन्दा बढी सहभागी त्यहाँ भेला भएका थिए ।

केही समयअघि प्रशासनले दरबारमार्ग र ठमेललाई चौबीसै घण्टा खुला राख्ने निर्णय गरेको थियो, जसको भरपुर फाइदा नाइट लाइफमा रमाउनेहरूले उठाए । 'न्यू इयर इभजस्तो महत्वपूर्ण अवसरमा दरबारमार्ग र ठमेलजस्ता हब चौबीसै घण्टा खोल्ने निर्णय गर्नु सकारात्मक कुरा हो,' दरबारमार्गस्थित क्लासिक बर्मन क्लबमा ड्रिंक्ससँगै नृत्यको मस्ती लिइरहेकी बुटवलकी २३ वर्षीय तन्नेरी सुवाना भट्टराईले भनिन्, 'प्रहरीको चुस्त सुरक्षा व्यवस्थाले हामीलाई खुल्ला हुन र रमाइलो गर्न सहज बनाएको छ ।'

त्यो दिन अरू दिनको तुलनामा क्लबहरूले दोब्बरभन्दा बढी ग्राहकलाई स्वागत गरे । शेर्पा मलको ओपिम रेस्टुरेन्ट एन्ड बारका सञ्चालक उद्धव ढकाल अरू दिनको तुलनामा दोब्बर बढी ग्राहकलाई आफूहरूले स्वागत गरेको बताउँछन् । 'अरू दिनको तुलनामा हिजो दोब्बर बढी ग्राहकलाई स्वागत गर्ने मौका पायौं,' उनले साप्ताहिकसँग भने, 'अरू दिन १० बजे नै रेस्टुराँ बन्द गर्थ्यौं, हिजो १ बजेसम्मै खुल्ला राख्यौं ।' रोचक त के भने दरबारमार्गको चल्तीको क्लब भिक्ट्रीले ग्राहकहरूको भार थेग्नै सकेन । एब्रिटरीले भिक्ट्रीलगायतका तिरसरा, अन्नपूर्ण आदि पाँच ठाउँमा कार्यक्रम गरेको थियो । 'अघिल्लो वर्षको तुलनामा यो वर्ष न्यू इयर इभ मनाउन निकै ठूलो भीड उर्लिएको देखे,' भिक्ट्रीका सञ्चालक सुरज कार्की भन्छन्, 'हाम्रो क्लबलाई भिड थेग्नै हम्मे-हम्मे भयो ।'

ठमेलस्थित चल्तीको क्लब इबिजाका सञ्चालक मन्चिन शाक्य पनि अघिल्ला वर्षहरूको तुलनामा यो वर्ष दोब्बरभन्दा बढी मानिस इभ मनाउन ठमेल आएको बताउँछन् । 'पहिलेको तुलनामा निकै धेरै मान्छे आए । पहिले नेपाली न्यू इयरमा सबैभन्दा धेरै मानिस आउने रेकर्ड थियो । यस पटक अंग्रेजी न्यू इयर इभमा त्योभन्दा पनि धेरै मानिस आए,' शाक्यले भने ।

दरबारमार्गको भन्दा ठूलो भिड ठमेलमा उर्लिएको थियो । ठमेलको मुख्य प्रवेशद्वार सञ्चय कोषअगाडिको सडकको स्ट्रिट कन्सर्टमा उपस्थित भिडलाई छिचोल्दै ठमेल पस्न हम्मे-हम्मे पर्थ्यो । ठमेल पर्यटन विकास परिषद्का सचिव दावाङ लामाले साढे ३ लाख बढी मानिस न्यू इयर इभमा ठमेलमा ओइरिएको बताए । 'पहिलेको भन्दा झन्डै दोब्बर मानिस आए । एकदमै राम्रो भयो, झगडा पनि भएन,' उनले भने, 'तीन किलोमिटर बाटो पूरै प्याक थियो ।' ठमेलको स्ट्रिट कन्सर्टमा बिहानैसम्म नाच्नेहरूको भीड देखिन्थ्यो । दरबारमार्गको पश्चिम जयनेपाल लाइन र पकनाजोलमा सयौं ट्याक्सी ग्राहक पर्खिरहेको दृश्य अझ रोचक थियो ।

## अनुशासित मनोरञ्जन

इभ मनाउन दरबारमार्ग ओइरिएका अधिकांश युवायुवती अनुशासित देखिन्थे । पिउनेहरू बार, क्लब र रेस्टुराँहरूमा पिइरहेका थिए । सडकमा पियक्कडहरूको होहल्ला र विवाद पनि उतिसारो सुनिएन ।

केही क्लबमा कुनामा बसेर किस गर्ने दृश्य सामान्य भए पनि सडकमै त्यस प्रकारका गतिविधि देखिएनन्, बरु रोचक दृश्य त के भने क्लासिक क्लबको गेटमा एक युवक आफ्नी श्रीमतीलाई आफूलाई कुनै जानकारी नदिई क्लबमा आएको भन्दै झकुरिहेका थिए । पछि उनलाई त्यहाँ उपस्थित अन्य मानिसहरूले रोकेर सम्झाउँदै शान्त बनाए ।

त्यसबाहेक सिट्ठी फुक्ने र होहल्ला गर्ने दृश्यहरू देखिए पनि भीडमा कसैले विवाद र झगडा गरेका दृश्य उति देखिएन । मानिसहरू मदिरा सेवन गरेर सडकमा पल्टिएका पनि देखिएनन्, बरु समूहमा रमाइलो गर्नेहरू नै बढी देखिए । रमाइलो त के भने न्यू इयर इभको वातावरणमा युवतीहरू पनि उन्मुक्त रूपमा मस्ती गरिरहेका देखिन्थे ।

## बम्पर ब्यापार

दसैं, न्यू इयर, भ्यालेन्टाइन, क्रिसमसजस्ता अवसरहरूमा मस्तीका लागि जति जानिन्छन्, त्यति नै व्यापारका

पृष्ठ २७ मा

# न्यू इयर इभमा जागा लेकसाइड









न्यू इयर इभ । पुस महिनाको चिसो साँझ तर अंग्रेजी नयाँवर्षको स्वागतमा तातेको पोखराको लेकसाइड । रात जति छिप्पिँदै छ त्यति नै दर्शकको भीड थपिँदैछ । कारण अंग्रेजी नयाँ वर्षलाई स्वागत गर्न आतुर छ यो भीड । लेकसाइडका सडकमा मात्र नभएर होटल, रेस्टुराँ तथा रिसोर्टहरूमा समेत नयाँ वर्षलाई स्वागत गर्न आतुर जमात उस्तै ।

नयाँ वर्षलाई अझ भव्य बनाउन रेवान पोखराले आयोजना गरेको १९ औँ सडक महोत्सव । सडकमै खाउँ, सडकमै नाचौं र सडकमै रमाउ भन्ने नाराका साथ रेवान, पोखराले बर्सेनि आयोजना गर्दै आएको यो महोत्सवमा पुगेर रमाउनेहरूको स्टाइल फरक-फरक । कोही विभिन्न परिकार खाँदै भने केही संगीतको तालमा रमाउँदै । यसरी रमाउनेमा कोही विदेशी पर्यटक, कोही स्वदेशी त बढीजसो पोखरा आसपासकै बासिन्दा । सहिदचोकबाट खहरेसम्मको सडकमा हिड्नेहरू उस्तै । झिलिमिली लेकसाइडमा मानव लस्कर, नजिकैको फेवातालमा देखिने मनोरम दृश्यले दिइरहेको नौलो अनुभूति । बेला-बेलामा भीडको चिच्याउटले गुञ्जिएको तरंग । कोही परिवारका साथमा, कोही आफ्नो जीवनसाथीका साथमा, कोही साथीहरूसँग त कतिपय एक्लै पनि । बाहुल्यता युवाको देखिए पनि स-साना नानीबाबुदेखि वृद्धवृद्धा पनि उत्तिकै ।

अन्य साँझ खाली हुने रेस्टुरां, बार मात्र नभएर लेकसाइडको सडकमा स्थापित हरेक पसलमा मानिसहरूको भीड देख्दा स्वयं व्यवसायीहरू नै अचम्मित । होटल तथा रेस्टुराँको अकुपेन्सी ९५ प्रतिशत पुगेको दाबी गर्दै उत्साहित होटल व्यवसायी । खाएर रमाउने भन्दा पनि हेरेरै रमाइलो मान्नेहरूको कमी पनि थिएन त्यहाँ । गाला पार्टीका कारण होटल तथा रिसोर्टहरूमा समेत उस्तै भीड । विभिन्न मनोरञ्जक कार्यक्रमको आयोजना गरेर न्यू इयर इभमा रौनक थप्ने काम होटल तथा रिसोर्टहरूले गरेका थिए, जहाँ मदिराका साथमा बुफे डिनर र स्न्याक्स खाँदै रमाउनेहरूको तामझाम देखिन्थ्यो ।




लेकसाइडमा रहेका लाइभ म्युजिक, डिस्को, डिजे सेसन, डान्स क्लब आदिमा पुगेर रम्नेहरूको बेग्लै शैली । कतै स्थानीय व्यान्ड तथा कलाकारको प्रस्तुति त कतै पोखराभन्दा बाहिरका कलाकारमार्फत नयाँ स्वाद दिने प्रयास । कोही अनुहारमा विभिन्न पेन्टिङ कोर्दै रमाउँदै ।



सडकमा मात्र होइन, कोमागाने पार्कमा समेत थियो अझ ठूलो जमात, जहाँ महोत्सवको अवसरमा आयोजित विशेष कार्यक्रम चल्दै थियो तर त्यहाँ प्रवेश गर्न भने शुल्क तिर्नुपर्थ्यो । सांगीतिक कार्यक्रममार्फत रातको १२ बजाउने र नयाँ वर्षको शुभकामना दिने तयारी थियो त्यहाँ । तिर्सना गुरुङ, नवीन के भट्टराई र उनको ब्यान्ड अतृप्तको प्रस्तुतिसँगै दार्जीलिङको ब्यान्ड मन्त्रसँग झुम्ने जमातलाई व्यवस्थापन गर्न आयोजकहरूलाई उस्तै सकस । मध्यरातमा गरिएको आतिसबाजी । आतिसबाजीका कारण देखिएको सुन्दर दृश्य, अनि आवाज जसले मध्यरातमा निद्रादेवीको काखमा जान खोजिरहेकाहरूलाई समेत पुनः ब्युँताइ रहेको थियो ।

जब नयाँ वर्षलाई स्वागत गर्न आयोजित कार्यक्रमहरू सकिए । बिस्तारै लेकसाइडको दृश्यमा परिवर्तन देखिन थाल्यो । सबैलाई हतार थियो त्यहाँ । लाग्थ्यो निन्द्राबाट भर्खरै ब्युँझिएर हिँडेजस्तै । कोही चिसोले काम्दै थिए । कोही मदिराको तालमा जोस्सिँदै थिए । कोही भने झुपुझुपु गर्दै थिए । होटलमा बस्नेहरूलाई आफ्नो होटल पुग्न हतार । आफ्नै सवारी साधन लिएर गएकालाई सवारी भएको ठाउँमा पुग्न हतार । कोहि सवारी पाउने आशामा सवारी साधन खोज्न व्यस्त । कोही गन्तव्यमा पुग्न ट्याक्सी चालकहरूसँग बार्गेनिङ गर्दै । कोही चौरमै पल्टँदै । कोही भीडमा हराएका साथी कुर्दै । तस्बिर खिच्नेहरूको व्यस्तता भने निरन्तर जारी नै थियो । बिस्तारै लेकसाइडको भीड घट्दै गयो । रातको झन्डै दुई बजिसकेको थियो, तैपनि लेकसाइड पूर्ण रूपमा सुतिसकेको थिएन, जागा नै थियो ।

प्रस्तुति : राजाराम पौडेल

तस्बिरहरु : सुरज श्रेष्ठ

## रेकर्ड ब्रेकर न्यू इयर...

पृष्ठ २६ बाट

दृष्टिकोणले पनि बम्पर सावित हुँदै गएका छन् । यी अवसरहरूमा मस्ती चाहनेहरू दिल खोलेर खर्च गर्छन् भने व्यापारीहरू तिनै खर्चालु दिल भएकाहरूलाई वस्तु एवं सेवा उपलब्ध गराएर पैसा कमाउँछन् । न्यू इयर इभको यस पटकको वातावरण पनि दरबारमार्ग, ठमेल आदि क्षेत्रका व्यापारीहरूका लागि पैसा कमाउने वम्पर अवसर बन्यो ।

दरबारमार्गको सडकमा प्रायः विरलै देखिने दृश्य हो– स्टल म:म । मध्यपुसको कठ्याङ्ग्रिँदो चिसोमा आइतबार रातभर त्यहाँ म:मका स्टलहरू देखिए । त्यहाँ झुम्मिएर मम खानेहरूको ठूलै भीड लागेको थियो । यस्तै दृश्य ठमेलमा पनि देखिन्थ्यो ।

भीडको बीच सडकमै ससेज, ममदेखि रोल बेच्ने स्टलहरू थापिएका थिए । कतिसम्म भने ठमेलबाट पकनाजोल निस्कने भित्री गल्लीहरूमा समेत ठाउँ-ठाउँमा म:म पसलदेखि नेवारी परिकारका स्टलहरू खडा गरिएका थिए । यस्ता स्टलहरूमा योमरीदेखि बारासम्म पाक्थे– ग्राहकको मागअनुसार । सडकमा थापिएका खुद्रा पसलहरूमा बियरदेखि चुरोटसम्म उपलब्ध हुन्थे ।

ठमेल तथा दरबारमार्गका कफी सपदेखि केक सपसम्म, रेस्टुराँ, डान्सबारदेखि क्लबसम्मले न्यू इयर इभमा राम्रै व्यापार गरे । यसबाहेक अरू दिन ग्राहक कुरेर बस्ने रात्रिकालीन ट्याक्सी व्यवसायीहरूले समेत प्रशस्त ग्राहक पाए ।

### ६० जना प्रहरी हिरासतमा

न्यू इयर इभमा प्रहरीले मदिरा सेवन गरी होहल्ला र झगडा गर्ने ६० जनालाई नियन्त्रणमा लिएको छ, जसमध्ये ५९ जना पुरुष र एक जना महिला रहेको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रहरी नायब उपरीक्षक वसन्त रजौरेले साप्ताहिकलाई बताए । रजौरेका अनुसार सबैभन्दा धेरै २७ जनालाई ठमेलबाट पक्राउ गरिएको हो भने अन्यलाई दरबारमार्ग, लैनचौर, लाजिम्पाट, क्षेत्रपाटी आदि स्थानबाट नियन्त्रणमा लिइएको हो ।

'न्यू इयर इभ सुरक्षाका दृष्टिकोणले सामान्य नै रह्यो । चुस्त सुरक्षा व्यवस्थाका कारण त्यस्तो कुनै अप्रिय घटना हुन पाएन,' रजौरेले थपे । प्रहरीले इभलाई लक्षित गरी बढी भीडभाड हुने क्षेत्र ठमेल, दरबारमार्ग, लाजिम्पाट, ललितपुरको झम्सिखेल र भक्तपुर दरबार क्षेत्रमा विशेष सुरक्षा व्यवस्था लागू गरेको थियो, जसका कारण ठूलो भीड ओइरिँदा पनि कुनै अप्रिय घटना हुन पाएन । हुनत कहिलेकाहीं गुन्डाहरूबीच हुने ग्याङफाइट, मादक पदार्थ सेवन गर्नेहरूले निम्त्याउने विवाद, ट्याक्सीले हान्ने डेढी, युवतीहरूमाथि हुने दुर्व्यवहारबाहेक काठमाडौंको नाइट लाइफ अनुशासित नै मानिन्छ । काठमाडौंमा हुने अक्सर यस्ता सेलिब्रेसनमा मदिरा सेवन गर्नेहरूले नै विवाद निम्त्याइरहेका हुन्छन्, जसलाई यस पटक प्रहरीले समयमै नियन्त्रण गरेर इभको आनन्द लिनेहरूका लागि सुखमय वातावरण निर्माण गर्ने प्रयास गऱ्यो ।

यस्तै, प्रहरीले दरबारमार्गलगायतका क्षेत्रमा मदिरा सेवन गरेर सवारी साधन चलाउनेहरूमाथि पनि कडाइ गरेको थियो, जसका कारण सडक दुर्घटना पनि कमै भए । प्रहरीले दरबारमार्गमै पनि कडा चेकजाँच गर्नुका साथै मादक पदार्थ सेवन गरेकाहरूलाई सवारी साधन चलाउनबाट रोकिरहेको थियो ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## मेष

आफूभन्दा उपल्लो हैसियतका व्यक्तित्वले दिएको मार्गदर्शन अवलम्बन गर्दा प्रशंशा प्राप्त हुनेछ । कार्य क्षेत्रका अवरोधहरू स्वतः निर्मूल हुनेछन् । लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन । पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनमा रमाउँदा स्वास्थ्यको ख्याल राख्नुहोला ।

## वृष

उच्चपदस्थ अधिकारीसँग घनिष्ठ भै लाभ लिन सकिनेछ । टाउको तथा आँखासम्बन्धी समस्याले सताउन सक्छ । धन खर्च हुने सम्भावना छ । घरायसी व्यवहारमा होस पुऱ्याउनुपर्नेछ । भोज-भतेरमा सहभागी हुँदा आफ्नो बहुमूल्य सरसामानप्रति निगरानी राख्नुहोला ।

## मिथुन

प्रियजनको सुझाव अनुसरण गर्दा समय खेर जानेछैन । आकर्षक सवारी साधनको खरिदले अरूको मन लोभ्याउनेछ । रोकिएको विदेश अध्ययनको प्रक्रिया सकारात्मक परिणाममा पुग्नेछ । भ्रमणका क्रममा बढी खर्च हुनुका साथै विभिन्न झमेला आइलाग्न सक्छ । साताको अन्त्यमा स्वास्थ्यमा ध्यान पुऱ्याउनुहोला ।

## कर्कट

आफ्नो कार्ययोजना ओझेलमा पर्न सक्छ । अभिभावकको सुझाव आत्मसात् गर्दा आर्थिक क्षतिबाट उम्कन सकिनेछ । मनोवाञ्छित सफलता हात पार्न थप मेहनतको आवश्यकता छ । कालो रंगको सवारी साधन चलाउँदा संयम अपनाउनुहोला ।

## सिंह

सिर्जनात्मक काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । प्रतिस्पर्धाको दौडमा सहपाठीहरूलाई उछिन्न सकिनेछ । आम्दानीको दिगो स्रोत फेला पर्न सक्छ । विद्वान्हरूको संगतले ज्ञानको दायरा बढाउनेछ । रमाइलो यात्रा होला । मन पर्ने साथी फेला पर्नुका साथै प्रेमको बन्धनसमेत कसिनेछ ।

## कन्या

सामाजिक कार्यमा सरिक हुँदा मन पराउने साथी फेला पर्ने सम्भावना छ । घरायसी जिम्मेवारी आइलाग्न सक्छ । भविष्यको चिन्ताले सताउनेछ भने असहज परिस्थितिबाट उम्कन थप धैर्यताको जरुरत छ । नयाँ क्षेत्रमा लगानी गर्ने अवसर जुट्न सक्छ । सप्ताहन्तमा लक्ष्य प्राप्त गर्न सकिनेछ ।

## तुला

मेहनत एवं लगनशीलताले प्रतिष्ठा दिलाउनेछ । आकस्मिक लाभ प्राप्त हुने सम्भावना छ । प्रतिस्पर्धीहरूलाई पछि पार्दै पुरस्कार प्राप्त गर्ने अवसर जुट्नेछ । मित्रहरूले महत्वपूर्ण जिम्मेवारी प्रदान गर्नेछन् । चिसो वातावरणमा स्वास्थ्यको ख्याल गर्नुहोला ।

## वृश्चिक

दिगो फाइदा हुने काम प्राप्त हुनेछ । नाम, दाम तथा इनाम हात पर्ने समय छ । खर्च भए पनि फाइदाजनक काममा लगानी होला । अप्ठ्यारो परिस्थितिसँग सम्झौता गर्नुपरे पनि लगनशीलताले लक्ष्यमा पुऱ्याउनेछ । मन मिल्ने साथी फेला पर्नुका साथै प्रेमको बन्धन समेत कसिन सक्छ ।

## धनु

कसै-कसैले मन पराइरहेको स्थिति छ । कम बोल्नु नै उपयुक्त हुन्छ । अभिभावकको समर्थन नभए पनि सामाजिक कार्यको नेतृत्वले उचाइमा पुऱ्याउनेछ । नयाँ रोजगारी पहिचान गरी सफलता हात पार्न सकिनेछ । सवारी साधन चलाउँदा स्वास्थ्यको ख्याल राख्नुहोला ।

## मकर

विद्वान्हरूको संगतमा नयाँ कुरा सिक्ने अवसर प्राप्त हुनेछ । अँटेका काममा विशिष्ट व्यक्तिहरूको सहयोग जुट्नेछ । राम्रै आम्दानी हुनेछ भने भौतिक साधनहरूसमेत जुटाउन सकिनेछ । बुधबारपछि सहयोगको नाटक गर्नेहरूले झुक्याउन सक्छन् । फजुल खर्चले चिन्ता बढाउन सक्छ ।

## कुम्भ

सुखद पारिवारिक वातावरणलाई बाहिरी कुराले खलबल्याउन सक्छ । तथ्य कुरा पत्ता लगाउन सकिनेछ । आफ्नो क्षमताबाटै जवाफदेही कार्य सम्पन्न गरी उचाइमा पुगिनेछ । प्रेमी-प्रेमिकाबीच खटपट हुनसक्छ । खानपान फेरबदल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला ।

## मीन

मेहनत गरे स्वदेशमै अवसर हात लाग्न सक्छ । डाहा गर्नेहरूले सुखद पारिवारिक वातावरण खलबल्याउन सक्छन् । काममा ढिलाइ हुँदा तर्क-वितर्कले सही मार्ग पहिल्याउनेछ । पारिवारिक सल्लाहमा अन्योल देखा पर्दा तपाईंको प्रस्ताव नै निर्णायक हुनेछ ।

**यो साता**

पुस २७ गते
पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवस

**अब हाम्रो पालो**

# युवा पलायन रोक्न के गर्नुपर्ला ?

सबैभन्दा पहिले त व्यवहारिक शिक्षा प्रणाली लागू हुनुपर्छ । रोजगारीको अवसर कृषिजन्य उत्पादनको उचित मूल्यसहितको बजार व्यवस्थापन साथै नयाँ प्रविधिको विकास एवं प्रयोग हुनुपर्छ ।

**प्रतिमा चाम्लिङ**

यसमा सरकारले नै काम गर्नुपर्छ । म २००२ अगस्टमा कतार आएको हुँ । बीच-बीचमा नेपालमै केही गर्छु भनेर कतार न छाडेको पनि होइन । उमेर र ज्यानले साथ दिँदासम्म युवाहरू विदेश पुग्छन् । यो सबै रोक्ने हो भने रोजगारीले मात्र पुग्ला जस्तो लाग्दैन, निःशुल्क शिक्षा र स्वास्थ्यको समेत ग्यारेन्टी हुनुपर्छ । होइन भने यो कुरा चुनावी नाराबाहेक केही हुनेछैन ।

**अर्सद अलि, कतार**

रणनीति यस्तो बनाउनुपर्छ कि कोही देश छोडेर जानै नसकोस् । देशमै पैसा कमाउने वातावरण तयार गर्नुपर्छ । कसैले पनि अरूको देशमा रगत, पसिना बगाउनु नपरोस् । देशभक्ति र विकासले युवाहरूलाई यसरी लिप्त बनाइयोस कि जे गर्छु आफ्नै देशमै गर्छु भन्ने भावना पलाओस् । पैसाको मूल्य बढोस् तर खाद्यान्न, रासन-पानी आदिको मूल्य कम होस् । सबैभन्दा ठूलो कुरा हाम्रो रगत पसिना बगाएर कमाएको कमाइबाट उठाइएको करले जनतालाई राहत प्रदान गरोस्, तर नेता तथा राजनैतिक पार्टीहरूको भुँडी नभरियोस् ।

**अन्जल थापा**

सरकारले रोजगारीका लागि उचित वातावरण तयार गरिदिनुपर्छ । बन्द भएका उद्योग कलकारखानाहरू खोल्न पहल गर्नुपर्छ । गरिखान खोज्नेहरूलाई सरकारले सस्तो ब्याजमा ऋण सहयोग मिलाइदिनुपर्छ । विदेश जान एयरपोर्टमा जम्मा भएका युवा-युवती हुन् वा भारततिर पलायन हुन खोज्नेहरू नै किन नहुन् । उनीहरूलाई रोकी स्वदेशमा रोजगारीका लागि सहज वातावरण स्थापित गर्ने ग्यारेन्टी दिन सक्नुपर्छ ।

**बोधनाथ पौडेल**

युवा पलायन रोक्न आकाश फोर्नु पर्दैन, तारा झार्नु पर्दैन । देशमा गरी खाने वातावरण छैन । केही गर्न खोज्यो भने उचाल्ने र पछार्ने मात्र भेटिन्छन् । सहयोग गर्ने कोही फेला पर्दैनन् । सरकारी निकायले पनि वास्ता गर्दैन । यो सब फोहोरी राजनीतिले गर्दा हो । युवा पलायन रोक्न राजनीतिले सही बाटो लिनुपर्छ ।

**कैलाश पर्वत**

यसका पछाडि एउटा असल अभिभावकको कमी देख्छु म । छोराले देशमै केही गर्छुभन्दा २०/३० लाख नपत्याउने अनि विदेश जान्छुभन्दा लोन खोजेर भए पनि पठाउने चलन छ । राज्यलाई दोष थोपर्दै हामी आफैं पनि अनेकन गल्ती गर्दैछौं ।

**दिर्घजंग थापा**

प्रयोजन हेरेर पासपोर्ट दिने व्यवस्था मिलाउनुपर्छ । जो केही महिनाभन्दा बढीलाई बाहिर जान चाहन्छ उसलाई पासपोर्ट दिन बन्द गरिनुपर्छ । युवाहरू स्वतः पलायन हुनबाट रोकिन्छन् ।

**हिमाल गौतम**

खासै ठूलो केही गर्नु पर्दैन । पहिले हामी आफैंले कामलाई सानो-ठूलो भन्नु हुँदैन । अर्को कुरा आजको भोलि नै फल नखोजी दीर्घकालीन काम गर्नुपर्छ अनि खेतीमा विशेष जोड दिनुपर्छ । काम गर्न नै नखोज्ने अनि कहाँबाट हुन्छ ? मेरो पसलमा एउटा मान्छे खोजेको अहिलेसम्म पाएको छैन के भनूँ ?

**शक्ति पाण्डे**

देशमा रोजगारीको अवसर सिर्जना गरिनुपर्छ । युवाहरूको क्षमता सदुपयोग गरी देशमा कलकारखाना बढाउन आवश्यक छ । सोर्सफोर्सको अन्त्य गरी क्षमतावान् व्यक्तिले मौका पाउन जरुरी छ ।

**वाइजरराज पाण्डे**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कर्फ्यु जारी गर्नुपर्‍यो, म्यानपावर कम्पनीमा ताला लगाउनुपर्‍यो अनि देशको सिमाना कडाभन्दा कडा गर्नुपर्‍यो । यी कुरामा ध्यान दिए युवा पलायन अवश्य रोकिन्छ ।

**नयन्द्र कुलुङ**

नेपाली युवायुवती लाई खाडि मुलुकमा निषेध नगरेसम्म र खुला भारतीय सीमा नाका बन्द नगरिएसम्म युवा पलाएन रोकिँदैन ।

**बाटो बिराएको मान्छे**




यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
१. युवा पलायन रोक्न के गर्नुपर्ला ?

**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म २२ वर्षीया विवाहित महिला हुँ । मलाई कहिल्यै यौनसम्पर्क गर्न मन लाग्दैन । त्यसले गर्दा श्रीमान्सँग झगडासमेत भैरहन्छ । यो कुनै रोग त होइन ? यो समस्या समाधान गर्न के गर्नुपर्ला ?

८५६६





### मानव यौनेच्छा

यौन चाहना मानव जीवनको अभिन्न पाटो हो । यौनेच्छा वा यौन व्यग्रता मानसिक तथा भावनात्मक जैविक व्यग्रतासँग सम्बन्धित स्वभाविक शक्ति हो । मोटामोटी रूपमा हेर्दा यौनेच्छाको सञ्चालनमा विभिन्न प्रणाली सक्रिय देखिन्छन् । एक त इन्डोक्राइन सिस्टम (endocrine system) अन्तर्गतका रागरसहरूले त्यसको सञ्चालनमा महत्वपूर्ण भूमिका खेल्छन् भने अर्कातिर ईन्द्रिय प्रणालीका साथमा स्नायुप्रणालीको पनि महत्वपूर्ण भूमिका हुन्छ । यौनेच्छा जाग्ने (विकसित हुने) वा त्यसको व्यग्रतामा रागरस अर्थात् हार्मोनको समेत महत्वपूर्ण भूमिका हुन्छ । यौन क्रियाकलापमा भन्दा टेस्टेस्टेरोनले यौनेच्छा वा यौन व्यग्रतालाई बढी प्रभाव पार्छ । महिलामा पनि टेस्टेस्टेरोनले नै यौनेच्छा वा यौन व्यग्रताका लागि महत्वपूर्ण भूमिका खेल्छ । हाम्रा इन्द्रियहरूले अनुभव गर्ने दृष्टि, स्पर्श, ध्वनि, गन्ध र स्वादसँग यौनसम्पर्क वा यौनेच्छा पनि जोडिएको हुन्छ । यौन उत्तेजनाको स्रोत जे-सुकै भए पनि अन्तिम रूपमा त्यसलाई अर्थ लगाउने र बुझ्ने कुरा मस्तिष्कले नै गरिरहेको हुन्छ । यौनसम्बन्धी हाम्रा भावना पनि मस्तिष्कबाटै सुरु हुन्छन् ।

### यौनेच्छा कमी

हामीलाई थाहा भएकै कुरा हो, सबै व्यक्तिमा एकैनासको यौनेच्छा हुँदैन, कसैमा बढी हुन्छ भने कसैमा कम । त्यसैगरी कुनै एक व्यक्तिमा पनि सधैं एकनासको यौनेच्छा हुँदैन । यसैगरी कतिपयलाई यौनसम्पर्क राख्न मन नलाग्ने स्थिति हुन सक्छ अर्थात् कम यौन इच्छा (hypoactive sexual desire) को स्थिति हुन्छ । यस्तो स्थितिमा यौनसम्पर्क राख्ने चाहना, यौन परिकल्पना वा यौन क्रियाकलाप महिनाको दुई पटकभन्दा कम भएको अवस्थालाई जनाउँछ, तर यसो भन्दैमा महिनामा एकपल्ट मात्र यौनसम्पर्क राख्ने जोडीलाई समस्याबाट पीडित भनिहाल्न मिल्दैन, यदि दुवै जना यसमा सन्तुष्ट छन् भने । त्यसैले कतिपय यौन विशेषज्ञ त्यति बेलासम्म यौन इच्छा कम भएको मान्दैनन् जबसम्म यो कुराले कुनै जोडीलाई समस्यामा पारेको हुँदैन वा व्यवहारमा खासै कुनै परिवर्तन देखिँदैन । तपाईंको स्थिति यस्तै हो कि होइन, आँकलन गरिसक्नुभएकै होला । तपाईंको सन्दर्भमा श्रीमान्सँगको झगडाले तपाईंहरू यसमा सन्तुष्ट हुनुहुन्न भन्ने कुरा स्पष्ट भैसकेको छ ।

### कतै यो अ-यौनिकता त होइन ?

सबैजसो व्यक्ति जीवनको कुनै न कुनै समयमा यौनसम्बन्धी कार्यमा आकर्षित हुन्छन् वा यौन क्रियाकलापमा संलग्न हुन चाहन्छन्, तर सबैमा यस्तो हुँदैन । मानव यौनिकताको अर्को पक्ष के पनि हो भने थोरै व्यक्तिमा हुने भए पनि ऊ यौनसम्बन्धी क्रियाकलापमा आकर्षित हुँदैन र त्यसमा संलग्न हुन चाहँदैन । यस्तो स्थितिलाई हामी 'अ-यौनिकता' भन्न सक्छौं । यो स्थितिमा व्यक्ति कसैप्रति पनि यौन रूपमा आकर्षित हुँदैन र यौन क्रियाकलापमा संलग्न पनि हुँदैन । अंग्रेजीमा यसमा Asexuality वा Non-sexuality भन्ने शब्दको प्रयोग हुन्छ । कतै तपाईंमा यस्तै यौनिक स्थिति त छैन, निर्क्योल गर्नुपर्छ ।

यौनसम्पर्क नराख्नु र ब्रह्मचर्यको पालना गर्नु अयौनिकता होइन । यो यौन परिचयभित्र देखि नै निर्देशित हुन्छ र प्राकृतिक रूपमै भित्रैबाट यसका लागि इच्छा हुँदैन । भनिन्छ, यसलाई व्यक्तिले चाहेर बन्द वा सुरु गर्न सक्दैन, अर्थात् यो रहरमा हुने कुरा होइन । इच्छा वा आकर्षण नभए पनि यौन क्रियाकलापमा संलग्न भएको घटना भने हुन सक्छ । यस्तो सामाजिक दबाबका कारणले, आफ्नो यौनसाथीको इच्छाका कारणले वा सन्तान जन्माउनका लागि हुन सक्छन् । कतिपय स्थितिमा अ-यौनिक स्थितिको निदान व्यक्ति आफैंले गरेको पाइन्छ, जुन आफैंमा सही नहुन सक्छ । अर्कातिर कतिपयले यस्तो स्थिति हुन्छ भन्नेसम्म विश्वास गर्दैनन् र यसलाई कुनै किसिमको अप्राकृतिक स्थितिसँग जोड्छन् । तपाईंमा त्यस्तो स्थिति छ कि छैन, विचार गर्नुहुन अनुरोध छ, जसले गर्दा समस्या पहिचान गर्न सकियोस् ।

### असमान यौनेच्छा

दम्पती वा जोडीमध्ये एकलाई बढी यौनेच्छा हुनु र अर्कोलाई कम हुनुलाई अनमेल वा असमान यौनेच्छा (mismatched libido) भनिन्छ । यसले वैवाहिक तथा यौन जीवनमा अनेकन असजिलो सिर्जना गर्छ । धेरैजसो स्थितिमा यस्तो अनमेल हुनुको दोष आफ्नो यौनसाथी वा श्रीमान् वा श्रीमतीलाई दिइएको पाइन्छ । त्यसबाहेक महिलामा यौन चाहना नै कम भएको हुन सक्छ भने अर्कातिर त्यसका अन्य कारण पनि हुन सक्छन् । ती कारण शारीरिक, मानसिक वा दुवै हुन सक्छन् । यौनेच्छा भए पनि अन्य कारणजस्तै कि शारीरिक (यौनसम्पर्क राख्दा पीडा हुने, कुनै रोगव्याधि लागेको वा थकान) वा मानसिक (चिन्ता, तनाव, भय) जस्ता अनेक कारणले स्थिति नकारात्मक हुन सक्छ । अर्कातिर तपाईं र श्रीमान्को सम्बन्ध तनावपूर्ण भएको स्थितिमा पनि यौन चाहनामा नकारात्मक असर पर्छ ।

### समाधानका कुरा

केही मात्रामा यौनेच्छा असमान हुनु वा यो घटबढ हुनुलाई स्वीकार गर्नु नै उपयुक्त हुन्छ । त्यसबाहेक वास्तविक रूपमै यौनेच्छा नभएको स्थितिमा चिकित्सकको सहयोग लिनु आवश्यक छ । औषधीको प्रभावले यौनेच्छा कम भएको भए वैकल्पिक औषधी सेवन गर्न सकिन्छ । अर्कातिर यस्तो स्थितिमा केही औषधी प्रयोग गर्न सकिन्छ, जुन् अवस्था हेरी चिकित्सकले सिफारिस गर्न सक्नुहुन्छ । त्यसबाहेक यसका शारीरिक वा मानसिक कारण भए कारण हेरी समाधान खोज्दै त्यसलाई कम गर्नुपर्छ ।

झगडाले कुनै पनि समस्या समाधान गर्दैन । तनावपूर्ण स्थितिको सामना गर्न मनोचिकित्सा आवश्यक पर्न सक्छ ।

यो सन्दर्भमा तपाईं र तपाईंको श्रीमान् आफ्नो सम्बन्धलाई जोगाउन कत्तिको समर्पित हुनुहुन्छ र कुन हदसम्म त्याग गर्न सक्नुहुन्छ भन्ने कुरा पनि निकै महत्वपूर्ण छ ।

## महिला स्वास्थ्य






डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

सामान्यत: १३-१५ वर्षको उमेरसम्ममा हरेक किशोरीमा महिनावारी सुरु हुन्छ । यही उमेरसम्ममा महिनावारी सुरु हुनैपर्छ भन्ने छैन । तपाईंको उमेर २० वर्ष पुगेर पनि महिनावारी नहुनु सामान्य नहुन सक्छ । यद्यपि महिनावारी सुरु भएन भनेर आत्तिहाल्नु भने पर्दैन । महिनावारी नहुने यस किसिमको समस्यालाई प्राइमरी एमोनेरिया भनिन्छ । समयमा महिनावारी सुरु नहुने कारण थुप्रै छन् । महिनावारी गराउने तथा सन्तुलन कायम राख्ने संरचना (हाईपोथालामो-पिट्युटरी-ओभरिएन एक्सिस) मा आएको सामान्य गडबडीले पनि महिनावारी रोक्न सक्छ । कसै-कसैमा क्रोमोजोमको खराबी, पाठेघर वा योनीमार्गको बनोट तथा विकासमा अवरोधले गर्दा पनि महिनावारी नभएको हुन सक्छ । कुन कारणले महिनावारी नभएको हो पत्ता लगाउनुपर्छ । महिनावारी नहुने सबै महिलाले सन्तान जन्माउन सक्छन् भन्न सकिँदैन, तर कारण पत्तालगाएर उपचार गरेको खण्डमा धेरैले सन्तान लाभ गर्न सक्छन् ।






# ईपीएल धमाका

ट्वान्टी-२० क्रिकेट जुन कारणले लोकप्रिय छ, ती सबै दृश्य देख्न पाइयो, यसपटकको एभरेस्ट प्रिमियर लिग (ईपीएल) मा। अनिश्चितता, विस्फोटक ब्याटिङ, ग्ल्यामरसँगै विवाद, ईपीएलले सबै कुरा समेटेको थियो। नेपाली घरेलु क्रिकेट इतिहासमै यति भव्य र सफल प्रतियोगिता विरलै भए, जति भए, तीमध्ये सबैभन्दा अब्बल यसपटकको ईपीएल नै रह्यो। यस्तोमा नेपाली क्रिकेट इतिहासकै कोसेढुंगाका रूपमा प्रस्तुत भयो वर्ष २०१७ को ईपीएल।

प्रतियोगिताको प्रशंसा नगर्ने कोही थिएनन। फाइनल पनि उत्तिकै गज्जब रह्यो। मैदानबाहिर यसपटकको फाइनलको सबैभन्दा ठूलो विशेषता रह्यो, टिकट काटेर क्रिकेट हेर्न त्रिभुवन विश्वविद्यालयको कीर्तिपुरस्थित मैदान पुगेका दर्शक। त्यहाँ दर्शक यति धेरै संख्यामा थिए कि तिनलाई नियन्त्रण गर्नसमेत सम्भव थिएन। मैदानभित्र भने फाइनलमा ट्वान्टी-२० क्रिकेटका सबै मसला भरिभराउ थिए। विजेता रह्यो, विराटनगर वारियर्स र उसको जितको अन्तर थियो, केवल एक रन।

फाइनलमा विराटनगरसमक्ष भैरहवा ग्लाडियटर्सले राम्रै चुनौती दिएको थियो, खेलको अन्तिम बलसम्म पनि, तर प्रतियोगिताको वास्तविक विजेता रह्यो, विराटनगर। पुरा प्रतियोगितामा विराटनगर कुनै पनि खेलमा पराजित भएन, यस प्रकारले उपाधिसम्मको उसको यात्रा अपराजित रह्यो। प्रतियोगितामा विराटनगरले भैरहवालाई लगातार तीन खेलमा हरायो, फाइनलसँगै पहिलो क्वालिफायर र लिग चरणमा। यस्तोमा उपाधिमाथि विराटनगर नै असली हकदार थियो।

६ टिम सम्मिलित प्रतियोगिताको लिग चरणको समाप्तिमा यिनै दुई टिम शीर्ष स्थानमा थिए। पारस खड्काको नेतृत्वमा रहेको विराटनगर मात्र होइन, शरद भेषवाकरको कप्तानीमा रहेको भैरहवा पनि फाइनल यात्राका लागि उत्तिकै हकदार थियो। भैरहवाका लागि खराब संयोग के रह्यो भने उसले खाली एउटै टिमविरुद्धको खेल गुमाएको थियो र त्यो अरू कोही नभएर विराटनगर थियो।

सबैभन्दा महत्त्वपूर्ण तथ्य, यो प्रतियोगिताले नेपाली क्रिकेटलाई के दियो त? पहिलो उपलब्धि, नेपालमै पनि यत्तिको भव्य प्रतियोगिता हुन सक्ने रहेछ अनि क्रिकेटलाई प्रायोजक खोज्न पनि गाह्रो नहुने रहेछ। न त समस्या सहभागी फ्रान्चाइजी टिमकै थियो। सहभागी प्रत्येक टिमले कम्तीमा १ करोड रुपैयाँको हाराहारीमा खर्च गरेका थिए। यद्यपि स्पष्ट तथ्यांक त छैन, तर तय छ, खेलाडीका लागि प्रत्येक टिमले खर्च गर्न लोभ गरेनन्।

दोस्रो उपलब्धि, प्रतियोगिताका क्रममा नेपाली क्रिकेटले आफ्नो स्तर जाँच्ने अवसर पायो। यसपटकको प्रतियोगितामा सफल रहने लगभग सबै खेलाडी विदेशी थिए। विराटनगर र भैरहवाको प्रदर्शनमा विदेशी खेलाडीको ठूलो प्रभाव थियो। तिनको प्रदर्शनका अगाडि नेपाली राष्ट्रिय खेलाडी फिक्का देखिए। केही खास खास नाम चलेका नेपाली खेलाडी त नराम्रोसँग असफल भए। तीमध्ये अधिकांशले आफूलाई ट्वान्टी-२० क्रिकेटअनुरूप ढाल्न सकेनन्।

प्रस्ट छ, नेपाली क्रिकेटले आफूलाई सुधार्नुपर्ने ठाउँ अझ धेरै छ र यो नै प्रतियोगिताले नेपाली क्रिकेटलाई लगाएको ठूलो गुन हो। तय छ, अहिलेको राष्ट्रिय टिमका अधिकांस खेलाडीले आफूलाई निकै सुधार्नुपर्नेछ, होइन भने उनीहरू विस्थापित हुनेछन्। प्रतियोगिताको अर्को ठूलो उपलब्धि हो, पुराना खेलाडीको स्थान लिन निकै प्रतिभाशाली खेलाडीको जमात तयार हुनु, नेपाली क्रिकेटले अब प्रतिभाशाली खेलाडीका लागि रुनु पर्दैन।

## उत्कृष्ट ब्याट्सम्यान



**बाबर हयात,** विराटनगर

ईपीएल २०१७ लाई कुनै एक खेलाडीका लागि पछिसम्म पनि सम्झना गरिनेछ भने ती हुन्– बाबर हयात। उनी हङकङ क्रिकेट टिमका कप्तान हुन्। विराटनगरले उपाधि चुम्नुका पछाडि लयमा रहेका यिनै ब्याट्सम्यानलाई आफ्नो टिममा ल्याउन सक्ने बुद्धिमतापूर्ण कदमको प्रमुख भूमिका थियो। नभन्दै उनले प्रतियोगितामा ३ सय १३ रन बनाए र यो नै कुनै ब्याट्सम्यानको ब्याटबाट निस्किएको सबैभन्दा बढी रन रह्यो। बाबरले सात खेलमा तीन अर्धशतक बनाए, जसमा उच्च स्कोर रह्यो, ८१। प्रतियोगिताको अन्त्यमा उनको भनाइ थियो– मेरा लागि ईपीएल खुबै फाप्यो, म अर्को वर्ष पनि खेल्न आउनेछु।

## उत्कृष्ट बलर

**वसन्त रेग्मी,** विराटनगर

जहाँ वसन्त रेग्मीका प्रमुख साथी खेलाडी असफल रहे, ठीक त्यहीं यी स्पिनरले आफू अझै उत्तिकै सटिक रहेका सिद्ध गरे। नेपाली क्रिकेटका लागि उनको हैसियत भेट्रान खेलाडीका रूपमा छ, तैपनि उनको आक्रमण अझै सटिक छ। त्यसैले त वसन्त प्रतियोगिताकै उत्कृष्ट बलर सावित भए र उनले त्यसका लागि १२ विकेट लिए। त्यसो त पोखरा राइनोजका पाकिस्तानी बलर इस्राल उल्लजरले पनि १२ विकेट लिए, तर उनको प्रदर्शन आफ्नो टिमका लागि निर्णायक सावित हुन सकेन, जति वसन्तको प्रदर्शन विराटनगरका लागि रह्यो।



## उत्कृष्ट फिल्डर



**अनिल साह,** विराटनगर

त्यसै भनिएको होइन, क्याचेस विन द म्याचेज भनेर। ब्याट्सम्यान र बलरले जति मैदानमा योगदान दिन सक्छन्, उत्तिकै योगदान कुनै पनि खेलाडीले फिल्डरका रूपमा समेत दिन सक्छन्। यस्तोमा यसपटकको ईपीएलको एउटा ठूलो विशेता रह्यो, विराटनगरका अनिल साहको उत्कृष्ट फिल्डिङ। अहिलेको प्रदर्शनका आधारमा अनिललाई नेपालको अहिलेको पुस्ताका सबैभन्दा उम्दा क्याचर भने पनि हुन्छ। विश्वास नहुन सक्छ, उनले पूरा प्रतियोगितामा १२ वटा क्याच समाते, अर्थात् सात खेलमा यो उपलब्धि। ती एक दर्जन क्याचमध्ये अनिलले बाउन्ड्री नजिक लिएका दुई क्याचको जति प्रशंसा गरे पनि कम हुन्छ।

फल्यासब्याक-२०१७

# चर्चित दस खेलाडी







**रोजर फेडेरर,** टेनिस

धेरैको अनुमान थियो, अब रोजर फेडेरर पहिलेको जस्तो रहेनन् । उनमा ग्रान्ड स्लाम जित्ने क्षमता र आत्मविश्वास दुवै बाँकी छैन, तर यी स्विस खेलाडीले त्यसलाई गलत सावित गरे र सन् २०१७ मा आफूलाई विश्व टेनिस इतिहासकै महान् खेलाडी प्रमाणित गरे । यो वर्ष फेडेररले अविश्वसनीय रूपमा दुई ग्रान्ड स्लाम जिते, अस्ट्रेलियन ओपन र विम्बल्डन । पूरा वर्ष उनी विरलै पराजित भए । सबैले विश्वास गुमाइसकेको स्थितिमा फेरि उत्कृष्ट लयमा फर्कनुलाई उनको अनुपम पुनरागमन मानिएको छ ।

**राफेल नाडाल,** टेनिस

रोजर फेडेररकै समकालीन खेलाडी हुन्– राफेल नाडाल । उनका लागि पनि सन् २०१७ सम्भनालायक रह्यो । यी स्पेनी खेलाडीको खेलको सबैभन्दा ठूलो विशेषता हो, रातो माटोमा उत्कृष्ट खेल्ने । त्यसैले उनी फ्रेन्च ओपनमा अत्यधिक सफल छन् । यसैक्रममा उनले यो वर्ष दसौं पटक फ्रेन्च ओपन जिते । नाडाल पनि अब पुराना खेलाडी भैसकेको धेरैको दाबी थियो । उनले उक्त भ्रमलाई मज्जाले तोडे । 'किंग अफ क्ले' उपनाम पाएका नाडालले यो वर्ष यूएस ओपन समेत जिते । यसै वर्ष नाडाल फेरि एकपटक एटीपीको नम्बर १ खेलाडी बने ।

**सेरेना विलियम्स,** टेनिस

कुनै समय थियो, महिला टेनिसका सफलतम खेलाडीमा जर्मनीकी स्टेफी ग्राफको नाम लिइन्थ्यो र दाबी गरिन्थ्यो, उनी जत्तिको सफल खेलाडी अब देखापर्ने छैनन् । त्यसलाई गलत सावित गरेकी छिन्, अमेरिकी अश्वेत खेलाडी सेरेना विलियम्सले । सन् २०१७ को पहिलो ग्रान्ड स्लाम अस्ट्रेलियन ओपन जितेर उनले नयाँ कीर्तिमान बनाइन् र त्यो थियो, २३ औं ग्रान्ड स्लाम उपाधिको उपलब्धि । त्यसक्रममा सेरेना ग्राफले जितेको ग्रान्ड स्लाम उपाधिको संख्यालाई उछिन्न समेत सफल भइन् । त्यसयता उनी गर्भवती भएकीले कोर्टमा देखा परिनन् ।

**क्रिस्टियानो रोनाल्डो,** फुटबल

सन् २०१७ मा कुनै एक खेलाडी फुटबलको मैदानमा निकै चम्किए भने उनी हुन्– पोर्चुगाली खेलाडी क्रिस्टियानो रोनाल्डो । रियलले सन् २०१७ मा अनेकन सफलता हात पार्‍यो, ला लिगादेखि युरोपेली च्याम्पियन्स लिगसम्म । ती सबै सफलतामा रोनाल्डोको व्यक्तिगत प्रदर्शनको ठूलो भूमिका रह्यो । त्यसैले त उनी फिफा मात्र होइन, बेलन डे अरमा समेत उत्कृष्ट खेलाडी चुनिए । रियलका प्रशिक्षक जिनेदिन जिदानको दाबी अनुसार विश्व फुटबल इतिहासकै एक महान खेलाडी हुन्– रोनाल्डो ।

**लियोनल मेसी,** फुटबल

अर्जेन्टिनाका लियोनल मेसी पनि सन् २०१७ मा लगातार चर्चामा रहे । मेसीलाई पनि विश्व फुटबलले पाएको अहिलेसम्मकै उत्कृष्ट खेलाडी मान्नेहरू प्रशस्तै छन् । उनकै नेतृत्वमा यो वर्ष बार्सिलोनाले फेरि एकपल्ट अब्बल दर्जाको फुटबल खेल्न थालेको छ । अर्कातर्फ अर्जेन्टिना उनकै नेतृत्वमा विश्वकपमा छनौट हुन सफल भयो । पेरुविरुद्धको अन्तिम छनौट खेलमा उनले सिद्ध गरे, मेसी किन वास्तवमै उत्कृष्ट खेलाडी हुन् भन्ने कुरा ।

**नेयमार,** फुटबल

फुटबलमा अब्बल दर्जाको खेलाडीको मूल्य कतिसम्म हुन सक्छ ? सन् २०१७ ले यसको उत्तर पायो र त्यसक्रममा खेलाडी स्थानान्तरको नयाँ कीर्तिमान बन्यो– ब्राजिलीयन स्ट्राइकर नेयमारको नाममा । बार्सिलोनाका नेयमारका लागि फ्रान्सको पेरिस सेन्ट जर्मेन (पीएसजी) ले अविश्वसनीय रूपमा २६ करोड ३० लाख डलर तिरेको थियो । यसअघि उक्त रकमको आधामा विश्व कीर्तिमान बनेको थियो । त्यसअघि नेयमार र बार्सिलोनाबीचको भगडाले पनि उत्तिकै चर्चा पायो ।

**स्टिभ स्मिथ,** क्रिकेट

अस्ट्रेलियाली टेस्ट क्रिकेटका कप्तान हुन्– स्टिभ स्मिथ । उनकै नेतृत्वमा अस्ट्रेलियाले सन् २०१७ मा फेरि एकपल्ट एसेज सिरिज जितेको छ । पाँच टेस्टको सुरुवाती तीन खेल लगातार जितेर अस्ट्रेलियाले एसेज जितेको हो । यो सफलताका पछाडि सबैभन्दा ठूलो भूमिका रह्यो, यिनै स्मिथको । उनी टेस्ट वरियताका नम्बर १ ब्याट्समयान हुन् र उनले आफ्नो प्रतिष्ठाअनुसार सुरुवातका तीनवटै टेस्ट निकै राम्रो खेले । अहिलेको पुस्ताका खेलाडीमध्ये टेस्टमा सबैभन्दा राम्रो औसत उनकै छ । त्यसैले उनलाई महान् डन ब्रेडम्यानपछि सबैभन्दा राम्रा ब्याट्सम्यान मान्नेहरू पनि उत्तिकै छन् ।

**विराट कोहली,** क्रिकेट

सन् २०१७ मा क्रिकेटका सबैभन्दा ठूला नाममा रहे, भारतीय कप्तान विराट कोहली । भारत अहिले टेस्ट, वान डे र ट्वान्टी ट्वान्टी सबै किसिमका क्रिकेटमा लयमा छ र त्यस क्रममा टिमका तर्फबाट लगातार माथिल्लो दर्जाको खेल प्रदर्शन गर्ने खेलाडी हुन्– कोहली । कुनै समय थियो, विश्व क्रिकेटका सबै कीर्तिमान सचिन तेन्दुलकरको नाममा हुन्थ्यो । अचेल त्यही चर्चा कोहलीको नाममा हुन्छ । उनी गज्जबका ब्याट्सम्यानका साथै उत्तिकै आक्रामक कप्तान पनि हुन् । यो वर्ष उनी निकै चर्चामा रहनुको अर्को एउटा कारण थियो– बलिउड अभिनेत्री अनुष्का शर्मासँगको विवाह ।


**लेविस ह्यामल्टन,** फर्मुला वान

फर्मुला वानले अहिलेसम्म देखेका महान ड्राइभरमा बेलायती लेविस ह्यामल्टनको पनि नाम आउँछ ? सन् २०१७ ले यसको उत्तर दिएको छ । ३२ वर्ष पुगेका ह्यामल्टनका लागि यो वर्ष निकै राम्रो रह्यो र यसक्रममा उनले जिते, चौथो पल्ट विश्व च्याम्पियनसिप । फर्मुला वान इतिहासमै उनी सबैभन्दा बढी ७२ पल्ट पोल पोजिसन जित्ने खेलाडी हुन् । माइकल सुमेकरपछि फर्मुला वानलाई वास्तवमै कुनै ठूला स्टार खेलाडीको आवश्यकता थियो र त्यसका लागि ह्यामल्टन राम्रो विकल्प हुन सक्छन् ।

**लिके मार्टेन्स,** फुटबल

पुरुष फुटबलमा क्रिस्टियानो रोनाल्डो र लियोनल मेसीजस्तै नाम हुन्, महिला फुटबलमा लिके मार्टेन्स । सन् २०१७ उनका लागि पनि निकै सुखद रह्यो । नेदरल्यान्ड्सले यो वर्ष वुमेन्स युरोपेली च्याम्पियनसिप जित्यो र त्यसमा सर्वाधिक राम्रो खेलाडी चुनिइन्, मिडफिल्डर मार्टेन्स । त्यसैले त फिफालाई पनि मार्टेन्सलाई यो वर्षको उत्कृष्ट खेलाडी घोषणा गर्न गाह्रो भएन् । नेदरल्यान्डलाई महिला फुटबलमा सर्वाधिक बलियो बनाउनमा उनको ठूलो भूमिका छ । लिके बार्सिलोनाको महिला टिमबाट पनि खेल्छिन् । खेलका क्रममा बलमाथि पूर्ण नियन्त्रण राख्नु उनको सबैभन्दा ठूलो विशेषता हो ।
















मुक्त आकाश



# कसरी जोडिन्छ देश ?

अविरल थापा

राष्ट्रनिर्माताको उपाधि दिइएका राजा पृथ्वीनारायण शाहले नेपाललाई चार जात छत्तीस वर्णको फूलबारी भनेका छन् । यो वाक्यले नेपालको विविधता र मेलमिलापलाई दर्साउँछ । यद्यपि के उनले भने जस्तै यो देशको विविधता र मेलमिलाप उस्तै बलियो र सुन्दर छ ?

नेपालको गणतन्त्रमा भएको प्रवेश, नयाँ संविधान र हालै सम्पन्न निर्वाचनले यो देश ७ प्रदेशमा विभाजित भएको छ । सबै प्रदेशका आ-आफ्नै विशेषता, सहजता तथा कठिनाइहरू छन् । स्रोत र साधन, जातीय विविधता, शिक्षा र चेतनाको स्तर फरक-फरक छन् । एक प्रदेशले अर्को प्रदेशसँग कार्यगत एकता नगरी विकासको कल्पनासम्म गर्न सकिँदैन । विकासको कुरामा प्रतिस्पर्धा गर्दै एक अर्काको अस्तित्व स्वीकार गर्दै अघि बढे मात्र सबै प्रदेशले जनताको अपेक्षाअनुरूप फडको मार्न सक्नेछन् । अनावश्यक विवाद र किचलो, जातीय संकीर्णता, धर्म-संस्कृतिको अवमूल्यन आदिमा फस्ने हो भने संघीयताको किचलोले देशलाई बिग्रहको सँघारमा नपुर्‍याउला भन्न सकिँदैन । नेपालको जातीय विविधता एवं अनेक धर्म-संस्कृति नै हाम्रा विशेषता र पहिचान हुन् । यति सानो देशमा पाइने यति धेरै भौगोलिक एवं सांस्कृतिक विविधता सायदै अरू देशमा होला ।

मुलुक संघीयतामा गैसकेको परिप्रेक्ष्यमा अब हाम्रा कला धर्म एवं संस्कृति, पहिचान र सिंगो मुलुकलाई नै एक र मजबुत बनाउन के गर्न सकिएला ? धर्म र पहिचानका ठेकेदारहरूले कोरा राजनीति गरेर हिंसा र वैमनस्यता बढाउनुको साटो के चाहिँ गरिदिए सकारात्मक परिवर्तन देखिने थियो ? पुरानो पुस्ताले नयाँ पुस्तालाई आफ्नो पहिचानको नासो सुम्पन सके दीर्घकालसम्म आफ्नोपन जोगिन सक्छ । वर्षको एक दिन वा एक साता त हामीले कर्मकाण्ड गरेका छौं त्यसले संस्कृतिको जगेर्ना कम फेसन बढी देखाउँछ । एकदिन लगाए वा मनाए पुग्ने रै'छ भन्ने छाप नयाँ सन्ततिमा पर्न जान्छ । त्यसको साटो अबको नयाँ संरचनाको नेपालमा कम्तीमा साताको एक दिन जो-जो जुन जात धर्म र संस्कृतिका मानिस हौं सबैले आफ्ना मौलिक पहिरन लगाएर स्कुल-कलेज, मेलापात वा कार्यालय जान अनिवार्य गरौं । कम्तीमा वर्षको ५२ हप्ता हाम्रो देश झिलीमिली देखिनेछ । हाम्रो देश घुम्न आउने पर्यटकले नेपालको मौलिकता र विविधता देख्न पाउनेछन् । घरका बालबालिकाहरूमा आफ्नो पहिरनमा रुचि बढ्नेछ । सबैका घरमा हप्ताको एकदिन आफ्ना जातीय तथा स्थानीय खानेकुरा पाकोस् । नयाँ पुस्ताले जानेको छैन भने सिकाएर सीप हस्तान्तरण गरौं । कम्तीमा आफ्नो छुट्टै भाषा छ भने घरमा बोलौं । छर-छिमेकमा बहुभाषी, फरक संस्कृतिका मानिस बसेका छौं भने एक अर्कालाई हेप्ने होइन सम्मान गर्दै एक अर्काको भाषा सिकौं, खानेकुरा चाखौं, बनाउन सिकौं, एक-अर्काको चाडबाडमा निम्तो दिएर सामूहिक रूपमा उत्सव मनाऔं ।

सबै भाषा, धर्म एवं वर्गका बेग्लाबेग्लै विशेषता र सीमितता छन् । हामी कोही पनि कोहीभन्दा ठूला र साना होइनौं । हामी एउटै देशका समान हैसियत र अधिकार भएका नागरिक हौं भन्ने भावनाको विकास हुन सके हामीलाई कसैले लडाउन र छुटाउन सक्नेछैन । आफ्नो देशमा बसेर अरूका लागि दलाली गर्ने र हिंसा मच्चाउन खोज्ने राष्ट्रघातीहरूको पहिचान गरी निर्मूल पार्ने काम हाम्रै हो । एकताको नारा लगाउँदैमा, वर्षको एकदिन चर्को भाषण गर्दैमा देश जोडिँदैन । एउटा भूगोलकाले अर्को भूगोलको, एउटा धर्म र जातकाले अर्काको अस्तित्वको सम्मान गर्दै हातेमालो गर्न थाले यो देशको सुन्दरता र एकता सदैव अक्षुण रहनेछ ।

के हामी सबैमा आफ्नो पहिरन, धर्मसंस्कृति, परम्परा, परिकार एवं मौलिकता जगेर्ना गर्ने चेत छ ? के हामी हप्ताको एक दिन आफ्नो पहिचान झल्काउँदै घरबाट निस्कन सक्छौं ? के हामीमा फलानो जातको भन्दा पनि यो देशको नागरिक हौं भन्ने भावना छ ? के हाम्रो मनमा अझै नेपालीपन जिउँदै छ ? के जहाँ गए पनि हामी टाउकोमा देश बोकेर हिँडिरहेका छौं ?

एकफेर सबैले ऐनामा अनुहार हेरौं त, के हामी नेपालीजस्तै देखिन्छौं ?

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa

VACANCY ANNOUNCEMENT
MSI Pvt. Ltd. कम्पनी बिस्तारको लागि विभिन्न पदमा कर्मचारीहरुको तुरुन्त आवश्यकता
संख्या: 12-Female / 5-Male
पद
•Accountant : 2 (Female)
•Receptionist : 2 (Female)
•HRA : 2 (Female)
योग्यता: SLC, +2-Above
तलब: 8,250/- (योग्यता अनुसार Fix Salary)
सुबिधा: TA, संचयकोष, Permanent को Change
MSI Pvt. Ltd. Company
सामाखुशी (मुख्य कार्यालय) 9809403955 9818310837
कोटेश्वर 9843197516
नोट: बुझ्न आउँदा डकुमेन्ट अनिबार्य

# पापराजीमा फेसन नाइट



नयाँ वर्षको स्वागतका लागि अधिकांश स्थानमा डान्स पार्टी आयोजना भैरहेको बेला सानेपाको एउटा रेस्टुराँमा भने व्यवसायिक मोडलहरू फेसन शोका लागि तम्तयार थिए । राति ८ बजेपछि मिस नेपाल-२०१२ माल्भिका सुब्बाको प्रशिक्षणमा झन्डै एक दर्जन मोडल फेसन डिजाइनरद्वय अनुग्र अधिकारी तथा सुचित्र श्रेष्ठले तयार पारेका पहिरनसहित र्‍याम्पमा प्रस्तुत भए । पापराजी रेस्टुराँमा आयोजित एनवाईई फेसन नाइट आउटलाई तीनवटा सिक्वेन्समा विभाजन गरिएको थियो । फेसन शोमा डिजाइनरहरूले इभिनिङ गाउन तथा कक्टेल पहिरनलाई प्राथमिकता दिएका थिए । फेसन शोमा कोरियोग्राफर माल्भिका सुब्बा नै शोस्पटरका रूपमा प्रस्तुत भएकी थिइन् ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**